# दूरेनिदानकथा

सम्पादक तथा अनुवादक

भिक्षु बोधिसेन महास्थविर

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# दूरेनिदानकथा


सम्पादक तथा अनुवादक

भिक्षु बोधिसेन महास्थविर


Downloaded from http://dhamma.digital/

प्रकाशिका:

**उपासिका छलमाया मानन्धर**

कोबहा, बनेपा, (काभ्रे)

पहिलो संस्करण १००० प्रति

बुद्ध सम्वत् २५५३

नेपाल सम्वत् ११२९

बिक्रम सम्वत् २०६६

ईस्वी सम्वत् २००९

**यो पुस्तक धम्मदानको निम्ति हो ।**
**बिक्रीको लागि होइन ।**

कम्पूटर सेटिङ्ग :

**भिक्षु बोधिसेन महास्थविर**

मुद्रक :- **शुभकामना प्रिन्टिङ्ग प्रेस**

केलटोल, मासंगल्ली

फोन नं. ४२३२१२४

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# अनुवादकका प्रकाशित कृतिहरू

## नेपाल भाषामा

१) त्रिरत्न वन्दनामाला
२) दो.सं. त्रिरत्न वन्दनामाला
३) स्वपू जातक बाखँ
४) तथागतया उपदेश
५) पेतवत्थु
६) थेर-गाथा

## नेपाली भाषामा

१) कृष्णायन गोत्रको उत्पत्ति
२) थेरी-गाथा प्र.भा.
३) थेरी-गाथा दो.भा.
४) बोधि कथा
५) जातक कथा
६) अङ्गुत्तरनिकाय प्र.भा.
७) अङ्गुत्तरनिकाय दो.भा.
८) थेरी-गाथा दो.सं.
९) दूरेनिदानकथा
१०) अङ्गुत्तरनिकाय तेश्रो भाग प्रकाशनको प्रतिक्षामा

Downloaded from http://dhamma.digital/

## समर्पणः

बोधिचर्या विहारका सक्रिय उपासक

दिवंगत तिर्थ मानन्धरको पुण्य स्मृतिमा

- अनुवादक

Dhamma.Digital

Downloaded from http://dhamma.digital/



# दिवंगत

## न्हुछे पुखुचा मानन्धर

जन्म मिति ११९२ बैशाख शुक्लपक्ष पञ्चमी

दिवंगत मिति २०६२ मिलापुन्हि माघ १ गते

Downloaded from http://dhamma.digital/

# दुई शब्द

दूरेनिदानकथा विपश्यना विशोधन विन्यास र दि कारपोरेट बाँडी आँफ दि बुद्ध एज्युकेशनल फाउंडेशन प्रकाशक तथा सह-प्रकाशक भई निस्किएको खुद्दकनिकायको जातक–अट्ठकथा अन्तर्गत पालिबाट लिएर अनुवाद गरेको हुँ । यस दूरे निदान कथामा गौतम बुद्धको चार असंख्य एकलाख कल्प पहिलेका कुरा अर्थात पूर्व जन्मसंग सम्बन्धित विषय वस्तुलाई लिएर संकलित गरिएको कथाहरु हुन् । विषेश गरी दीपङ्कर बुद्धको सम्मुखमा आफू सुमेध तपस्वी (बोधिसत्व) हुँदा आफू पनि भविष्यतमा बुद्ध हुन सकुं भनी प्रार्थना गर्नु भएको थियो । वहाँको प्रार्थना पूर्ण हुने भविष्यत वाणी दीपङ्कर बुद्धबाट श्रवण गरेपछि, दस पारमिता पूर्ण गर्ने निधो गर्नकासाथै दीपङ्कर बुद्ध पश्चात कोण्डञ्ञ, मङ्गल, सुमन, रेवत, सोभित, अनोमदस्सी, पदुम, नारद, पदुमुत्तर, सुमेध, सुजात, पियदस्सी, अत्थदस्सी, धम्मदस्सी, सिद्धत्थ, तिस्स, फुस्स, विपस्सी, सिखि, वेस्सभू, ककुसन्ध, कोणागमन र कस्सप बुद्धबाट पनि बोधिसत्वले भविष्यतमा बुद्ध हुने वचन पाएको थियो ।

कुनै लोकमा वा कुनै योनिमा बोधिसत्वले जन्म लिएको किन नहोस् । माथि उल्लेखित प्रत्येक बुद्धका दर्शनमा कुनै न कुनै प्रकारले पुण्यकार्य गर्न सुअवसर पाउँथे । जस्तै कि दीपङ्कर बुद्धको समयमा सुमेध तपस्वी, कोण्डञ्ञ बुद्धको समयमा विजितावी चक्रवर्ति राजा, मङ्गल बुद्धको समयमा सुरुचि ब्राह्मण, सुमन बुद्धको समयमा अतुल नागराजा, रेवत बुद्धको समयमा अतिदेव ब्राह्मण, सोभित बुद्धको समयमा अजित ब्राह्मण, अनोमदस्सी बुद्धको समयमा यक्ष सेनापति, पदुम बुद्धको समयमा सिंह, नारद बुद्धको समयमा ऋषि ( तपस्वी), पदुमुत्तर बुद्धको समयमा जटिल महानागरिक, सुमेध बुद्धको समयमा उत्तर ब्राह्मण, सुजात बुद्धको समयमा चक्रवर्ती राजा, पियदस्सी बुद्धको समयमा कस्सपब्राह्मण,अत्थदस्सी बुद्धको समयमा सुसीम तपस्वी, धम्मदस्सी बुद्धको समयमा देवराज इन्द्र,

सिद्धत्थ बुद्धको समयमा मङ्गल तपस्वी, तिस्स बुद्धको समयमा सुजात क्षत्रिय, फुस्स बुद्धको समयमा विजितावी क्षत्रिय, विपस्सी बुद्धको समयमा अतुल नागराज, सिखी बुद्धको समयमा अरिन्दम राजा, वेस्सभू बुद्धको समयमा सुदस्सन राजा, ककुसन्ध बुद्धको समयमा खेम राजा, कोणागमन बुद्धको समयमा पब्बत राजा, कस्सप बुद्धको समयमा ज्योतिपाल ब्राह्मण भई विभिन्न जन्ममा पुण्य कार्य तथा गृह त्याग गरी ऋषि, तपस्वी र भिक्षु हुन सुअवसर पाएका थिए । पुण्यकार्य पश्चात बोधिसत्वले भविष्यतमा बुद्ध हुन पाउने कर्ण-प्रिय वचन श्रवण गर्न पाउँदथ्यो । बुद्ध हुनलाई बोधिसत्वले कुन कुन जन्ममा कसरी दस पारमितालाई पूर्ण गरे ? भन्ने विषयलाई लिएर सार संक्षेमा प्रस्तुत गरिएको नै यो दुरे निदान कथाको विषेशता हो । सुमेध तपस्वीको समय देखि लिएर तुषित देवलोकमा जन्मिएको सम्म लिएर प्रस्तुत गरिएको कथालाई नै 'दूरेनिदानकथा' भनिन्छ ।

यस दूरेनिदान कथामा बुद्ध हुनलाई जब बोधिसत्वमा ईच्छा प्रकट भयो । तब देखि बोधिसत्वले आफ्नै बुद्धि, आफ्नै क्षमता, आफ्नै प्रयासद्वारा अनगिन्ति कठिनाइलाई बेवास्ता गरी आफू सहित जगत कल्याणर्थ प्रतिज्ञाबद्ध हुनुका साथै बुद्धत्वलाई प्राप्त गरी देखाउन सक्नु कम साहसको कुरा होइन । जगत कल्याणार्थ जति पनि अमूल्य उपदेशहरु वहाँले दिएर जानुभयो त्यो हाम्रो निम्ति कतिको सराहनीय र ग्रहण गर्न योग्य छन् ? हामी आफैले महसुस गर्न सक्छौं । आजकाल मानवहरु आतङ्कित र सशंकित भई जीवन व्यतीत गरिरहेका छन् । धेर जसो एक आपसमा विश्वासको वातावरण विहिन जस्तै नै भइरहेको छ । धार्मिक जीवन व्यतित गर्न चाहनेहरुमा पनि अन्यौलमा पार्ने वातावरण श्रृजन भइरहेको देख्न र सुन्न पाइन्छ । तसर्थ शिक्षितका साथसाथै सम्यकदृष्टिक भई धर्मप्रति गौरव र धर्मको शिक्षा लिनु अति नै आवश्यक छ। त्यसैले निम्न लिखित गाथालाई सदैव नै मनन र पालन गर्नमा पछि न हट्नु नै परम कर्तव्य हो ।

Downloaded from http://dhamma.digital/

**"धम्मो हवे रक्खति धम्मचारिं, धम्मो सुचिण्णो सुखमावहाति ।**
**एसानिसंसो धम्मे सुचिण्णे, नदुग्गतिं गच्छति धम्मचारी"ति ॥**

"धर्मले धर्मचारिलाई रक्षा गर्छ, सुधर्माचारीलाई सुखानुभव हुन्छ ।
यही नै सुधर्माचरणको फल हो, धर्मचारी दुर्गतिमा जानु पर्दैन ।"

मानवहरु जुनसुकै कर्मको बाटोमा लाग्न चाहेमा लाग्न सकिन्छ । त्यो आफुमै निहित छ । कुकर्मको बाटोमा लागे पनि हुन्छ वा सुकर्मको बाटोमा लागेर यहाँ श्रोतापन्न, सकृदागामि, अनागामि, अर्हत, श्रावक बुद्ध, प्रत्येक बुद्ध र सम्यकसम्बुद्ध पनि बन्न सक्छ । सुमेध तपस्वी गृहस्थ हुँदा चिन्तन गरेको कुरा यहाँ उल्लेख गर्नु उचित लाग्छ– "यस धनलाई संग्रह गरी मेरा पिता, पितामहले परलोक जाँदा एक कार्षापण (पैसा) पनि लिएर गएन । तर मैले यस धनलाई आफूले नै लिएर जानु हुने गरी काम गर्न सक्नु पर्छ ।" पहिलो सुविचार वहाँ को यही नै हो । यही सुविचारलाई हुर्काउँदै, फुलाउँदै र फलाउँदै लाँदा बुद्धसम्म बन्ने विचार मनमा प्रकट भएकोलाई दृढ भई, कर्तव्यबाट विमुख नहुनाले नै आखिरमा वहाँ बुद्ध नै हुनु भयो । बुद्ध हुनु भएपछि वहाँले दिनु भएको उपदेश २५०० वर्ष नाघि सक्दा पनि अझै आवश्यक छ भन्ने विचार विज्ञजनका मनमा लाग्नु कम महत्वको कुरा होइन । वहाँको ज्ञान भूत भविष्य र वर्तमान जहिले पनि हाम्रो निम्ति उपयुक्त छ । यसकारण कुमार्गको विचारलाई त्यागौं, सुमार्गमा लाग्न मनमा ठाउँ दिन सकौं । कुमार्गलाई त्याग्न सकिन्छ अनि सुमार्गमा लाग्न सकिन्छ भने किन कुमार्गमा लाग्ने ? सकेमा बोधिसत्व बनेर बुद्ध हुने प्रयत्न गरौ । नसकेमा बुद्धले दिनु भएको उपदेशलाई ग्रहण गरी अलि अलि गर्दै भए पनि दसपारमितालाई पूर्ण गरी सम्पूर्ण दुःखबाट रहित भएको निर्वाण प्राप्तार्थ हौसला बढाऔं । दुःखमय संसारम किन बार बार जन्म लिने ?

यस्मा केही नबुझिएको शब्दलाई बुझाउनको निम्ति सारसंक्षिप्त फूटनोटमा दिएको छु भने केही कोष्ठ भित्र छ। केही लामो गरी बुझाउनको निम्ति पृष्ठको अन्तमा क, ख आदिमा उल्लेख गरी दिएको छु। व्यक्तिको नाउँ र ठाउँको नाउँ पालिमा नै राखेको छु। संकेत अक्षर बु०वं०= बुद्ध वंस, थेरगा०=थेरगाथा जा०=जातक, चरिया०= चरियापिटक।

दाताहरुबाट पुस्तक प्रकाशनार्थ सहयोग पाउँदै गएमा सम्पूर्ण जातक-अट्ठकथालाई अनुवाद गर्न इच्छुक छु। यस जातक-अट्ठकथामा लगभग छोटो र लामो गरी जम्मा ५४७ कथाहरु छन्। यो दूरेनिदानकथा पछि अङ्गुत्तर निकायको बाँकि छट्ठक निपात देखि एकादसक निपातसम्मको अनुवाद कार्यमा लाग्ने निधो गरेको छु। उपासिका छलमाया मान्धरले आफ्नो श्रीमान न्हुछे पुखुचा मानन्धर दिवंगत भएको पुण्यस्मृतिमा यो दूरेनिदानकथा वहाँको सद्गति तथा निर्वाणको कामना गरी प्रकाशिका भइन। उपासक श्री न्हुछे पुखुचा मानन्धर बोधिचर्या विहारमा सञ्चालित ज्ञानमाला भजनमा र अन्य पुण्यकार्य हुँदा सहर्ष पुर्वक सहभागी हुने सक्रिय उपासक हो। यसकारण वहाँको सद्गतिका साथै निर्वाणको कामना गर्दछु। उपासिका छलमाया मानन्धरले यो दूरेनिदानकथाको किताबलाई श्रद्धा सहित उपासिका छलमाया मानन्धरले प्रकाशन गरिदिएको हुनाले आन्तरिक हृदय देखि शुभेच्छाका साथै साधुवाद छ। यो दुरेनिदानकथा कम्प्यूटर प्रिन्ट गर्नलाई समय समयमा आएर दुःख नमानि सिकाउने आयुष्मान राहुल महास्थविर, श्री लेखबहादुर राउत र पृष्ठमा नम्बर राखेर सहयोग गर्ने श्री ज्ञानु मानन्धरप्रति कृतज्ञताका साथै साधुवाद छ। यसमा केही नमिलेको वा त्रुति पाइएमा पुन प्रकाशन गरिंदा सच्याउनलाई भन्नु हुनेछ वा औंल्याई दिनु हुनेछ भनी पुर्ण विश्वस्त छु।

भिक्षु बोधिसेन महास्थविर
बोधिचर्या विहार
बनेमा ६, पुण्यमति मार्ग (काभ्रे)

Downloaded from http://dhamma.digital/

# सूची


| | | |
|---|---|---|
| १) | जातक अट्ठकथा | १ |
| २) | दूरेनिदान कथा | २ |
| ३) | सुमेध कथा | ३ |
| ४) | कोण्डञ्ञ बुद्ध | ५७ |
| ५) | मङ्गल बुद्ध | ५८ |
| ६) | सुमन बुद्ध | ६३ |
| ७) | रेवत बुद्ध | ६४ |
| ८) | सोभित बुद्ध | ६५ |
| ९) | अनोमदस्सी बुद्ध | ६६ |
| १०) | पदुम बुद्ध | ६६ |
| ११) | नारद बुद्ध | ६७ |
| १२) | पदुमुत्तर बुद्ध | ६८ |
| १३) | सुमेध बुद्ध | ६९ |
| १४) | सुजात बुद्ध | ७० |
| १५) | पियदस्सी बुद्ध | ७० |
| १६) | अत्थदस्सी बुद्ध | ७१ |
| १७) | धम्मदस्सी बुद्ध | ७२ |
| १८) | सिद्धत्थ बुद्ध | ७२ |
| १९) | तिस्स बुद्ध | |
| २०) | फुस्स बुद्ध | ७४ |
| २१) | विपस्सी बुद्ध | ७५ |
| २२) | सिखी बुद्ध | ७५ |
| २३) | वेस्सभू बुद्ध | ७६ |
| २४) | ककुसन्ध बुद्ध | ७७ |
| २५) | कोणागमन बुद्ध | ७८ |
| २६) | कस्सप बुद्ध | ७८ |


Downloaded from http://dhamma.digital/

“नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स”

# जातक अट्ठकथा

## उपोद्घात (ग्रन्थारम्भ कथा)

जो महर्षि लोकनाथले कोटिसतसहस्र जन्ममा अप्रमाण रुपले हित गर्नुभयो । वहाँको चरणमा प्रणाम, धर्मलाई नमस्कार अनि समस्तका सम्मान भाजन हुनु भएका संघलाई आदर पूर्वक पूजा गर्दछु ।

यी त्रिरत्न[१] प्रतिको नमस्कारादिद्वारा र यस पुण्यको प्रतापले समस्त उपद्रव नाश होस् ।

ज्योतिर्मान महर्षि (बुद्ध)ले त्यस त्यस कारणलाई लिएर अपण्णक[२] आदि जातकलाई प्रथममा नै प्रकाश पार्नुभयो ।

जसलाई कि लोकोद्धारको इच्छाले नायक, शास्ता (बुद्ध)ले बुद्ध हुनुको लागि आवश्यक अनन्त सामग्री को प्राप्तार्थ पूर्ण गर्नुभयो ।

त्यस समस्त पूर्व जन्मका कथाहरु संग्रहित धर्मलाई संग्रहकर्ता[३] बाट जातक नामले संगायन गर्‍यो । बुद्ध धर्म चिरस्थितिको चाहना गर्नुहुने अर्थदर्शी स्थविर, सहवासी तथा एकान्तप्रेमी शान्त चित्त भएका पण्डित बुद्धमित्त अनि महिंसासक[४] वंशमा जन्मिनुभएका शास्त्रज्ञ तथा शुद्ध-बुद्धि हुनु भएका भिक्षु बुद्धदेवले भन्नु भएकोलें महापुरुषको

---

[१] बुद्ध, धर्म र संघ– यी तीन रत्न हुन् ।

[२] (जातक), पहिलो जातक कथा ।

[3] बुद्ध-महापरिनिर्वाणपछि वहाँको उपदेशलाई संग्रह गर्नुहुने ।

[४] प्राचीन अठार बौद्ध सम्प्रदाय मध्यमा एक ।



Downloaded from http://dhamma.digital/

चरित्रमा रहेको अनन्त प्रभावलाई प्रकट हुने जातकको अर्थवर्णना महाविहारवासी[५] को अनुसार व्याख्या गर्छु । मेरो यस व्याख्यालाई सबै सज्जनले राम्रोसंग ग्रहण गरुन् ।

## निदान कथा

जातकको यो व्याख्या 'दूरे निदान', 'अविदूरे निदान' र 'सन्तिके निदान' यी तीन निदानमा वर्णित छन् अनि जसले यसलाई सुन्दछ, उसले शुरुवात देखि राम्रोसंग जानिने हुनाले सठिकसंग बुझ्न सक्ने हुन्छ । यसकारण ती निदानहरुलाई विभक्त गरी भन्नेछु ।

पहिला यी तीन वर्गीकरणलाई जान्नुपर्छ । भगवान दीपङ्करको पादमूलमा जीवन अर्पण गरेको देखि लिएर वेस्सन्तरको शरीर त्याग(मृत्यु) पश्चात् तुसित देवलोकमा उत्पन्न हुनुभए सम्मको जीवन कथालाई 'दूरेनिदान' भनिन्छ । तुसितदेवलोकबाट च्युत भई बुद्धगयामा बुद्ध हुने सम्मको कथालाई 'अविदूरे निदान भनिन्छ । सन्तिके निदान भनेको भिन्न भिन्न स्थानमा विचरण गर्नु हुँदै त्यस त्यस स्थानमा भएका विषयहरुसंग गाँसिएर शुरु भएको (जीवन कथा) हो ।

## १ दूरेनिदानकथा

'दूरेनिदान' यस प्रकार छन् :-

आजभन्दा चार असंख्य[६] एकलाख कल्प पहिले अमरवती भन्ने एउटा नगर थियो । त्यस नगरमा सुमेध नाउँको ब्राह्मण बस्दथ्यो । वहाँ

---

[५] प्राचीन स्थविर सम्प्रदायका श्रीलंकामा एक भेद ।

[६] दीपङ्कर बुद्धका पालादेखि कोण्डञ्ञ भगवानका पालाको अन्तसम्मलाई एक असंख्य कल्प भन्दछन् ६४ अन्तरकल्पको एक असंख्य कल्प हुन्छ । केही अरु जानको निम्ति पृष्ठको अन्तमा (क)मा हेरौं ।



Downloaded from http://dhamma.digital/

माता-पिता दुवै कुलबाट सुजात र शुद्ध रुपले जन्मिएको, सात पुस्तासम्म दोष रहित, सुन्दर, दर्शनीय, मनोहर, उत्तम रङ्गको र सौन्दर्यले युक्त थिए ।

वहाँले अन्य कुनै काम नगरि ब्राह्मणहरुका नै विद्या सिक्नु भएको थियो । वहाँको माता-पिता बाल्यकालमा नै मृत्यु भएको थियो । अनि त्यस समयमा खजान्चीले बहीखाता लिएर आई सुन, चाँदी, मोती आदिले भरिएको कोठाहरुलाई खोल्दै खोल्दै भन्न लाग्यो– 'यति तिम्रो मातृ-धन हो, यति तिम्रो पितृ-धन हो । यति बाज्ये-बराज्यूको धन हो । भनी सात पुस्ता सम्मको धन-राशी देखाएर "यसलाई सह्माली राख" भन्यो । सुमेध पण्डितले सोच्न थाल्यो– "यस धनलाई संग्रह गरी मेरा पिता, पितामहले परलोकजाँदा एक कार्षापण (पैसा) पनि लिएर गएन । तर मैले यस धनलाई आफूले नै लिएर जाने गरी काम गर्न सक्नुपर्छ ।" उसले राजालाई भनेर नगरमा घोषणा गर्न लगाई महाजन समूहलाई दान दिइकन तापसको सम्प्रदायमा प्रव्रजित भयो । यस कुरालाई अझ स्पष्ट पार्नलाई यहाँ सुमेधको कथा भन्नु जरुरी छ । सुमेधको कथा केही न केही बुद्धवंसमा आएको छ । तर त्यो गाथासंग सम्बन्धित हुनाले सही अर्थमा स्पष्ट छैन । त्यसैले त्यस कथालाई मैले बीच बीचमा गाथाको सम्बन्धमा स्पष्ट गर्दै भन्छु ।

## सुमेधकथा

चार असंख्य एकलाख कल्प पूर्व दस प्रकारका शब्दहरुले युक्त "अमरवती" अथवा अमर नाउँको एउटा नगर थियो । जसबारे बुद्धवंसमा भनिएको छ–

**"कप्पे च सतसहस्से, चतुरो च असङ्खिये ।**
**अमरं नाम नगरं, दस्सनय्यं मनोरमं ।**
**दसहि सद्देहि अविवित्तं, अन्नपानसमायुतन्ति" ति ॥**

"चार असंख्य एकलाख कल्प पूर्व ।
अमर नाउँको नगर, दर्शनीय-मनोरम ।
दसशब्दले अविभक्त, अन्न-पानले सम्पन्न थियो ।"

त्यहाँ 'दस शब्दले युक्त' को अर्थ हो– हात्ती शब्द, अश्व शब्द, रथ शव्द, भेरी शब्द, मृदङ्ग शब्द, वीणा शब्द, गीत शब्द, शङ्ख शब्द, ताल शब्द र खान-पानको शब्द यी दस सब्दद्वारा गुँजाय्मान हुन्थ्यो । यी दस शब्दलाई एकत्रमा ग्रहण गरिंदाः–

**"हत्थिसद्दं अस्ससद्दं, भेरिसङ्खरथानि च ।**
**खादथ पिवथ चेव, अन्नपानेन घोसित"न्ति ॥**

"हस्ति शब्द, अश्व शब्द अनि भेरि-शङ्ख-रथ ।
खानु-पिउनु भनी, हुन्थ्यो घोष अन्न-पानको ॥"

बुद्धवंसमा यस गाथालाई यसरी भनिएको छः–

**"नगरं सब्बङ्गसम्पन्नं, सब्बकम्ममुपागतं ।**
**सत्तरतनसम्पन्नं, नानाजनसमाकुलं ।**
**समिद्धं देवनगरंव, आवासं पुञ्ञकम्मिनं ॥**
**"नगरे अमरवतिया, सुमेधो नाम ब्राह्मणो ।**
**अनेककोटिसन्निचयो, पहूतधनधञ्ञवा ॥**
**"अज्झायको मन्तधरो, तिण्णं वेदान पारगू ।**
**लक्खणे इतिहासे च, सधम्मे पारमिं गतो"ति ॥**

"सर्वाङ्ग सम्पन्न नगर, समस्त भोग सम्पन्न ।
सप्तरत्न सम्पन्न, छन् नानाजनद्वारा समाकुल ।
देव नगर जस्तै वैभवशाली, छन् पुण्यात्माहरुको निवास ॥
"अमरवती नगरमा, सुमेध नाउँको ब्राह्मण ।
करोडौंको मालिक, बहु धनधान्यले सम्पन्न ॥
"अध्यापक-मन्त्रधर, पारङ्गत तीनै वेदमा ।
लक्षण-इतिहास अनि सद्धर्ममा पारंगत ॥"



Downloaded from http://dhamma.digital/

एक दिन सुमेध पण्डित महलको माथि सुन्दर कोठामा आसन लगाएर एकान्तमा बसेर सोच्दै -आफूले आफूलाई) भन्यो– 'पण्डित ! जन्म ग्रहण गर्नु भनेको दुःख हो । प्रत्येक जन्ममा मृत्यु दुःख हो । जन्मिनु, बूढा हुनु, रोगी हुनु र मृत्यु हुनु त मेरो निम्ति अनिवार्य हो । अतः जुन जन्म, जरा र व्याधि रहित तथा दुःख रहित सुखमय र शीतलता रहेको त्यस अमृतमय निर्वाण[1]लाई मैले अनुसन्धान गर्नुपर्छ । भव (जन्म र मृत्युको लोक)बाट मुक्त हुनको निम्ति अवश्य नै एक निर्वाण-मार्ग हुनु पर्छ । यही कारणलाई लिएर उल्लेख गरेको छ–

**"रहोगतो निसिदित्वा, एवं चिन्तेसहं तदा ।**
**दुक्खो पुनब्भवो नाम, सरिरस्स च भेदनं ॥**
**"जातिधम्मो जराधम्मो, व्याधि धम्मो सहं तदा ।**
**अजरं अमतं खेमं, परियेसिस्सामि निब्बुतिं ॥**
**"यंनूनिमं पूतिकायं,नानाकुणपपूरितं ।**
**छड्डयित्वान गच्छेय्यं, अनपेक्खो अनत्थिको ॥**
**"अत्थि हेहिति सो मग्गो, न सो सक्का न हेतुये ।**
**परियेसिस्सामि तं मग्गं, भवतो परिमुत्तिया"ति ॥**

" एकान्तमा बसेर, तब गरें चिन्तन यसरी मैले ।
पुनः जन्मिनु दुःख हो अनि हुनु भेद शरीरको (ढल्ने) ॥
" जन्म स्वभाव-वृद्ध स्वभाव, व्याधि स्वभावलाई मैले ।
अजर-अमर-भय रहित हुन, खोज्नु पर्छ निर्वाणलाई ॥
"जुन कि यो अपवित्र देह, नानाप्रकारको घृणितले भरिएको ।
जान्छु छाडेर, अनपेक्षित तथा इच्छा रहित भई ॥
"हुनुपर्छ अवश्य त्यो मार्ग, सकिंदैन भन्न कारण छैन त्यसको ।
गवेषण गर्नेछु त्यस मार्गलाई, मुक्त हुन संसारबाट ॥"

[1] चित्त मैललाई निर्मूल गरी पुन जन्म र मृत्युको लोकबाट सदाका लागि मुक्त हुनु ।

यस पछि वहाँले अरु चिन्तन गर्न लागेः–

जसरी लोकमा दुःखको प्रतिपक्षमा सुख छ, त्यसरी नै भवको प्रतिपक्षमा विभव (जन्म र मृत्युको चक्रबाट मुक्त) पनि हुनुपर्छ। जसरी गर्मीलाई शान्त पार्न शीतल छ, त्यसरी नै रागादि अग्निलाई शान्त पार्न निर्वाण पनि हुनुपर्छ। जसरी पापको प्रतिपक्षमा कल्याणक निर्दोष (पुण्य) छ, त्यसरी नै पापमय जन्मलाई निरोध गर्न जन्म रहित निर्वाण पनि अवश्य हुनुपर्छ। यही कारणलाई लिएर उल्लेख गरेको छ–

**"यथापि दुक्खे विज्जन्ते, सुखं नामपि विज्जति।**
**एवं भवे विज्जमाने, विभवोपि इच्छितब्बको॥**
**"यथापि उण्हे विज्जन्ते, अपरं विज्जति सीतलं।**
**एवं तिविधग्गि विज्जन्ते, निब्बानं इच्छितब्बकं॥**
**यथापि पापे विज्जन्ते, कल्याणमपि विज्जति।**
**एवमेव जाति विज्जन्ते, अजातिपिच्छितब्बक"न्ति॥**

" जस्तो कि यदि दुःख छ भने, सुख पनि रहेको हुन्छ।
यसरी नै भव भएमा, लिनुपर्छ चाहना विभवको॥
"जस्तो कि यदि गर्मी छ भने, विपरितमा शीतल छ।
यसरी नै त्रिविध अग्नि[२] छ भने, लिनुपर्छ चाहना निर्वाणको॥
"जस्तो कि यदि पाप छ भने, हुनुपर्छ कल्याण (पुण्य) पनि।
यसरी नै जन्म छ भने, नजन्मिने मनसाय पनि हुनुपर्छ॥"

अरु पनि चिन्तन गर्न लागेः– जसरी मलमूत्रको ढेरमा डुबेका मानिसले टाढैबाट ठूलो तलाउमा पाँच प्रकारका रंगिन कमलको फूलले छाइएको देख्छ भने 'कुन मार्गबाट त्यस तलाऊमा पुग्न सकिने हो, त्यहाँसम्म पुग्ने मार्ग खोज्दै जानुपर्छ। यदि उसले नखोजेमा तलाऊ दोषी हुनेछैन। यसरी नै क्लेशरुपी मल (चित्त-मैल) धुनलाई अमृतमय निर्वाण

---

[२] राग, द्वेष र मोह।



Downloaded from http://dhamma.digital/

छँदा पनि त्यसलाई नखोजेमा अमृतमय निर्वाणरुपी ठूलो तलाउ दोषी हुनेछैन । जसरी डाकुहरुको घेराउमा परेका व्यक्तिले भाग्ने बाटो छँदा पनि नभागेमा बाटो दोषी हुनेछैन । त्यो व्यक्ति नै दोषी हुन्छ । यसरी नै क्लेशद्वारा लिप्त भएका व्यक्तिले निर्वाणमा लाग्ने कल्याण मार्ग छँदा पनि त्यस मार्गलाई नखोजेमा मार्ग दोषी हुनेछैन । त्यो व्यक्ति नै दोषी हुन्छ । जसरी रोग-ग्रस्त व्यक्तिले रोग-चिकित्सक वैद्य छँदा पनि यदि त्यो वैद्यलाई खोजेर रोगको उपचार नगराएमा वैद्य दोषी हुनेछैन । त्यो व्यक्ति नै दोषी हुन्छ । यसरी नै क्लेशरुपी रोगद्वारा ग्रसित भएका व्यक्तिले क्लेश शान्त पार्न मार्ग प्रदर्शन गर्नमा दक्ष आचार्य छँदा पनि नखोजेमा उनै दोषी हुन्छ, क्लेश विनाशक आचार्य दोषी हुनेछैन । यही कारणलाई लिएर उल्लेख गरेको छ–

**"यथा गूथगतो पुरिसो, तलाकं दिस्वान पूरितं ।**
**न गवेसति तं तलाकं, न दोसो तलाकस्स सो ॥**
**"एवं किलेसमलधोवे, विज्जन्ते अमतन्तले ।**
**न गवेसति तं तलाकं, नदोसो अमतन्तले ॥**
**"यथा अरीहि परिरुद्धो, विज्जन्ते गमनम्पथे ।**
**न पलायति सो पुरिसो, न दोसो अञ्जसस्स सो ।**
**"एवं किलेसपरिरुद्धो, विज्जमाने सिवे पथे ।**
**न गवेसति तं मग्गं, न दोसो सिवमञ्जसे ॥**
**"यथापि व्याधितो पुरिसो, विज्जमाने तिकिच्छके ।**
**न तिकिच्छापेति तं ब्याधिं, न दोसो सो तिकिच्छके ॥**
**"एवं किलेसब्याधीहि, दुक्खितो परिपीलितो ।**
**न गवेसति तं आचरियं, न दोसो सो विनायके"ति ॥**

"जस्तो कि मलकुण्डमा परेका व्यक्तिले, तलाउ देख्दा पनि ।
नखोजेमा त्यो तलाउलाई, लाग्दैन दोष त्यस तलाउलाई ॥
"यसरी नै क्लेश-मल धुन, अमृत-तलाउ रहँदा ।
नखोजेमा त्यो तलाउलाई, हुनेछैन दोषी त्यो अमृत-तलाउ ॥

"जस्तो कि शत्रु-फण्डामा पडदा, जाने बाटो छँदा पनि ।
त्यो व्यक्ति नभागेमा, हुने छैन दोषी त्यो बाटो ॥
"यसरी क्लेश-फन्दामा परेकाले, कल्याणकारी पथ छँदा पनि ।
त्यो पथलाई नखोजेमा, त्यो पथको दोष होइन ॥
"जस्तो कि रोगी व्यक्तिले, चिकित्सक छँदा पनि ।
त्यो रोगको उपचार नगरे, त्यो चिकित्सकको दोष होइन ॥
"यसरी नै क्लेश-रोगबाट, दु:खित-पीडित भएकाले ।
वहाँ आचार्यलाई नखोजेमा, वहाँ विनायकको दोष होइन ॥"

अरु पनि सोच्न थाल्यो:–

जस्तो कि शौकिनदार व्यक्तिले गलामा बाँधिएको मुर्दालाई निकालेर सुख पूर्वक जान्छ । त्यसरी नै मैले पनि घृणित देहलाई छाडेर अनपेक्षित भई निर्वाण नगरमा प्रवेश गर्नुपर्छ । जुन प्रकारले नर नारीले शौचालयमा गई दिसा-पिसाब गरेपछि त्यसलाई न त काखमा लिएर जान्छ न त पोको पारेर लिएर जान्छ । बरु घृणा गर्दै अनपेक्षित भई छाडेर जान्छ । यसरी नै मैले पनि यस घृणित देहलाई छाडेर अमृतमय निर्वाण नगरमा प्रवेश गर्नपर्छ । जुन प्रकारले जर्जरित भएको नौकालाई माझिले अनपेक्षित भई छाडेर जान्छ । यसरी नै मैले पनि यस नव द्वारबाट चुहिने शरीरलाई अनपेक्षित भई छाडेर निर्वाण नगरमा प्रवेश गर्नुपर्छ । जुन प्रकारले अनेकौं रत्नलाई लिएर चोरसङ्गै जानेले आफ्नो रत्न नाश हुने भयले तिनिहरुलाई छाडेर भय रहित मार्गबाट जान्छ । यसरी नै यो करजकाय रत्न लूट्ने चोर समान हो । यदि म यसप्रति लोलुप भएमा आर्य मार्गको कुशल धर्ममा रहेको रत्नबाट नष्ट हुनुपर्नेछ । त्यसैले यो चोरसमान शरीरलाई छाडेर निर्वाण नगरमा प्रवेश गर्नुपर्छ । यही कारणलाई लिएर उल्लेख गरेको छ–

"यथापि कुणपं पुरिसो, कण्ठे बद्धं जिगुच्छिय ।
मोचयित्वान गच्छेय्य, सुखी सेरी सयंवसी ॥
"तथेविमं पूतिकायं, नानाकुणपसञ्चयं ।



Downloaded from http://dhamma.digital/

छड्डयित्वान गच्छेय्यं, अनपेक्खो अनत्थिको ॥
"यथा उच्चारट्ठानम्हि, करीसं नरनारियो ।
छड्डयित्वान गच्छन्ति, अनपेक्खा अनत्थिका ॥
"एवमेवाहं इमं कायं, नानाकुणपपूरितं ।
छड्डयित्वान गच्छिस्सं, वच्चं कत्वा यथा कुटिं ॥
"यथापि जज्जरं नावं, पलुग्गं उदगाहिनिं ।
सामी छड्डेत्वा गच्छन्ति, अनपेक्खा अनत्थिका ॥
"एवमेवाहं इमं कायं, नवच्छिद्दं धुवस्सवं ।
छड्डयित्वान गच्छिस्सं, जिण्णनावंव सामिका ॥
"यथापि पुरिसो चोरेहि, गच्छन्तो भण्डमादिय ।
भण्डच्छेदभयं दिस्वा, छड्डयित्वान गच्छति ॥
"एवमेव अयं कायो, महाचोरसमो विय ।
पहायिमं गमिस्सामि, कुसलच्छेदनाभया"ति ॥

"मुर्दालाई मानिसले जसरी, गलामा बाँधन घृणा गर्छ ।
जाने हुन्छ छाडेर, खुशीकासाथ स्वेच्छाले ॥
"त्यस्तैगरी यस दुर्गन्धित काय, थरी थरीले सञ्चित मुर्दा ।
छाडेर जानेछु, स्वेच्छाले तथा अनपेक्षित भई ।
"जुन प्रकारले शौचालयमा, नर-नारीले शौचलाई ।
जाने गर्छ छाडेर, स्वेच्छाले तथा अनपेक्षित भई ॥
"यस्तैगरी मैले यो देहलाई, थरी थरीले भरिएको मुर्दा ।
छाडेर नै जानेछु, शौचालयको शौच समान गरी ॥
"जर्जरीत नौका, टुटेको फुटेको अनि पानीले भरिएकोलाई ।
छाडेर जान्छ स्वामीले, स्वेच्छाले तथा अनपेक्षित भई ॥
"त्यस्तैगरी मैले यो देहको, नव छिद्रबाट सदा अशुचि बहनेलाई ।
छाडेर नै जानेछु, स्वेच्छाले तथा अनपेक्षित भई ॥
"जस्तै कि कोही व्यक्ति चोरसङ्गै, सामान लिएर गइरहँदा ।
लूटिदिने भयलाई देखेर, छाडेर नै जाने हुन्छ ॥
"त्यसरी नै मैले यस शरीरलाई, महाचोर समान सम्भी ।

त्यागेर जानेछु, कुशल (पुण्य) नाश हुने भयले ॥

यसरी सुमेध पण्डितले नाना प्रकारको उपमाद्वारा यस नैष्क्रम्य[१]को विषयलाई लिएर चिन्तन गरी माथि उल्लेख भए अनुरुप आफ्नो घरमा भएको समस्त अपरिमित भोग वस्तुहरुलाई याचक तथा पथिकलाई प्रदान गरी, महादान दिई, विषय वस्तुप्रतिको इच्छा र कामुकप्रतिको इच्छालाई प्रहाण गरी अमर नगरबाट निस्केर एक्लै नै हिमालयस्थित धम्मिक भन्ने पर्वतमा आस्रय लिई, त्यहाँ आश्रम, पर्णशाला, चंक्रमण[२] स्थल बनाएर पञ्च नीवरणबाट[३] रहित भई, "एकाग्रत चित्तादि" क्रमानुसार भनिएको आठ कारणले युक्त अभिज्ञा (विशेष रुपको ज्ञान) बलको प्राप्तार्थ, त्यस आश्रममा नौ प्रकारका दोष भएको वस्त्रलाई छाडेर, बाह्र गुणले युक्त वाकचीर (छाल-वस्त्र)लाई धारण गरी ऋषिहरुको नियमानुसार प्रव्रजित भए । यसरी प्रव्रजित भएर आठ दोषले युक्त त्यस पर्णकुटीलाई छाडेर दस गुणले युक्त भएको वृक्षमूलमा गई अनाजबाट बनेका सबै भोजन त्यागी वृक्षबाट खसेको फल खाने अनि बस्ने, उठ्ने र चंक्रमण गर्दै ध्यानाभ्यासमा लागेर सात दिन भित्र नै आठ समापत्ति[४] अनि पञ्च अभिज्ञा[५]का लाभी भए । यसरी उसको जुन इच्छित अभिज्ञा बल हो, त्यो प्राप्त गरे । यही कारणलाई लिएर उल्लेख गरेको छ–

**"एवाहं चिन्तयित्वान, नेककोटिसतं धनं ।**
**नाथानाथानं दत्वान, हिमवन्तमुपागपिं ॥**

---

[१] काम-भोग तथा गृहस्थाश्रमलाई त्यागेर जाने ।

[२] हिंडडुल ।

[३] परिशुद्ध चित्तको आवरण (१) काम-तृष्णा, (२) व्यापाद(क्रोध), (३) स्त्यानमृद्ध (शरीर र मनको आलस), (४) औद्धत्य-कौकृत्य (उद्धतपन-पश्चाताप), (५) विचिकिच्छा (शंका) ।

[४] (१) चित्त एकाग्रता, (२) परिशुद्ध, (३) परियोदात (४)अङ्गण रहित, (५) उपक्लेश रहित, (६) मृदु, (७) कर्मनीय, (८) स्थिरता प्राप्त । (चार रुप अनि चार अरुप समापत्तिहरु यी आठ ब्रह्मलोकका ध्यान)

[५] -१) दिव्य चक्षु, (२) दिव्य श्रोत, (३) पूर्व जन्मका विषयमा जान्ने (४) ऋद्धि-बल, (५) पर चित्तलाई जान्ने ।



Downloaded from http://dhamma.digital/

“हिमवन्तस्साविदूरे, धम्मिको नाम पब्बतो ।
अस्समो सुकतो मय्हं, पण्णसाला सुमापिता ॥
“चङ्कमं तत्थ मापेसिं, पञ्चदोसविवज्जितं ।
अट्ठगुणसमुपेतं, अभिञ्ञाबलमाहरिं ॥
“साटकं पजहिं तत्थ, नवदोसमुपागतं ।
वाकचीरं निवासेसिं, द्वादसगुणमुपागतं ॥
“अट्ठदोससमाकिण्णं, पजहिं पण्णसालकं ।
उपागमिं रुक्खमूलं, गुणे दसहुपागतं ॥
“वापितं रोपितं धञ्ञं, पजहिं निरवसेसतो ।
अनेकगुणसम्पन्नं, पवत्तफलमादियिं ॥
“तत्थप्पधानं पदहिं, निसज्जट्ठानचङ्कमे ।
अब्भन्तरह्मि सत्ताहे, अभिञ्ञाबलपापुणि”न्ति ॥

“मैले यसरी चिन्तन गरी, अरबौं धन ।
याचक-अनाथलाई दान दिई, गएं हिमालयमा ॥
“हिमवन्तको नजिकै धम्मिक नामको पर्वत ।
मबाट सुकृत आश्रम, सुनिर्मित पर्णशाला ॥
“बनाएं त्यहाँ चंक्रमणार्थ, पञ्च दोष विवर्जित ।
अष्ट गुणले युक्त, प्राप्त गरें अभिज्ञा बल ॥
“त्यागी दिएं त्यहाँ वस्त्र, नौ दोषले युक्त ।
गरें धारण वाकचीर (छाल-वस्त्र), बाह्र गुणले युक्त ॥
“अष्ट दोष-युक्त, पर्णकुटिलाई त्यागें ।
गएं लिन आश्रय वृक्षमूलमा, युक्त दस गुणले ॥
“छरेको-रोपेको अन्नलाई, त्यागी दिएं सम्पूर्ण ।
अनेकौं गुणले युक्त, लिने गरें वृक्षबाट खसेको फल ॥
“लागें त्यहाँ ध्यानाभ्यासमा, बस्दै-उठ्दै-चंक्रमण गर्दै ।
एक सप्ताहमा नै, गरें प्राप्त अभिज्ञा बल ।”

यहाँ “पालिमा सुमेध पण्डितले आश्रम र चंक्रमण गर्ने स्थान आफ्नै हातले बनायो भनी भनिएको छ । तर यसको अर्थ यो हो कि –

महापुरषले आज म "हिमालयमा गएर धम्मिक पर्वतमा प्रवेश गर्छु" भनी निस्केको देखेर देवेन्द्र शक्रले विश्वकर्मा देवपुत्रलाई बोलायो–"तात ! यो सुमेध पण्डित प्रव्रजित हुन्छु भनी निस्क्यो । उसको निम्ति निवास स्थान निर्माण गरिदिनु ।" उसको वचनलाई स्वीकार गरी रमणीय आश्रम, सुरक्षित पर्णकुटी अनि मनोरम चंक्रमण स्थल निर्माण गरिदियो । भगवानले त्यसबेला आफ्नो पुण्यबलद्वारा त्यस आश्रमको बारेमा, सारिपुत्त ! त्यस धर्मिक पर्वतमा

**"अस्समो सुकतो मय्हं, पण्णसाला सुमापिता ।**
**चङ्कमं तत्थ मापेसिं, पञ्चदोसविवज्जित"न्ति ॥ –**

"मेरो निम्ति सुकृत आश्रम, सुनिर्मित पर्णशाला थियो ।
थियो निर्मित चंक्रमण स्थल, पञ्च दोष विवर्जित ॥" भनी भन्नुभएको हो ।

अतः त्यहाँ 'मेरो निम्ति सुकृत' को अर्थ हो मबाट सुकृत । 'पर्णशाला सुनिर्मित थियो' को अर्थ हो " पातले छाइएको शाला मेरो लागि निर्मित थियो ।

'पञ्च दोषबाट रहित' अर्थात चंक्रमण स्थलको पाँच दोष छन्– कडा-समतल नहुनु, बीचमा वृक्ष हुनु, घनत्व छाया हुनु, अति साँगुरो र अति विशाल हुनु । कडा वा विषम भूमिमा चंक्रमण गर्दा खुट्टा दुख्न थाल्छ, फोडा उठ्न थाल्छ, चित्त एकाग्रता हुँदैन कर्मस्थान (ध्यानभावना) सिद्ध गर्न नसक्ने हुन्छ । मृदु समतल भूमिमा आराम पूर्वक कर्मस्थानमा लाग्न सक्छ । त्यसैले कडा वा विषम भूमिभाग हुनु एउटा दोष हो । चंक्रमण स्थलको छेउमा वा बीचमा वा अग्रभागमा वृक्ष भएमा प्रमाद भई हिंडदा कहिले कहिं कपाल वा शीर ठोकिन सक्छ । यो दोस्रो (जहिं तहिं) वृक्ष हुनुको दोष हो । तृण लतादिले आच्छादित घनत्व छाया भएको स्थानमा टहलिरहँदा साँप आदि जीवलाई कुल्चिंदा मरिन्छ वा उसबाट



Downloaded from http://dhamma.digital/

डसिनाले दुःख पाउने हुन्छ । त्यसैले घनत्व छाया हुनु यो तेस्रो दोष हो । अति भीडभाड हुने साथै साँघुरो एक वा आधा हात चौडाई भएको बाटोमा टहलन लाग्दा अगल बगलमा फिसलिंदा नङ्ग वा औंला भाँच्न सक्छ । त्यसैले अति भीडभाड हुनुका साथै साँगुरो हुनुको यो चौथो दोष हो । अति विशाल स्थानमा टहलिंदा चित्त यताउति दौडन थाल्छ, एकाग्रता हुन पाउँदैन । अतिविशालता हुनु यो पाँचौ दोष हो । चौडाईमा डेढ हात, दुवैतिर एक एक हातको चौडाई र लम्बाईमा साठी हात अनि त्यस समतलमा बालुवा बिछ्याएको चंक्रमन स्थल हुनुपर्छ । श्रीलंकामा स्थित लंकावासीलाई श्रद्धावान बनाउनु हुने महेन्द्र स्थविरले चंक्रमण गर्ने स्थान चेतियगिरि (विहार) जस्तै हुनुपर्छ । त्यसैले भनिएको " पञ्च दोष रहित चंक्रमण स्थल निर्मित थियो ।"

'आठ गुणले युक्त'को मतलब हो– आठ प्रकारका श्रमण सुखले युक्त । आठ प्रकारका श्रमण सुखहरु यसप्रकार हुन्:– धनधान्यको संग्रह गर्नु नपर्ने, निर्दोष भिक्षाको प्राप्त गर्न प्रयत्न गर्ने, तैयार भिक्षाको भोजन गर्ने, राज्य अधिकारिले देशकालाई सताएर धनदौलत वा स्वर्ण मुद्रादि (सीसकहापणादि) लिएर पीडित गर्नेसंग, राजकुलमा तथा राष्ट्रलाई दुःख नदिई वस्तुहरुप्रति राग रहित हुनु, चोरले लूटेर लिने भयबाट मुक्त हुनु, राजाहरुसङ्ग अनि राज अमात्यहरुसङ्ग धेरै लगाव नहुनु अनि चारै दिशाहरुमा स्वतन्त्र रुपले विचरण गर्न सक्ने हुनु । त्यस आश्रममा रहेर यी आठ सुखानुभुति गर्न सकिन्छ, त्यसैले भनेको हो– "आठ गुणले युक्त त्यस आश्रमलाई बनायो ।"

'अभिज्ञा बललाई प्राप्त गऱ्यो' भन्नुको तात्पर्य हो– पछी त्यस आश्रममा रहँदै गर्दा कसिणपरिकर्मको आरम्भ साथै समापत्तिको प्राप्तार्थ अनित्य र दुःख भावको विपश्यनालाई अभ्यास गरी प्रयत्नद्वारा विपश्यना बललाई प्राप्त गऱ्यो । यस आश्रममा रहेर यो बललाई प्राप्त गर्न सकिन्छ भन्ने विचार थियो, त्यसैले अभिज्ञाको प्राप्तार्थ विदर्शना बलको अनुकूल हुनेगरी त्यस आश्रमलाई बनायो ।



Downloaded from http://dhamma.digital/

'नौ दोषले युक्त वस्त्रलाई त्याग्यो' भन्ने सम्बन्धमा क्रमानुकूल कथा यसप्रकार छ– त्यस समयमा कुटी, गुफा, चंक्रमण स्थलादिले युक्त फलफुलले आच्छादित, रमणीय, मधुर जलाशय सहित, बाघ आदि हिंस्रक जन्तु तथा भयानक पंक्षीहरु त्यहाँबाट हटाएर भय रहित एकान्तमय आश्रम बनाएर चंक्रमण स्थलको दुवै तिर सहाराको निम्ति बार लगाई, चंक्रमण स्थलको मध्य भागमा बस्नको लागि मुंगको जस्तै रंग भएको समतल शिला राखेर, पर्णकुटिको भित्र जटा मण्डल, वाकचीर, त्रिदण्ड, कुण्डि आदि तपस्वीको निम्ति सामान, मण्डपमा पानीको भाँडो, शङ्खमा पानी, पानी पीउनलाई झारी, अग्निशालामा अँगीठी, आगो बाल्नलाई काठ-दाउरा अरनि आदि जुन जुन प्रव्रजितको आवश्यक पर्ने हो ती ती सबै निर्मित गरी पर्णकुटीको भित्तामा " जो कोही प्रव्रजित हुन चाहनेले यी परिष्कार लिएर प्रव्रजित हुनु" भनी लेखेर देवलोकमा गए । पछि सुमेध पण्डित हिमवन्त पर्वत-तल, गिरिकन्दरा हुँदै आफू सुख पूर्वक बस्नको निम्ति स्थान खोज्दै नदीको मोडमा विश्वकर्माद्वारा निर्मित इन्द्रले दिएको रमणीय आश्रम देख्यो । चंक्रमण स्थलको उपल्लोस्थानमा गई, त्यहाँ कसैको पनि पद चिन्ह नदेख्दा "निश्चय पनि प्रव्रजितहरु नजिकैको गाउँमा भिक्षाटन गरी फर्केर आई थाकेको हुनाले पर्णकुटीमा प्रवेश गरी भित्र बसेको हुनुपर्छ" भन्ने विचार लिई केही समय प्रतिक्षा पश्चात सोच्न थाल्यो– "धेरै समय लाग्यो यसो हेरौं" भनी पर्णशालाको द्वार खोलिकन भित्र पसेर यता उता हेर्दा ठूलो भित्तामा कुँदेर लेखेको अक्षर पढेपछि "यी परिष्कारहरु मेरो योग्य छ, यसलाई ग्रहण गरी प्रव्रजित हुन्छु ।" आफूले लगाएर आएको वस्त्रलाई त्याग्यो । त्यसैले भन्यो– 'त्यहाँ वस्त्रलाई त्याग्यो ।' सारिपुत्त ! यसरी म भित्र पसेर पर्णशालामा भएको त्यो वस्त्रलाई त्यागें ।

'नव दोषले युक्त' वस्त्र त्याग्यो' भन्नुको अर्थ नौप्रकारका दोषलाई देखेर त्याग गऱ्यो । तपस्वी प्रव्रजित हुनेलाई वस्त्रमा नौ प्रकारका दोष छन् । 'अति मूल्यवान हुनु' एक दोष, 'अरुको आधार लिनु पर्ने' एक, 'लगाउँदा चाँडै मलिन हुनु एक ,मैलो हुँदा धुनु, रङ्गाउनु र जीर्ण हुनु एक,



Downloaded from http://dhamma.digital/

'जीर्ण वा फाटेमा सिलाउनु पर्ने वा टाल्नु पर्ने हुन्छ अनि फेरि खोज्नु पर्ने हुन्छ' एक, 'प्रव्रजित तपस्वीलाई मेल नखानु' एक, 'चोरलाई चोर्न योग्य हुनु' एक, 'जसरी हुन्छ चोरले चोरेर नलगोस भनी नदेख्ने गरी राख्नुपर्ने र लगाउँदा सजाउनु पर्ने' एक, लिएर जानु पर्दा काँधको लागि भार र महत् इच्छाको भाव' एक ।

'वाकचीर लगाएं' सारिपुत्त ! त्यसबेला मैले यी नौ अवगुणलाई देखेर वस्त्रलाई छाडेर वाकचीर लगाएं । मुञ्जतृणलाई फार्दै फार्दै त्यसैलाई गाँठो पार्दै बनाएको वाकचीर लगाएं भन्नुको अर्थ हो ।

'बाह्र गुणले युक्त' भन्नुको अर्थ हो– बाह्र गुणको प्रतिफलले सम्बन्ध भएको । वाकचीर (लोकतोको वा छालको पोषाक) बाह्र गुण छन्– सस्तो, सुन्दर र विहित हुनु यो पहिलो , आफ्नै हातले तयार गर्न सक्नु दोस्रो, चाँडै नमइलिने र धुनुमा पनि सजिलो तेस्रो, उपयोग गर्दागर्दै जीर्ण हुँदा सीलाउनु र टाल्न नपर्ने चौथो, फेरि अर्को खोज्दा सजिलै पाउन सक्ने पाँचौ, तपस्वी प्रव्रजितको निम्ति अनुकूल हुने छैठौं, चोरको निम्ति काम नलाग्ने सातौं, पहिरनेलाई शौकको निम्ति नहुने आठौं, पहिरनमा हलुका हुनु नवौं, चीवर विषयमा अल्पेच्छको भाव हुनु दशौं, छाल (लोकतो) बाट बन्नसक्ने हुनाले धर्मको दृष्टिले दोष रहित हुनु एघारौं अनि वाकचीर नष्ट हुँदा मतलब नहुनु बाह्रौं भयो ।

'आठ दोष भएको पर्णशालाई त्यागें' कसरी त्यागें ? त्यो राम्रो जोडा वस्त्र छाडेर बाँसमा झुण्डाएको अनोज फूलको माला झैं रक्तवर्णको वाकचीरलाई ग्रहण गरी लगाएं, त्यसको माथि अर्को सुवर्ण वर्णको वाकचीरलाई पहिरिएर, पुन्नाग फूल सरहको शैय्या झैं भएको अनि खुर सहितको मृग चर्मलाई एक काँधमा बाँधे । जटालाई खोलेर जुरो बाँधि छरपस्ट हुन नदिन ठाउँ ठाउँमा शलाका राखें । मोतिको जाल समान भएको प्वालमा मूंगकोवर्णको कुण्डीलाई राखें । त्यहाँ रहेको थैलो लिएर एक ठाउँमा, एक ठाउँमा कुण्डी अर्को ठाउँमा अंकुश तथा त्रिदण्ड लट्काएर थैलोलाई काँधमा राखी दक्षिण हातमा वैशाखी लिएर

पर्णकुटीबाट निस्कें । साठी हात लामो महाचंक्रमण भूमिको उपल्लोबाट अर्को पल्लोसम्म चंक्रमण गर्दै आफ्नो भेषलाई देखेर सोच्न थालें– " मेरो मनोरथ पूर्ण भयो, प्रव्रज्या मलाई सुहाउँछ, बुद्ध-प्रत्येकबुद्ध सहित सबै बुद्धिमानले प्रव्रज्याको प्रशंसा गरेको छ । मेरो गृह बन्धन छुट्यो, म नैष्क्रम्यको निम्ति निस्कें, मैले उत्तम प्रव्रज्या पाएँ, मैले श्रमण धर्म पालन गर्छु अनि मार्गफलको सुखलाई लाभ गर्नेछु ।" उत्साहित हुँदै थैलोलाई उतारिकन चंक्रमण भूमिको मध्यस्थानमा रहेको मूंग रङ्ग जस्तै देखिने शिलासनमा स्वर्ण प्रतिमा झैं बसी, दिवसको समय बिताई, सायण्ह समयमा पर्णशालामा प्रविष्ट भई, बाँसको चारपाई नजिकै रहेको काठको फल्याकमा पल्टिएर बिश्राम लिएं । भोलिपल्ट बिहान उठेर आफू आएको कारणलाई विचार गरें– "मैले गृहस्थ हुँदाको दोषलाई देखेर अपारभोग सामाग्रीलाई र अनन्त यशलाई परित्याग गरी अरण्यमा प्रविष्ट भई नैष्क्रम्यको खोज गर्दै प्रव्रजित भएँ । यसकारण अब म प्रमादि हुनु हुँदैन ।

एकान्तलाई छाडेर विचरण गरिरहँदा मिथ्या वितर्कको झिंगाहरुले खान्छ । यसैले अब मैले एकान्त चिन्तनको वृद्धि गर्नुपर्छ । मैले गृहस्थ जीवनलाई झंझट ठानेर निष्क्रमण गरें । यस मनोहर पर्णशाला, पाकेको बेल जस्तै रंगिलो भूमि, चाँदिको जस्तै रंगिलो भित्ता, परेवाको खुट्टा जस्तै रंगिलो पर्णको छट छ । चित्र-विचित्रको रंगिन बाँसको पलँग छ । बस्नको निम्ति सुखदायक निवासस्थान छ । मेरो घरको सम्पत्ति अनि यसमा केही फरक भएन । पर्णशालाको विषयमा चिन्तन गर्दै जाँदा आठ दोषलाई देखे ।

पर्णशाला उपभोग गर्दा आठ दोष– अति मेहनत गरी आवश्यक वस्तुको जोडनु पर्ने र बटुल्नु पर्ने एक, पात-तृण अनि माटो खस्दा त्यसलाई निरन्तर मरम्मत गर्नु पर्ने दोस्रो, शयनासन भनेको ठूला बडाको लागि हुनाले असमयमा आउँदा उठी दिनुपर्दा चित्त एकाग्रता हुँदैन तेस्रो, जाडो र गर्मीबाट बचिंदा शरीर कोमल हुन्छ चौथो, गृहमा प्रवेश गर्दा जतिपनि पाप कर्म गरिने हो लुकेर गर्न सकिने पाँचौ, "मेरो" भन्ने परिग्रह हुनु छैठौं, गृह हुनु भनेको नै एक्लो नहुनु सातौं, उडुस, किरा, छेपारो आदि



Downloaded from http://dhamma.digital/

औधि बढेर आउने हुन्छ आठौं । यसरी आठ प्रकारको दोषलाई देखेर महासत्वले पर्णशालाई त्याग गऱ्यो । त्यसैले भनिएको हो– "आठ दोषले युक्त पर्णशालालाई त्यागें ।

"दसप्रकारका गुणले सम्पन्न भएको वृक्ष मूलमा गएर बसें" छटलाई प्रतिक्षेप गरी दसप्रकारका गुण भएको वृक्ष मूलमा गएर बस्यो भनेको हो । ती दस गुण यस प्रकारका हुन्– सरसमान जुटाउन नपर्नु पहिलो गुण, त्यहाँसम्म पुग्नलाई मात्र जान पर्ने हुन्छ । त्यहाँ केही काम नगरे हुने दोस्रो, बढाले पनि नबढाले पनि सख पूर्वक सेवन गर्न सकिने हुन्छ । उठी दिनु नपर्ने तेस्रो । त्यहाँ पाप कर्म हुँदा दोषारोपनबाट बच्न सक्दैन, पाप कर्म गर्दा लाज मान्नु पर्ने हुन्छ अनि पाप कर्मलाई लुकाउन नसक्ने चौथो । खुला आकाश मुनि रहँदा शरीर कडापन भए जस्तै कडापन नहुने पाँचौ । जोडन र बटुल्नको भाव नरहनु छेटौं । घरप्रति रहने आसक्तिको अभाव हुनु सातौं । सार्वजनिक शालामा सरसफाई गरिंदा वा मरम्मत गरिंदा निस्केर जानु पर्ने हुन्छ त्यसरी यहाँबाट निस्केर जानु नपर्ने आठौं । प्रीतियुक्त भई रहन सक्ने नवौं । वृक्ष मुनि बस्नलाई आसन सजिलैसित सुलभ हुनु अनपेक्षित हुनसक्नु । यी दस प्रकारका गुणलाई देखेर वृक्ष मूलमा गएर बसें भनी भनेको हो ।

यी सबै कारणहरुलाई ध्यान पुऱ्याई महासत्वले भोतिपल्ट भिक्षार्थ गाउँमा जानुभयो । अनि त्यहाँ गाउँमा पुगिंदा बडो उत्साह पूर्वक मानिसहरुले भिक्षा दिए । भोजन पश्चात् वहाँ आश्रममा फर्केर बसे पछि चिन्तन गरें– "मैले आहार प्राप्त हुँदैन भनी प्रव्रजित भएको थिएं । यसरी राम्रो आहार गर्दा अभिमान अनि पुरष मदलाई बढाउने हुन्छ । आहारबाट उत्पन्न हुने दुःखको अन्त छैन । यसकारण छरेको र रोपेको अन्नबाट बनेको भोजनलाई त्यागेर मैले केवल वृक्षबाट खसेको फललाई खान्छु ।" त्यसबेला देखि मैले भोजन ग्रहण गर्न छाडें । ध्यानाभ्यासमा लागेर एक सप्ताह भित्र नै आठ समापत्ति अनि पाँच अभिज्ञालाई प्राप्त गरें । यही कारणलाई लिएर उल्लेख गरेको छ–

"वापितं रोपितं धञ्ञं, पजहिं निरवसेसतो ।
अनेकगुणसम्पन्नं, पवत्तफलमादियिं ॥
"तत्थप्पधानं पदहिं,निसज्जट्ठानचङ्कमे ।
अब्भन्तरह्मि सत्ताहे, अभिञ्ञाबलपापुणि"न्ति ॥

"छरिएको, रोपिएको अन्नलाई, त्यागी दिएं सबै ।
अनेकौं गुण सम्पन्न, भूमिमा खसेको फल मात्र लिएं ॥
"लागें ध्यानमा त्यहाँ, बस्ने-उठने र चंक्रमणमा ।
सप्ताह भित्र नै, गरें लाभ अभिज्ञा-बललाई ।"

यसरि अभिज्ञा-बललाई प्राप्त गरी सुमेध तापस समापत्ति सुखमा बिताउँदै रहँदा दीपङ्कर नाउँका शास्ता लोकमा जन्मिनु भयो । वहाँको गर्भ प्रवेश, जन्म, सम्बोधि लाभ र धर्मचक्र प्रवर्तनको समयमा समस्त दस हजार ब्रह्माण्ड कम्पित, प्रकम्पित भएको थियो, महानाद भएको थियो अनि बत्तिस प्रकारको पूर्व निमित्त प्रकट भएको थियो । तर समापत्ति सुखमा लीन रहेकोले त्यस शब्दलाई सुमेध तापसले सुन्न सकेन अनि त्यस निमित्तलाई देख्न सकेन । यही कारणलाई लिएर उल्लेख गरेको छ-

"एवं मे सिद्धिप्पत्तस्स, वसीभूतस्स सासने ।
दीपङ्करो नाम जिनो, उप्पज्जि लोकनायको ॥
"उप्पज्जन्ते च जायन्ते, बुज्झन्ते धम्मदेसने ।
चतुरो निमित्ते नाद्दसं, झानरतिसमप्पितो" ति ॥

"यसरि मैले सिद्धि प्राप्त पछि, थिएं शासनमा लीन ।
दीपङ्कर नाउँका जिन (बुद्ध), लोकनायक उत्पन्न भए ॥
"गर्भ प्रवेश, उत्पत्ति, बुद्धत्व प्राप्ति अनि धर्मोपदेश ।
सकिन देख्न चार निमित्तलाई, ध्यानमा लीन रहनाले ।"



Downloaded from http://dhamma.digital/

त्यस समयमा दीपङ्कर दसबल[१]धारी चारलाख अर्हतहरुका साथमा क्रमशः चारिका गर्नु हुँदै रम्मक भन्ने नगर पुग्नु भई सुदस्सन महाविहारमा बस्नु हुन्थ्यो । रम्म नगरवासीले सुने कि "श्रमणहरुका अधिपति हुनुभएका दीपङ्कर परमसम्बोधि प्राप्त पश्चात श्रेष्ठोत्तम धर्मचक्र प्रवतन गर्नु हुँदै क्रमशः चारिका गर्दै रम्म नगरमा आउनु भई सुदर्शन महाविहारमा बस्नु भएको छ ।" भन्ने खबर सुनेर मक्खन, घ्यू आदि भैषज्य[२] अनि वस्त्र वछ्यान लिन लगाई, गन्ध माला हातमा लिएर बुद्ध, धर्म र संघप्रति श्रद्धावान, विनम्रताका साथै प्रसन्न भईकन शास्ताकहाँ पुगेर वन्दना गरे अनि गन्ध-मालादिद्वारा पूजा गरेर एक ठाउँमा बसे । त्यहाँ धर्म देशना श्रवण गरेपछि भोलिको निम्ति निम्तो गरी उठेर गए ।

तिनिहरुले भोलिको निम्ति महादान दिन सजिसजावत गर्दै, नगरलाई झिलिमिलि पार्दै, दसबल आगमन हुने मार्गमा झिलिमिलि पार्दै, पानी बगेर बाटो बिगारेको ठाउँमा माटो लगाई भूमिलाई समतल बनाउँदै, चाँदी जस्तो बालुवा बिछ्याइ, त्यहाँ फूल तथा लाजा छड्दथ्यो । नाना प्रकारका रङ्गीन वस्त्रका ध्वजा पटाका फहराए, केराको बोट अनि पूर्ण घडालाई पंक्तिबद्ध गरी राखे । त्यस समयमा सुमेध तपस्वी मानिसहरुको माथि आकाश मार्ग हुँदै जाँदा, त्यहाँ सन्तुष्ट तथा हर्षित भइरहेका मानिसहरुलाई देखे । अनि "के कारणले होला ?" भनी आकाशबाट ओर्लेर एकतिर उभिकन तिनीहरुसंग सोध्यो– "ए मानव हो ! तिमीहरुले यो बाटो कसको लागि बनाई रहेको ?" यही कारणलाई लिएर उल्लेख गरेको छ–

**"पच्चन्तदेसविसये, निमन्तेत्वा तथागतं ।**
**तस्स आगमनं मग्गं, सोधेन्ति तुट्ठमानसा ॥**
**अहं तेन समयेन, निक्खमित्वा सकस्समा ।**

---

१ अन्तको पृष्ठ (क(मा हेरौं ।

२ औषधी ।

धुनन्तो वाकचीरानि, गच्छामि अम्बरे तदा ॥
"वेदजातं जनं दिस्वा, तुट्ठहट्ठं पमोदितं ।
ओरोहित्वान गगना, मनुस्से पुच्छि तावदे ॥
" तुट्ठहट्ठो पमुदितो, वेदजातो महाजनो ।
कस्स सोधीयति मग्गो, अञ्जसं वटुमायन"न्ति ॥

"सीमान्त प्रदेशकाले, तथागतलाई निमन्त्रण गरी ।
वहाँको आगमन मार्गमा, गर्दै थिए मर्मत सन्तुष्ट मनले ॥
"त्यस समयमा म, निस्कें आफ्नो आश्रमबाट ।
कंपित छालवस्त्र सहित, थिएँ जाँदै अम्बरबाट त्यो बेला ॥
"आनन्दित मानिसहरु देखेरे, सन्तुष्ट र प्रमुदित ।
ओर्लिएं गगनबाट, सोधें त्यहाँका मानिसहरुसंग ॥
"संतुष्ट-हर्षित, प्रमुदित हुँदै, आनन्दित महाजन समूहले । ।
कस्को निम्ति मार्ग मर्मत गरी रहेको, आउने को यस मार्गबाट ?"

मानिसहरुले भन्यो– "भन्ते सुमेध ! के तिमीलाई थाहा छैन ? दसबलधारी दीपङ्कर सम्यकसम्बोधि प्राप्त गरी श्रेष्ठोत्तम धर्मचक्र प्रवर्तन गर्नु हुँदै, क्रमश चारिका गर्दै, हाम्रो नगरमा आउनु भई, सुदस्सन महाविहारमा बस्नु भएको छ । हामीले वहाँ भगवानलाई निमन्त्रण गरेका छौं, वहाँ भगवानको आगमनार्थ बाटो-घाटोलाई अलङ्कृत गरी रहेका हौं ।" सुमेध तपस्वीले विचार गऱ्यो– "लोकमा बुद्ध भन्ने शब्द सुन्न पनि दुर्लभ छ, बुद्ध जन्मिने कुरा त के ! मैले पनि यी मानिसहरुसंग मिलेर दसबल आउनु हुने मार्गलाई अलङ्कृत गर्नुपर्छ ।" वहाँले ती मानिसहरुलाई भन्यो– "भो ! यदि तिमिहरुले बुद्धको निम्ति यो बाटो अलङ्कृत गरिरहेका हौ भने मलाई पनि मौका दिनुस्, मैले पनि तिमीहरुसंग मिलेर बाटोलाई अलङ्कृत गर्न चाहन्छु ।" तिनीहरुले "साधु" भनी स्वीकार गरी 'सुमेध तपस्वी' दिव्य शक्तिधारी हो भनी जानेको हुनाले पानीले बिगाडी राखेको एक ठाउँ दिएर भन्यो– "तपाईंले यस बाटोलाई मर्मत र अलङ्कृत पार्नु ।" सुमेधले बुद्धको आरम्मण (आलम्बन)बाट प्रीति उत्पन्न गरी सोच्यो– "मैले यस स्थानलाई



Downloaded from http://dhamma.digital/

ऋद्धिद्वारा अलङ्कृत पार्न सक्छु, यसरि गर्दा मेरो मनलाई सन्तोष हुने छैन, आज मैले शारीरिक परिश्रम नै गर्नु पर्छ।" भनी माटो ल्याउँदै त्यस ठाउँलाई भर्न थाल्नु भयो।

त्यो ठाउँलाई अलङ्कृत (मर्मत) गर्न पूर्व नै दसबलधारी दीपङ्कर बुद्ध 'छ' अभिज्ञाले युक्त चारलाख महा-आनुभाव हुनु भएका क्षीणाश्रवी (अर्हत) सहित त्यस अलङ्कृत मार्गबाट पाल्नुभयो। त्यस समयमा देवताहरुले दिव्य माला-गन्धादिद्वारा वहाँको पूजा गरिरहेका थिए। देवताहरुका दिव्य संगीत बजी रहेका थिए। अनि मनुष्यहरुले मनुष्य सुगन्धित सामग्री र मालाहरुले पूजा गराउँदै अनन्त बुद्ध लीला सहित मन:शिलामा शरीरलाई तन्क्याई रहेको सिंह जस्तै त्यस अलङ्कृत मार्गबाट आइरहनु भएको थियो। सुमेध तपस्वीले बत्तीस लक्षण[1]ले सम्पन्न, अस्सी अनुव्यञ्जन[2]ले युक्त चार, चार हातसम्मको रश्मि फैलाउँदै जसबाट माणिक रङ्गको प्रभा निस्केर गगन तलमा नाना प्रकारको विद्युत् प्रकाश भए झैं एककृत भई दुई दुईको जोडी हुँदै 'छ' रङ्गका घनी रश्मि प्रस्तारित भईरहेको अत्युत्तम सुन्दर शरीर अनि व्यक्तित्वलाई देखेर "आज मैले दसबल हुनुभएकालाई जीवन अर्पण गर्नुपर्छ, भगवानलाई हिलोमा हिंडन दिनु हुँदैन। यदि चारलाख क्षीणाश्रावहरुकासाथ वहाँले मणिको फल्याकबाट निर्मित पुलमा जानु भए झैं मेरो पीठ्यूँलाई कुल्चिँदै जानु भएमा यसद्वारा मलाई दीर्घकालसम्मको लागि हितार्थ र सुखार्थ हुनेछ।"भनी केशलाई फिजाएर मृग चर्म, जटा र वाकचीरलाई कालो वर्णको हिलोमा राखेर माणिक फल्याक झैं भई, पुल जस्तै गरी हिलोमा लेट्नु भयो। यही कारणलाई लिएर उल्लेख गरेको छ–

**"ते मे पुड्डा वियाकंसु, बुद्धो लोके अनुत्तरो।**
**दिपङ्करो नाम जिनो, उप्पज्जि लोकनायको।**

---

[1] पृष्ठको अन्त (ख)मा हेरौं।

[2] अन्तको पृष्ठको (घ)मा हेरौं।



Downloaded from http://dhamma.digital/

तस्स सोधीयति मग्गो, अञ्जसं वटुमायनं ॥
"बुद्धोति मम सुत्वान, पीति उप्पज्जि तावदे ।
बुद्धो बुद्धोति कथयन्तो, सोमनस्सं पवेदयिं ॥
"तत्थ ठत्वा विचिन्तेसिं, तुट्ठो संविग्गमानसो ।
इध बीजानि रोपिस्सं, खणो एव मा उपच्चगा ॥
"यदि बुद्धस्स सोधेथ, एकोकासं ददाथ मे ।
अहम्पि सोधयिस्सामि,अञ्जसं वटुमायनं ॥
"अदंसु ते ममोकासं, सोधेतुं अञ्जसं तदा ।
बुद्धो बुद्धोति चिन्तेन्तो, मग्गं सोधेमहं तदा ॥
"अनिट्ठिते ममोकासे, दीपङ्करो महामुनि ।
चतूहि सतसहस्सेहि, छलभिञ्ञेहि तादिहि ।
खीणासवेहि विमलेहि, पटिपज्जि अञ्जसं जिनो ॥
"पच्चुग्गमना वत्तन्ति, वज्जन्ति भेरियो बहू ।
आमोदिता नरमरू, साधुकारं पवत्तयुं ॥
"देवा मनुस्से पस्सन्ति, मनूस्सापि च देवता ।
उभोपि ते पञ्जलिका, अनुयन्ति तथागतं ॥
"देवा दिब्बेहि तुरियेहि, मनुस्सा मानुसेहि च ।
उभोपि ते वज्जयन्ता, अनुयन्ति तथागतं ॥
"दिब्बं मन्दारवं पुप्फं, पदुमं पारिछत्तकं ।
दिसोदिसं ओकिरन्ति, आकासनभगता मरू ॥
"चम्पकं सललं नीपं,नागपुन्नागकेतकं ।
दिसोदिसं उक्खिपन्ति, भूमितलगता नरा ॥
"केसे मुञ्चित्वाहं तत्थ, वाकचीरञ्च चम्मकं ।
कलले पत्थरित्वान, अवकुज्जो निपज्जहं ॥
"अक्कमित्वान मं बुद्धो, सह सिस्सेहि गच्छतु ।
मा नं कलले अक्कमित्थो, हिताय मे भविस्सती"ति ॥

" मैले सोद्धा भन्यो तिनीहरुले, लोकमा अनुपम बुद्ध ।
दीपङ्कर नाउँको जिन, उत्पन्न भएको छ लोकनायक ॥



Downloaded from http://dhamma.digital/

वहाँको आगमनार्थमा बाटोको सरसफाई भईरहेछ ।
"बुद्धको नाउँ सुन्नसाथ ममा, त्यहीबेला प्रीति उत्पन्न भयो ।
बुद्ध, बुद्ध भनिरहँदा, भयो अनुभूति हर्षको ।
"थालें सोच्न त्यहाँ बसेर, सन्तुष्ट हुँदै उल्लासित मनले ।
बीजारोपण गर्नु पर्छ यहाँ, नफालौं खेर यस समयलाई ॥
"बुद्धको निम्ति बाटो सफाई हो भने, दिनु मलाई एक अंश ।
सफा गर्नेछु बाटो मैले पनि, वहाँको आगमनार्थ ।
" माँग्दा दियो मलाई तिनीहरुले, तब सफा गर्न बाटो ।
बुद्ध, बुद्ध भन्दै चिन्तन गर्दै, तब गर्नलागें मैले बाटो सफा ॥
"मेरो कार्य पूर्ण नहुँदै, महामुनि दीपङ्कर ।
चार सत सहश्र, षडभिज्ञालाभि वहाँहरुसंग ।
मलरहित अनाश्रवी जिनको भयो आगमन ॥
"कर्तव्यानुसार अगवानीको निम्ति, बजियो धेरै नै भेरी ।
आनन्दित देव-मनुष्यहरुद्वारा, 'साधुकारको गुँजायमान भयो ॥
"देख्यो देवगणले मनुष्यहरुलाई, मनुष्यहरुले पनि देवहरुलाई ।
उभयपक्षबात नै बिन्ति गर्दै, आउँदै थिए तथागतको पछि ॥
"देवताहरुले दिव्यमय तूर्य, मनुष्यहरुले मनुष्य वाद्य ।
बजाउँदै उभयपक्षले तिनीहरु, आउँदै थिए तथागतको पछि ॥
"दिव्य मन्दार पुष्प, पद्म-पारिजात छत्र ।
दिशाविदिशाबाट बर्साउँदै थियो, नभमण्डलबाट देवहरुले ॥
"चम्पा-सलल-नीप, नाग-पुन्नाग र केतकि ।
दिशाविदिशाबात छरिरहेका थिए, भूमण्डलका मानिसहरुले ॥
"फुकालेर केश त्यहाँ मैले, छाल वस्त्र र चर्मलाई ।
फैलाएर हिलोमा, परें घोप्टो म ॥
"कुल्चिंदै मलाई बुद्ध, सहित शिष्यहरु जावस् ।
जान नपरोस टेकेर हिलोमा, हुनेछ हितार्थ मलाई ।"

वहाँ हिलोमा लेट्नु भई पुन आँखा खोलेर दसबलाधारी दीपङ्कर बुद्धको श्रीशोभालाई हेर्दै सोच्यो– "यदि मैले इच्छा गरेमा सम्पूर्ण



Downloaded from http://dhamma.digital/

क्लेशलाई भस्म गरी नव संघ सदस्य (भिक्षु) बनेर रम्म नगरको भित्र जान सक्छु। तर म अप्रशिद्ध भेष लिई, क्लेश नाश गरी निर्वाणलाई प्राप्त गर्नु मेरो कृत्य होइन । किन मैले दसबलधारि दीपङ्करले जस्तै परमसम्बोधिलाई प्राप्त गरिकन धर्मको नौकामा आरोहित भई महाजन समुदायलाई संसारको सागरबाट पार लगाए पश्चात मात्र परिनिर्वाण नहुने ! यही नै मेरो निम्ति उपयुक्त हुन्छ।" त्यहीं नै अष्ट धर्म विषयमा समाधान गरी बुद्ध हुनकालागि संकल्पित भई लेटी नै रहे। यही कारणलाई लिएर उल्लेख गरेको छ–

"पठवियं निपन्नस्स, एवं मे आसि चेतसो।
इच्छमानो अहं अज्ज, किलेसे झापये मम ॥
'किं मे अञ्ञातवेसेन, धम्मं सच्छिकतेनिध।
सब्बञ्ञुतं पापुणित्वा, बुद्धो हेस्सं सदेवके ॥
'किं मे एकेन तिण्णेन, पुरिसेन थामदस्सिना।
सब्बञ्ञुत्तं पापुणित्वा, सन्तारेस्सं सदेवके ॥
'इमिना मे अधिकारेन, कतेन पुरिसुत्तमे।
सब्बञ्ञुतं पापुणित्वा, तारेमि जनतं बहुं ॥
'संसारसोतं छिन्दित्वा, विद्धंसेत्वा तयो भवे।
धम्मनावं समारुय्ह, सन्तारेस्सं सदेवके' "ति ॥ (बु० वं० -२.५४-५८)।

" लेटिएर पृथ्वीमा, विचार आयो ममा यस्तो।
आज मैले इच्छा गरेमा, गर्न सक्छु नाश मेरो क्लेश ॥
'किन अज्ञात भेषमा मैले, गर्ने धर्म साक्षात्कार !
सर्वज्ञ ज्ञान लाभ गरी, हुन्छु सदेव-मनुष्य बीच बुद्ध ॥
' एक्लै किन पार हुने ! सामर्थ्यवान भएर पनि।
सर्वज्ञ ज्ञान लाभ गरी, पार उतार्नेछु सदेव-मनुष्यलाई ॥
यो मेरो आकांक्षा, पुरुषोत्तमलाई गरेको कार्यद्वारा।
सर्वज्ञ ज्ञान लाभी भई, तार्नेछु धेरै जनलाई ॥



Downloaded from http://dhamma.digital/

संसार श्रोतलाई गरी छेदन, त्रयी भव[1] विध्वंश गरी ।
धर्मको नौकाम आरोहित भई, तार्नेछु सदेव-मनुष्यलाई ।"

बुद्धत्व प्रार्थना गर्नेसंग जुन हुनुपर्छ–

"मनुस्सत्तं लिङ्गसम्पत्ति, हेतु सत्थारदस्सनं ।
पब्बज्जा गुणसम्पत्ति, अधिकारो च छन्दता ।
अट्ठधम्मसमोधाना, अभिनीहारो समिज्झती"ति ॥ (बु० वं० – २.५९)

"मनुष्यत्व, लिङ्गसम्पत्ति, हेतु, शास्ताको दर्शन ।
प्रव्रज्या, गुण सम्पत्ति, अधिकारी र इच्छा ।
अष्टधर्ममा समानहुँदा, संकल्प हुन्छ सफल ॥"

मनुष्यत्व रुपमा नै रहेर बुद्धत्वको प्रार्थना सफल हुन्छ, नाग, गरुड वा देवकुलको जन्ममा त्यो प्रार्थना सफल हुँदैन । मनुष्य भए पनि पुरुषलिंगमा स्थित भएमा मात्र प्रार्थना सफल हुन्छ, स्त्री, पण्डक, नपुंसक, दुवै लिंग हुनेले प्रार्थना गर्दा सफल हुँदैन । पुरुष भए पनि आफू अर्हत हुनसक्ने हेतु हुनेको मात्रै सफल हुन्छ, अन्यथा हुँदैन । हेतु सम्पन्न भए पनि जीवमान बुद्धको सम्मुखमा प्रार्थना गर्दा मात्र प्रार्थना सफल हुन्छ, बुद्ध परिनिर्वाण पश्चात चैत्यको अगाडि वा बोधिवृक्षको अगाडि प्रार्थना गरे पनि सफल हुँदैन । बुद्धको सम्मुखमा प्रार्थना गरे पनि प्रव्रजित रुपमा स्थित हुँदा मात्र सफल हुनसक्छ, गृहस्थ रुपमा स्थित भएमा हुँदैन । प्रव्रजित भए पनि अष्टसमापत्ति लाभी हुँदा मात्रै सफल हुनसक्छ, यो गुण सम्पत्ति नरहेमा हुँदैन । गुण सम्पन्न भए पनि आफ्नो जीवन बुद्ध प्रति परित्याग गर्ने हुनुपर्छ, ।ऊ अधिकार सम्पन्न भएमा मात्र सफल हुनसक्छ, नत्र हुँदैन । अधिकार सम्पन्न भएपनि बुद्ध हुनलाई सहयोगार्थ आवश्यक

---

[1] काम भव, रुप भव र अरुप भव ।



Downloaded from http://dhamma.digital/

पर्ने महत् इच्छा, उत्साह, वीर्य र अनुसन्धानमा लाग्नेले मात्र सफल गर्न सक्छ, नत्र सक्दैन ।

महत् इच्छाको विषयमा उपमा यसप्रकार छन्– "जसले समस्त चक्रवालमा जलमय हुँदा गर्भलाई आफ्नो बाहुबलद्वारा पार हुन सामर्थ्य भएकाले बुद्धपद प्राप्त गर्नसक्छ । अथवा जसले समस्त चक्रवालमा बाँसको झाडीले ढाकिएको गर्भलाई हटाएर त्यसलाई मर्दन गर्दै हिंडेर पार गर्न सामर्थ्य भएकाले बुद्धपद प्राप्त गर्नसक्छ । अथवा जसले समस्त चक्रवालमा गाढिएको छुराको गर्भलाई निरन्तर टेक्दै हिंडेर पार गर्न सामर्थ्य भएकाले बुद्धपद प्राप्त गर्नसक्छ । अथवा जसले समस्त चक्रवालमा अंगारले भरिएको गर्भलाई पदद्वारा मर्दन गर्दै पार गर्न सामर्थ्य भएकाले बुद्धपद प्राप्त गर्नसक्छ । जो यी मध्येमा कुनै एकलाई रोजेर आफूले दुष्कर भनी नठान्ने हुन्छ, "मैले यसलाई पनि तरेर वा हिंडेर पार गर्छु" भन्ने यस प्रकारको महत् इच्छा, उत्साह, प्रयत्न र अनुसन्धानमा लाग्ने जो हुन्छ, उसको प्रार्थना सफल हुनसक्छ, नत्र सक्दैन । सुमेध तपस्वीले यी अष्ट धर्ममा विचार पुऱ्याएर बुद्धपद प्राप्तार्थ संकल्पित भई घोप्टो परिरहनु भयो ।

भगवान दीपङ्कर पनि आउनुभई सुमेधतपस्वीको सिरभाग निर उभिनु भई माणिकको झ्याल खोले झैं खोलेर पाँचप्रकारको रंगिन चक्षु प्रसादलेयुक्त आँखालाई खोलेर हिलोमा परिरहेका सुमेध तपस्वीलाई देख्नुभई "यो तपस्वी बुद्धपद प्राप्तार्थ संकल्पित भई घोप्टो परिरहेको छ, यसको प्रार्थना पूर्ण हुने हो कि होइन ?" अनागतमा हुनेलाई सोचेर थाहा पाउनु भयो कि "आजदेखि चार असंख्यय एकलाख कल्प बितेपछि गोतम नाउँको बुद्ध हुनेछ ।" भनी जान्नुभई त्यस परिषदको बीचमा नै उभिनु भई भन्नुभयो–"यो उग्रतपस्वी हिलोमा घोप्टो परिरहेको तिमीहरुले देख्यौ ?" "ज्यू हो भन्ते !" "ऊ बुद्धपद प्राप्तार्थ संकल्पित भएर हिलोमा घोप्टो परिरहेको छ । यसको प्रार्थना पूर्ण हुनेछ । यस समयदेखि चार असंख्य एकलाख कल्प पश्चात गोतम नाउँको बुद्ध हुनेछ । त्यस जन्ममा यसको निवास कपिलवस्तु नाउँको नगर हुनेछ । मायादेवी नाउँकि माता हुनेछिन्,



Downloaded from http://dhamma.digital/

सुद्धोदन नाउँका राजा पिता हुनेछन्, उपतिस्स थेर नाउँका अग्रश्रावक हुनेछ, दुतिय श्रावक कोलित नाउँका हुनेछ, आनन्द नाउँका बुद्धका सेवक हुनेछ, अग्रश्राविका खेमा नाउँकि थेरी हुनेछिन्, दुतिय श्राविका उप्पलवण्णा हुनेछिन्, ज्ञानको परिपक्व भएपछि महाभिनिष्क्रमण गरी, महा तपस्या गरी, वरको वृक्षमूलमा खीर ग्रहण गरी, नेरञ्ज नदी तीरमा भोजन गरिकन बोधिमण्डपमा आरोहण गरी पीपलको वृक्षमूलमा बुद्धपदलाई प्राप्त गर्नेछ ।" यही कारणलाई लिएर उल्लेख गरेको छ–

"दीपङ्करो लोकविदू, आहुतीनं पटिग्गहो ।
उस्सीसके मं ठत्वान, इदं वचनमब्रवि ॥
'पस्सथ इमं तापसं, जटिलं उग्गतापनं ।
अपरिमेय्ये इतो कप्पे, बुद्धो लोके भविस्सति ॥
'अहु कपिलह्वया रम्मा, निक्खमित्वा तथागतो ।
पधानं पदहित्वान, कत्वा दुक्करकारिकं ॥
'अजपालरुक्खमूले, निसीदित्वा तथागतो ।
तत्थ पायासं पग्गह्य, नेरञ्जरमुपेहिति ॥
'नेरञ्जराय तीरम्हि, पायासं अद सो जिनो ।
पटियत्तवरमग्गेन, बोधिमूलमुपेहिति ॥
'ततो पदक्खिणं कत्वा, बोधिमण्डं अनुत्तरो ।
अस्सत्थरुक्खमूलम्हि, बुज्झिस्सति महायसो ॥
'इमस्स जनिका माता, माया नाम भविस्सति ।
पिता सुद्धोदनो नाम, अयं हेस्सति गोतमो ॥
'अनासवा वीतरागा, सन्तचित्ता समाहिता ।
कोलितो उपतिस्सो च, अग्गा हेस्सन्ति सावका ।
आनन्दो नामुपट्ठाको, उपट्ठिस्सति तं जिनं ॥
'खेमा उप्पलवण्णा च, अग्गा हेस्सन्ति साविका ।
अनासवा वीतरागा, सन्तचित्ता समाहिता ।
बोधि तस्स भगवतो ,अस्सत्थोति पवुच्चती' "ति ॥

"लोकविज्ञ दीपङ्कर, पूजा-सत्कारका भाजन ।
उभिनु भई सिर निर, गर्नुभयो प्रकट वचन यो ॥
'देख्यौ यो तपस्वीलाई ? उग्र तपस्या गर्ने जटिललाई ।
यस असंख्य कल्प पश्चात, हुनेछ लोकमा बुद्ध ॥
'कपिलवस्तुको रम्य नगरबाट, निस्केर तथागत ।
लागेर तपस्यामा, गर्छ दुष्कर चर्या ॥
'अजपाल वृक्ष मूलमा, बस्नुभई तथागत ।
त्यहाँ ग्रहण गरी खीर, लाग्नेछ नेरञ्जराको तीरमा ॥
'नेरञ्जरा नदी तीरमा, वहाँ जिनले खानुभई खीर ।
सुसज्जित उत्तम मार्गबाट, पुग्नु हुनेछ बोधिवृक्ष मुनि ॥
'गरी त्यहाँ प्रदक्षिणा, अनुपम बोधिमण्डललाई ।
पीपल वृक्षमूलमा, महायशस्वीले प्राप्त गर्नेछ बुद्धपद ॥
'जन्म दिने माता वहाँकि, माया नाउँकि हुनेछिन् ।
सुद्धोदन नाउँका हुनेछन् पिता, हुनेछ यहाँको गोतम नाउँ ॥
'अनाश्रवी- वीतरागी, शान्त चित्त र समाहित भएका ।
कोलित र उपतिस्स, हुनेछन् अग्रश्रावक ।
आनन्द नाउँको उपस्थापकले, गर्नेछ सेवा वहाँ जिनलाई ॥
"खेमा र उप्पलवण्णा, हुनेछिन् अग्रश्राविका ।
अनाश्रवी वीतरागी, शान्त चित्त र समाहित भएकि ।
वहाँ भगवानले बुद्धत्व पाउने, (वृक्षलाई) पीपल भनिन्छ ॥' "

सुमेध तपस्वीले "मेरो प्रार्थना सफल हुनेभयो" भनी हर्षित भए । दसबलधारी दीपङ्करको वचन सुनेर "वास्तवमा सुमेध तपस्वी त बुद्धबीज बुद्धङ्कुर रहेछ," भनी जनसमुदाय हर्षित तथा सन्तुष्ट भए । उनीहरुले यसरि विचार गरे– "जसरि एकदम सीधै बगिरहेको नदीको घाटबाट तर्न नसक्ने पुरषले तलतिरको घातबाट तर्ने हुन्छ । यसरि नै हामीले पनि दसबलधारी दीपङ्करको शासनमा मार्ग फल लाभ गर्न नसके पनि जब तपाई बुद्ध हुनेछ । त्यस समयमा तपाईंको सम्मुखमा मार्ग फललाई साक्षात्कार गर्न सामर्थ्यवान हुनेछौं । भनी प्रार्थना र निश्चय गरे।



Downloaded from http://dhamma.digital/

दसबलधारी दीपङ्करले पनि बोधिसत्वलाई प्रशंसा गरी अष्टमुष्टि पुष्पद्वारा पूजा र प्रदक्षिणा गरी जानुभयो । ती चारलाख क्षीणाश्रवीहरुले पनि बोधिसत्वलाई गन्ध र मालाद्वारा पूजा र प्रदक्षीणा गरेर गए । देव-मनुष्यहरुले पनि त्यसरी नै पूजा र वन्दना गरेर गए ।

त्यहाँ आएका जति सबैले छाडेर गएपछि बोधिसत्व उठेर "पारमिता विषयमा विचार गर्नेछु" भनी पुष्प रासमा नै पलेँटी कसेर बसे । यसरी बोधिसत्व बस्दा समस्त दससहश्र चक्रवालका देवगण एकत्र भई साधुकार दिंदै "आर्य सुमेध तपस्वी ! पुराना बोधिसत्वले जस्तै पलेँटी कसेर 'पारमिताको विषयमा चिन्तन गर्नेछु, भन्ने इच्छाले बसिने समयमा जुन जुन पूर्व निमित्तहरु देखिने हुन्, ती ती निमित्तहरु आज पनि प्रकट भईरहेछ निस्सन्देह तिमी बुद्ध हुनेछौ । जुन अहिले निमित्तहरु प्रादुर्भाव भईरहेको छ, हामीलाई थाहा भएको कुरा हो निस्सन्देह तिमी बुद्ध हुनेछौ', तिमीले आफ्नो वीर्यलाई दृढ गरी राख ।" भनी बोधिसत्वलाई नानाप्रकारले स्तुति गर्दै प्रशंसा गर्न थाले । यही कारणलाई लिएर उल्लेख गरेको छ–

"इदं सुत्वान वचनं, असमस्स महेसिनो ।
आमोदिता नरमरू, बुद्धबीजं किर अयं ॥
'उक्कुट्ठिसद्दा वत्तन्ति, अप्फोटेन्ति हसन्ति च ।
कतञ्जलि नमस्सन्ति, दससहस्सी सदेवका ॥
'यदिमस्स लोकनथस्स, विरज्झिस्साम सासनं ।
अनागतम्हि अद्धाने, हेस्साम सम्मुखा इमं' ॥
'यथा मनुस्सा नदिं तरन्ता, पटिभित्थं विरज्झिय ।
हेट्ठातित्थे गहेत्वान, उत्तरन्ति महानदिं ॥
'एवमेव मयं सब्बे, यदि मुञ्चामिमं जिनं ।
अनागतम्हि अद्धाने, हेस्साम सम्मुखा इमं' ॥
'दीपङ्करो लोकाविदू, आहुतीनं पतिग्गहो ।
मम कम्मं पकित्तेत्वा, दक्खिणं पादमुद्धरि ॥
'ये तत्थासुं जिनपुत्ता, सब्बे पदक्खिणमकंसु मं ।

नरा नागा च गन्धब्बा, अभिवादेत्वान पक्कमुं ॥
'दस्सनं मे अतिक्कन्ते, ससङ्घे लोकनायके ।
हट्ठतुट्ठेन चित्तेन, आसना वुट्ठहिं तदा ॥
'सुखेन सुखितो होमि, पामोज्जेन पमोदितो ।
पीतिया च अभिस्सन्नो, पल्लङ्कं आभुजिं तदा ॥
'पल्लङ्केन निसीदित्वा, एवं चिन्तेसहं तदा ।
वसीभूतो अहं झाने, अभिञ्ञासु पारमिं गतो ॥
'सहस्सियम्हि लोकम्हि, इसयो नत्थि मे समा ।
असमो इद्धिधम्मेसु, अलभिं ईदिसं सुखं' ॥
'पल्लङ्काभुजने मय्हं, दससहस्साधिवासिनो ।
महानादं पवत्तेसुं, धुवं बुद्धो भविस्ससि ॥
'या पुब्बे बोधिसत्तानं, पल्लङ्कवरमाभुजे ।
निमित्तानि पदिस्सन्ति, तानि अज्ज पदिस्सरे ॥
'सीतं ब्यपगतं होति, उण्हञ्च उपसम्मति ।
तानि अज्ज पदिस्सन्ति, धुवं बुद्धो भविस्सति ॥
'दससहस्सी लोकधातू, निस्सद्दा होन्ति निराकुला ।
तानि अज्ज पदिस्सन्ति, धुवं बुद्धो भविस्ससि ॥
'महावाता न वायन्ति, नसन्दन्ति सवन्तियो ।
तानि अज्ज पदिस्सन्ति, धुवं बुद्धो भविस्ससि ॥
'थलजा दकजा पुप्फा, सब्बे पुप्फन्ति तावदे ।
तेपज्ज पुप्फिता सब्बे, धुवं बुद्धो भविस्ससि ॥
'लता वा यदि वा रुक्खा, फलभारा होन्ति तावदे ।
तेपज्ज फलिता सब्बे, धुवं बुद्धो भविस्सति ॥
'आकासट्ठा च भूमट्ठा, रतना जोतन्ति तावदे ।
तेपज्ज रतना जोतन्ति, धुवं बुद्धो भविस्ससि ॥
मानुसका च दिब्बा च, तुरिया वज्जन्ति तावदे ।
तेपज्जुभो अभिरवन्ति, धुवं बुद्धो भविस्ससि ॥
'विचित्तपुप्फा गगना, अभिवस्सन्ति तावदे ।
तेपि अज्ज पवस्सन्ति, धुवं बुद्धो भविस्ससि ॥


Downloaded from http://dhamma.digital/

‘महासमुद्दो आभुजति, दससहस्सी पकम्पति।
तेपज्जुभो अभिरवन्ति, धुवं बुद्धो भविस्ससि॥
‘निरयेपि दससहस्से, अग्गी निब्बन्ति तावदे।
तेपज्ज निब्बुता अग्गी, धुवं बुद्धो पविस्ससि॥
‘विमलो होति सूरियो, सब्बा दिस्सन्ति तारका।
तेपि अज्ज पदिस्सन्ति, धुवं बुद्धो भविस्ससि॥
‘अनोवट्ठेन उदकं, महिया उब्भिज्जि तावदे।
तम्पज्जुब्भिज्जते महिया, धुवं बुद्धो भविस्ससि॥
‘तारागणा विरोचन्ति, नक्खत्ता गगन मण्डले।
विसाखा चन्दिमायुत्ता, धुवं बुद्धो भविस्ससि॥
‘बिलासया दरीसया, निक्खमन्ति सकासया।
तेपज्ज आसया छुद्धा, धुवं बुद्धो भविस्ससि॥
‘न होति अरति सत्तानं, सन्तुट्ठा होन्ति तावदे।
तेपज्ज सब्बेसन्तुट्ठा, धुवं बुद्धो भविस्ससि॥
‘रोगा तदूपसमन्ति, जिघच्छा च विनस्सति।
तानिपज्ज पदिस्सन्ति, धुवं बुद्धो भविस्ससि॥
‘रागो तदा तनु होति, दोसो मोहो विनस्सति।
तेपज्ज विगता सब्बे, धुवं बुद्धो भविस्ससि॥
‘भयं तदा न भवति, अज्जपेतं पदिस्सति।
तेन लिङ्गेन जानाम, धुवं बुद्धो भविस्ससि॥
‘रजो नुद्धंसति उद्धं, अज्जपेतं पदिस्सति।
तेन लिङ्गेन जानाम, धुवं बुद्धो भविस्ससि॥
अनिट्ठगन्धो पक्कमति, दिब्बगन्धो पवायति।
सोपज्ज वायति गन्धो, धुवं बुद्धो भविस्ससि॥
‘सब्बे देवा पदिस्सन्ति, ठपयित्वा अरूपिनो।
तेपज्ज सब्बे दिस्सन्ति, धुवं बुद्धो भविस्ससि॥
‘यावता निरया नाम, सब्बे दिस्सन्ति तावदे।
तेपज्ज सब्बे दिस्सन्ति, धुवं बुद्धो भविस्ससि॥
‘कुट्टा कवाटा सेलाच, न होन्तावरणा तदा।



Downloaded from http://dhamma.digital/

आकासभूता तेपज्ज, धुवं बुद्धो भविस्ससि ॥
'चुति च उपपत्ति च, खणे तस्मिं न विज्जति ।
तानिपज्ज पदिस्सन्ति, धुवं बुद्धो भविस्ससि ॥
'दल्हं पग्गण्ह वीरियं, मा निवत्त अभिक्कम ।
मयम्पेतं विजानाम, धुवं बुद्धो भविस्ससी' "ति ॥

"सुनेरे यस वचन, अतुलनीय महर्षिको ।
प्रमुदित भई देव-मनुष्य, यहाँ बुद्ध बीज पो रहेछ ॥
"घोषणा गरियो, ताली बजियो-हँसाई भइयो ।
हात जोडेर नमस्कार गरे, दससहस्रका समस्त देवहरुले ॥
'यदि यहाँ लोकनाथको, शासनबाट हामी छूटेमा । ;
दीर्घकालपछि अनागतमा, हुनेछौं हामीहरु वहाँको सामुन्ने ॥
'जस्तो कि मानिसहरुले नदी तर्नुपर्दा, अगाडिको घाट छूटे ।
तल्लो घाट हुँदै, महानदीलाई तर्ने हुन्छ ॥
'यसरी नै हामी सबैले, यहाँ जिन (बुद्ध) छूटे ।
दीर्घकालपछि अनागतमा, हुनेछौं हामीहरु वहाँको सामुन्ने ॥
'लोकविज्ञ दीपङ्करले, गरे आहुतिलाई ग्रहण ।
गरे प्रशंसा मेरो कार्यलाई, उठाउनु भयो दाहिने पद ॥
'जेजति त्यहाँ जिनपुत्रहरु थिए, गरे प्रदक्षिणा सबैले मेरो ।
नर-नाग अनि गन्धर्वले, गए अभिवादन गरी ॥
' मैले दर्शन गरिरहँदा टाढा हुँदै गए, ससंघ लोकनायक ।
हर्षित-सन्तुष्ट चित्तको भई, उठें तब आसनबाट ॥
'भएं सुखमा सुखि, प्रमोदतामा प्रमुदित ।
भएं प्रीतिमा हर्ष विह्वल, बसें तब पलेंटी कसी ॥
'पलेंटी कसेर बसेपछि, गरें चिन्तन तब मैले ।
म ध्यानमा वशीभूत छु, उत्तिर्ण छु अभिज्ञामा ॥
'सहस्र लोकमा, छैन अन्य कोही म समान ऋषि ।
अद्वितीय हुँ ऋद्धिमय धर्ममा, गरें लाभ यस्तो सुख ॥
'मेरो पलेंटी कसाईमा, दस सहस्रवासिले ।


Downloaded from http://dhamma.digital/

गरे थालनी महानाद, हुनेछौ निश्चय नै बुद्ध ॥
'पूर्व कालका बोधिसत्वले, पलेँटी कसेर बस्दा ।
शंकेतहरु देखिन्छ, देखियो ती आज ॥
'शीत हटेको हुन्छ, उष्ण शान्त हुन्छ ।
देखिन्छ ती आज, हुनेछौ निश्चय नै बुद्ध ॥
'दससहस्र लोकधातु, निर्विघ्न र निःशब्द हुन्छ ।
देखिन्छ ती आज, हुनेछौ निश्चय नै बुद्ध ॥
'प्रवाहित भएन महावायु, बगेन (प्रचण्डभई) नदी ।
देखिन्छ ती आज, हुनेछौ निश्चय नै बुद्ध ।
'स्थल र जलका फूलहरु, फुलिन्छ सबै ऊ बेला ।
फुलेका छन् सबै ती आज, हुनेछौ निश्चय नै बुद्ध ॥
'लतामा वा यदि वृक्षमा, फलहरु फलिन्छ ऊ बेला ।
फलेका छन् सबै ती आज, हुनेछौ निश्चय नै बुद्ध ॥
'आकाशस्थिर्त पृथ्वीस्थित ज्योतिर्मय हुन्छ रत्नहरु ऊ बेला ।
ती आज ज्योतिर्मय छन्, हुनेछौ निश्चय नै बुद्ध ॥
मनुष्यका र (देवका) दिब्य, बजिन्छ तूर्य ऊ बेला ।
बजि रहेछन् ती आज, हुनेछौ निश्चय नै बुद्ध ॥
'गगनबाट विचित्र फूलहरु, वर्षिन्छ ऊ बेला ।
वर्षिरहेको छ त्यो पनि आज, हुनेछौ निश्चय नै बुद्ध ॥
'शान्त छ महासमुद्र, प्रकम्पित छ दससहस्र (लोक) ।
भईरहेको छ महारव ती आज, हुनेछौ निश्चय नै बुद्ध ॥
'दससहस्र नरकमा पनि, अग्नि निभिएको छ ऊ बेला ।
निभियो आगो त्यो आज, हुनेछौ निश्चय नै बुद्ध ॥
'सूर्य विमल हुन्छ, देखिन्छ सबै ताराहरु ।
देखियो आज ती पनि, हुनेछौ निश्चय नै बुद्ध ॥
'विना वर्षा नै पानी, पृथ्वीबाट निस्किंयो ऊ बेला ।
निस्किरहेछ पृथ्वीबाट त्यो आज, हुनेछौ निश्चय नै बुद्ध ॥
'चम्किंएको छ ताराहरु, नक्षत्रहरु आकाश मण्डलमा ।
विशाखा नक्षत्रमा छ चन्द्रमा, हुनेछौ निश्चय नै बुद्ध ॥

‘दुलो र पहाडका, (सत्वहरु) निस्किंन्छन् स्वस्थानबाट ।
ती पनि आज निस्कि रहेछन्, हुनेछौ निश्चय नै बुद्ध ॥
‘सत्वमा बेमेल छैन, सन्तोष छ ऊ बेला ।
ती पनि आज सन्तुष्ट छन्, हुनेछौ निश्चय नै बुद्ध ॥
रोग शान्त छ ऊ बेला, भोक पनि छैन ।
देखिन्छ सबै ती आज, हुनेछौ निश्चय नै बुद्ध ॥
‘त्यो बेला राग कम हुन्छ, द्वेष-मोह विनष्ट हुन्छ ।
हट्यो सबै ती आज, हुनेछौ निश्चय नै बुद्ध ॥
‘ऊ बेला छैन भय, देखिन्छ ती पनि आज ।
जान्न सकिन्छ त्यस चिन्हबाट, हुनेछौ निश्चय नै बुद्ध ॥
‘उडिंएन धूलो माथितिर, देखिन्छ यो पनि आज ।
जान्न सकिन्छ त्यस चिन्हबाट, हुनेछौ निश्चय नै बुद्ध ॥
‘हटेको हुन्छ अनिष्ट गन्ध, थाहा छ बहेको सुगन्ध ।
बहिरहेछ सुगन्ध आज त्यो पनि, हुनेछौ निश्चय नै बुद्ध ॥
‘देखिन्छन् समस्त देवहरु, अरुपि[1] देवहरु बाहेक ।
देखिन्छ सबै ती आज, हुनेछौ निश्चय नै बुद्ध ॥
‘छन् जति पनि नरकहरु, देखेको हुन्छ सबै ऊबेला ।
देखिन्छ सबै ती आज, हुनेछौ निश्चय नै बुद्ध ॥
पर्खाल, दैलो र पर्वतमा, रहेन आवरण ऊबेला ।
भइरहेछ आज आकाश झैं खुल्ला, हुनेछौ निश्चय नै बुद्ध ॥
‘जन्म र मृत्यको, थाहा भएन त्यस क्षण ।
देखिन्छ ती पनि आज, हुनेछौ निश्चय नै बुद्ध ॥
‘दृढताकासाथ पक्रनु वीर्यलाई, न हट्नु बढ अघि ।
जानेका छौं हामीले यो पनि, हुनेछौ निश्चय नै बुद्ध ।’”

दसबलधारी दीपङ्कर र दससहस्र चक्रवाल देवताहरुका वचन बोधिसत्वले सुनेपछि औधि नै आनन्दित भइकन उत्साहित हुँदै चिन्तन

[1] अरुप लोक



Downloaded from http://dhamma.digital/

गऱ्यो– "बुद्धहरुको वचन अमोघ हुन्छ, बुद्धहरुको कथन अन्यथा हुनेछैन । जस्तो कि आकाशमा फालेको डल्ला निश्चय नै खस्छ, जन्मिने अवश्य नै मर्छ, सूर्योदय हुँदा सूर्यास्त हुन्छ, ओडारबाट निस्किंदा सिंह गर्जिन्छ, गर्भवती महिलाले अवश्य नै बच्चा जन्माउँछ । यसरी नै बुद्ध वचन अमोघ हुन्छ । अवश्य नै म बुद्ध हुनेछु ।" यही कारणलाई लिएर उल्लेख गरेको छ–

"बुद्धस्स वचनं सुत्वा, दससहस्सीन चूभयं ।
तुट्ठहट्ठो पमोदितो, एवं चिन्तेसहं तदा ॥
"अद्वेज्झवचना बुद्धा, अमोघवचना जिना ।
वितथं नत्थि बुद्धानं, धुवं बुद्धो भवामहं ॥
"यथा खित्तं नभे लेड्डु, धुवं पतति भूमियं ।
तथेव बुद्धसेट्ठानं, वचनं धुवसस्सतं ॥
"यथापि सब्बसत्तानं, मरणं धुवसस्सतं ।
तथेव बुद्धसेट्ठानं, वचनं धुवसस्सतं ॥
"यथा रत्तिक्खये पत्ते, सूरियुग्गमनं धुवं ।
तथेव बुद्धसेट्ठानं, वचनं धुवसस्सतं ॥
"यथा निक्खन्तसयनस्स, सीहस्स नदनं धुवं ।
तथेव बुद्धसेट्ठानं, वचनं धुवसस्सतं ॥
"यथा आपन्नसत्तानं, भारमोरोपनं धुवं ।
तथेव बुद्धसेट्ठानं, वचनं धुवसस्सत"न्ति ॥

"सुनेर बुद्ध-वचन, साथै दससहस्रबाट ।
भएं सन्तुष्ट-हर्षित-प्रमुदित, सोचें तब यसरी मैले ॥
"अद्वैत हो बुद्ध-वचन, अमोघ हो जिन-वचन ।
जाँदैन खेर बुद्ध-वचन, हुनेछु निश्चय नै म बुद्ध ॥
"जब फ्याँक्छ नभमा डल्ला, निश्चय नै खस्छ ।
त्यसरी नै श्रेष्ठ बुद्धको, वचन हुन्छ शाश्वत ध्रुव ॥
"जसरी समस्त सत्वका, मरण शाश्वत ध्रुव हो ।

त्यसरी नै श्रेष्ठ बुद्धको, वचन हुन्छ शाश्वत ध्रुव ॥
"जब बित्दछ रात, हुन्छ सूर्योदय पक्कै ।
त्यसरी नै श्रेष्ठ बुद्धको, वचन हुन्छ शाश्वत ध्रुव ॥
"निस्किन्छ जब ओडारबाट, निश्चित हो सिंह गर्जिने ।
त्यसरी नै श्रेष्ठ बुद्धको, वचन हुन्छ शाश्वत ध्रुव ॥
"हुन्छे जब पूर्ण गर्भवती, निश्चित हो जन्माउने ।
त्यसरी नै श्रेष्ठ बुद्धको, वचन हुन्छ शाश्वत ध्रुव ।"

वहाँ "अवश्य नै म बुद्ध हुनेछु" भन्ने निश्चित हुँदा, बुद्धकारक विषयमा चिन्तन मनन गर्न लाग्यो– "कहाँ छ होला बुद्धकारक धर्महरु !माथि अथवा तल, दिशा-विदिशा ?" क्रमानुसार समस्त धर्म धातुलाई चिन्तन गर्दै प्राचीन कालका बोधिसत्वद्वारा परिपालन गरेका (कार्यहरु मध्यमा) पहिलो दानपारमिलाई देखेर उसले आफूलाई उपदेश दियो– "सुमेध पण्डित ! तिमीले अबदेखि पहिला दानपारमि पुऱ्याउनुपर्छ । जसरी पानीको घडा अधोमुख हुँदा शेष नै नरहने गरी खालि हुन्छ, फेरि लिंदैन । यसरी नै धन वा यश, पुत्र-पुत्री वा अङ्गप्रत्यङ्गलाई ख्याल नगरिकन याचकहरु आएर माँगेकोलाई अथवा उनीहरुले चाहेको चाहेको सबै शेष नरहने गरी दान दिएमा बोधिवृक्षको मूलमा बसेर बुद्ध हुनेछौ ।" त्यसैले पहिलो दान पारमिलाई दृढताकासाथ अधिष्ठान गर्नु । यही कारणलाई लिएर उल्लेख गरिएको छ–

**"हन्द बुद्धकरे धम्मे, विचिनामि इतो चितो ।**
**उद्धं अधो दस दिसा, यावता धम्मधातुया ॥**
**"विचिनन्तो तदादक्खिं, पठमं दानपारमिं ।**
**पुब्बकेहि महेसीहि, अनुचिण्णं महापथं ॥**
**"इमं त्वं पठमं ताव, दल्हं कत्वा समादिय ।**
**दानपारमितं गच्छ, यदि बोधिं पत्तुमिच्छसि ॥**
**"यथापि कुम्भो सम्पुण्णो, यस्स कस्सचि अधोकतो ।**
**वमतेवुदकं निस्सेसं, न तत्थ परिरक्खति ॥**



Downloaded from http://dhamma.digital/

"तथेव याचके दिस्वा, हीनमुक्कट्ठमज्झिमे ।
ददाहि दानं निस्सेसं, कुम्भो विय अधोकतो"ति ॥

"ल त अब ! बुद्धकारक धर्मलाई, यता उताबाट गर्छु विवेचन ।
ऊर्ध्व-अधो-दसै दिशा, छन् जति पनि धर्म धातु ॥
"देखें तब विवेचन गर्दा, पहिलो दान पारमिलाई ।
"तबसम्म तिमीले यसैलाई पहिला, दृढ रही गर्नु अंगीकार ।
गर्न लाग दानपारमिता, यदि चाहन्छौ बुद्धत्व (बोधि) ॥
"जसरी घडालाई सम्पूर्ण, जो कसैले पार्छ अधोमुख ।
पोखिन्छ केही नरहने गरी, राख्दैन त्यसमा बाँकी ।
" त्यसरी नै याचकलाई देख्दा, हीन-मध्यम-उत्तम ।
दिनु केही शेष नरहने गरी, भई अधोकृत घडा झैं ॥"

अनित फेरि "केवल यति मात्र बुद्धकारक धर्म होइन होला" अरु पनि हुनुपर्छ । भनी दोस्रो शील पारमिलाई देखेर यसरी चिन्तन गर्न लाग्यो– "सुमेध पण्डित ! अबदेखि तिमीले अर्को शीलपारमिलाई पनि पूर्ण गर्नुपर्छ । जस्तो कि चौंरीले आफ्नो जीवनको पर्वाह नगरिकन चँवरलाई नै रक्षागर्छ । यस्तै गरी तिमीले पनि जीवनको पर्वाह नगरिकन शीललाई नै रक्षा गरेमा बुद्धत्व प्राप्ती हुन्छ ।" दोस्रो शीलपारमिमा दृढ संकल्पित हुनु । यही कारणलाई लिएर उल्लेख गरिएको छ–

"न हेते एत्तकायेव, बुद्धधम्मा भविस्सरे ।
अञ्ञेपि विचिनिस्सामि, ये धम्मा बोधिपाचना ॥
"विचिनन्तो तदादक्खिं, दुतियं सीलपारमिं ।
पुब्बेकेहि महेसीहि,आसेवितंनिसेवितं ॥
"इमं त्वं दुतियं ताव, दळ्हं कत्वा समादिय ।
सीलपारमितं गच्छ, यदि बोधिं पत्तुमिच्छसि ॥
"यथापि चमरी वालं, किस्मिञ्चि पटिलग्गितं ।
उपेति मरणं तत्थ, न विकोपेति वालधिं ॥


Downloaded from http://dhamma.digital/

"तथेव चतूसु, भूमीसु सीलानि परिपूरय ।
परिरक्ख सब्बदा सीलं, चमरी विय वालधि"न्ति ॥

"होइन यतिमात्र, बुद्धत्वलाई पुऱ्याउनु पर्ने धर्म ।
गर्नेछु विवेचन अरु पनि, हुन्छ जुन सहायक बुद्धत्व ॥
"देखे तब विवेचन गर्दा, दोस्रो शीलपारमिलाई ।
पहिलेका महर्षिद्वारा, गरिएको परिपालन कार्य ॥
"तबसम्म तिमिले यही दोस्रोमा, दृढ रही गर्नु अंगीकार ।
गर्न लाग शीलपारमिता, यदि चाहन्छौ बोधि ॥
"जसरी चौंरीको पुच्छर, केहिमा अल्भिन्छ भने ।
चाह हुन्छ त्यहाँ मृत्युको, पुऱ्याउँदैन हानि चँवरलाई ॥
"त्यसरी नै चारै भूमिमा[1], गर्नु परिपूर्ण शीलहरुलाई ।
पालन गर्नु सर्वदा शील, चौंरीले चँवरलाई जस्तै गरी ॥"

अनित फेरि "केवल यति मात्र बुद्धकारक धर्म होइन होला" अरु पनि हुनुपर्छ । भनी तेस्रो नैष्क्रम्यपारमिलाई देखेर यसरी चिन्तन गर्न लाग्यो– सुमेधपण्डित ! अबदेखि तिमीले अर्को नैष्क्रम्य पारमिलाई पनि पूर्ण गर्नुपर्छ । जस्तो कि चिरकालसम्म कारागारमा रहेका मनुष्यमा त्यस कारागारप्रति स्नेह रहँदैन । उत्कण्ठित नै भएको हुन्छ त्यहाँ नरहनलाई । यस्तै गरी तिमीले पनि समस्त लोक नै कारागार भैं सम्भेर ती समस्त लोकप्रति उत्कण्ठित भइकन मुक्त हुने चाहनाकासाथ नैष्क्रम्यप्रति भुकाव रहेमा बुद्धत्व प्राप्ति हुन्छ ।" तेस्रो नैष्क्रम्यपारमिमा दृढ संकल्पित हुनु । यही कारणलाई लिएर उल्लेख गरिएको छ–

"न हेते एत्तकायेव, बुद्धधम्मा भविस्सरे ।
अञ्ञेपि विचिनिस्सामि, ये धम्मा बोधिपाचना ॥

[1] प्रातिमोक्ष संवर शील (विनयमा उल्लेखित), इन्द्रिय संवर शील (इन्द्रियलाई संयम गर्ने), आजीव परिशुद्ध शील (जीविकामा परिशुद्ध हुने) र प्रत्यय परियषण शील आवश्यकता वस्तुको खोजमा परिशुद्ध हुने ।



Downloaded from http://dhamma.digital/

“विचिनन्तो तदादक्खिं, ततियं नेक्खम्मपारमिं ।
पुब्बेकेहि महेसीहि,आसेवितंनिसेवितं ॥
“इमं त्वं ततियं ताव, दल्हं कत्वा समादिय ।
नेक्खम्मपारमितं गच्छ, यदि बोधिं पत्तुमिच्छसि ॥
“यथा अन्दुघरे पुरिसो, चिरवुत्थो दुखट्टितो ।
न तत्थ रागं जनेति, मुत्तिमेव गवेसति ॥
“तथेव त्वं सब्बभवे, पस्स अन्दुघरे विय ।
नेक्खम्माभिमुखो होहि, भवतो परिमुत्तिया” ॥

“होइन यतिमात्र, पुऱ्याउनु पर्ने धर्म बुद्धत्वलाई ।
गर्नेछु विवेचन अरु पनि, हुन्छ जुन सहायक बुद्धत्व ॥
“देखे तब विवेचन गरिंदा, तृतीय नैष्क्रम्यपारमिलाई ।
पहिलेका महर्षिद्वारा, गरिएको परिपालन कार्य ॥
“तबसम्म तिमिले यही तेस्रोमा, दृढ रही गर्नु अंगीकार ।
गर्न लाग नैष्क्रम्यपारमिता, यदि चाहन्छौ बुद्धत्व ॥
“जसरी कारागारका व्यक्ति, चिरकाल रहँदा दुःखित हुन्छ ।
त्यहाँ रहने चाह हुँदैन, गर्छ खोज मुक्तिको नै ॥
“त्यसरी नै समस्त लोकलाई, तिमीले, कारागार झैं मान ।
नैष्क्रम्यमा अभिमुखी हुनु, लोकबाट पार पाउन ॥”

अनित फेरि “केवल यति मात्र बुद्धकारक धर्म होइन होला” अरु पनि हुनुपर्छ, भनी चौथो प्रज्ञापारमिलाई देखेर यसरी चिन्तन गर्न लाग्यो– सुमेध पण्डित ! अबदेखि तिमीले अर्को प्रज्ञापारमिलाई पनि पूर्ण गर्नुपर्छ । हिन, मध्यम, उत्तम कसैलाई पनि नछुटाइकन समस्त पण्डितकहाँ गएर प्रश्न गर्नु । जस्तो कि भिक्षाचारि भिक्षु हिनादि कुललाई नछुटाइकन क्रमानुसार भिक्षाटन गरिंदै जाँदा चाँडै नै आहार लाभी हुन्छ । यस्तै नै गरी तिमीले पनि समस्त पण्डितहरुकहाँ गएर प्रश्न गरेमा बुद्धत्व प्राप्ति हुन्छ ।” चौथो प्रज्ञापारमिमा दृढ संकलिपत हुनु । यही कारणलाई लिएर उल्लेख गरिएको छ–

“न हेते एत्तकायेव, बुद्धधम्मा भविस्सरे।
अञ्ञेपि विचिनिस्सामि, ये धम्मा बोधिपाचना ॥
“विचिनन्तो तदादक्खिं, चतुत्थं पञ्ञापारमिं।
पुब्बेकेहि महेसीहि,आसेवितंनिसेवितं ॥
“इमं त्वं चतुत्थं ताव, दल्हं कत्वा समादिय।
पञ्ञापारमितं गच्छ, यदि बोधिं पत्तुमिच्छसि ॥
“यथापि भिक्खु भिक्खन्तो, हीनमुक्कट्ठमज्झिमे।
कुलानि न विवज्जेन्तो, एवं लभति यापनं ॥
“तथेव त्वं सब्बकालं, परिपुच्छन्तो बुधं जनं।
पञ्ञापारमितं गन्त्वा, सम्बोधिं पापुपणिस्ससी”ति ॥

“होइन यतिमात्र, पुऱ्याउनु पर्ने धर्म बुद्धत्वलाई।
गर्नेछु विवेचन अरु पनि, हुन्छ जुन सहायक बुद्धत्व प्राप्ति ॥
“देखें तब विवेचन गरिंदा, चौथो प्रज्ञापारमिलाई।
पहिलेका महर्षिद्वारा, गरिएको परिपालन कार्य ॥
“तबसम्म तिमिले यस चौथोमा, दृढ रही गर्नु अंगिकार।
गर्नलाग प्रज्ञापारमिता, यदि चाहन्छौ बुद्धत्व ॥
“जसरी भिक्षुले भिक्षाचार गर्दा, हीन-उत्तम-मध्यमका।
कुलहरुलाई नछोडिंदा, गुजारा चल्छ यसरी ॥
“सर्वकाल तिमीले त्यसरी नै, गर प्रश्न पण्डित जनसंग।
गर्न लाग प्रज्ञापारमि, हुन्छ सम्बोधि प्राप्ति ॥”

अनित फेरि “केवल यति मात्र बुद्धकारक धर्म होइन होला”अरु पनि हुनुपर्छ, भनी पाँचौ वीर्यपारमिलाई देखेर यसरी चिन्तन गर्न लाग्यो– “सुमेध पण्डित ! अबदेखि तिमीले अर्को वीर्यपारमिलाई पनि पूर्ण गर्नु। जस्तो कि मृगराज सिंह सबै इर्यापथ (अवस्था)मा दृढ वीर्यवान हुन्छ। यस्तै नै गरी तिमीले पनि समस्त लोकमा सबै अवस्थामा दृढवीर्यवान भईकन आलस्य रहित भएमा बुद्धत्व प्राप्ति हुन्छ।” पाँचौ वीर्यपारमिमा दृढ संकल्पित हुनु। यही कारणलाई लिएर उल्लेख गरिएको छ–



Downloaded from http://dhamma.digital/

"न हेते एत्तकायेव, बुद्धधम्मा भविस्सरे ।
अञ्ञेपि विचिनिस्सामि, ये धम्मा बोधिपाचना ॥
"विचिनन्तो तदादक्खिं, पञ्चमं वीरियपारमिं ।
पुब्बेकेहि महेसीहि,आसेवितंनिसेवितं ॥
"इमं त्वं पञ्चमं ताव, दळ्हं कत्वा समादिय ।
वीरियपारमितं गच्छ, यदि बोधिं पत्तुमिच्छसि ॥
"यथापि सीहो मिगराजा, निसज्जट्ठानचङ्कमे ।
अलीनवीरियो होति, पग्गहितमनो सदा ॥
"तथेवं त्वं सब्बभवे, पग्गण्ह वीरियं दळ्हं ।
वीरियपारमितं गन्त्वा, सम्बोधिं पापुणिस्ससी"ति ॥

"होइन यतिमात्र, पुऱ्याउनु पर्ने धर्म बुद्धत्वलाई ।
गर्नेछु विवेचन अरु पनि, जुन हुन्छ सहायक बुद्धत्व प्राप्ति ॥
"देखे तब विवेचन गरिंदा, पाँचौ वीर्यपारमिलाई ।
पहिलेका महर्षिद्वारा, गरिएको परिपालन कार्य ॥
"तबसम्म तिमिले यस पाँचौमा, दृढ रही गर्नु अंगिकार ।
गर्न लाग वीर्यपारमि, यदि चाहन्छौ बुद्धत्व ॥
"मृगराज सिंह जसरी, बसाई-हिँडाई र उठाईमा ।
हुन्छ अप्रमादी, वीर्यवान र सदैव दृढ चित्तको ॥
"त्यसरी नै समस्त लोकमा तिमी, दृढ भई वीर्यवान होऊ ।
गर्न लाग वीर्यपारमिता, हुन्छ सम्बोधि प्राप्ति ॥"

अनित फेरि "केवल यति मात्र बुद्धकारक धर्म होइन होला" अरु पनि हुनुपर्छ, भनी छैटौं क्षान्तिपारमिलाई देखेर यसरी चिन्तन गर्न लाग्यो– "सुमेधपण्डित ! अबदेखि तिमीले अर्को क्षान्तिपारमिलाई पनि पूर्ण गर्नु । सम्मानित हुँदा पनि अपमानित हुँदा पनि क्षमाशीलको हुनु । जस्तो कि पृथ्वीमा शुचि पनि अशुचि पनि फ्याँक्छ, त्यसमा पृथ्वी खुसी पनि हुँदैन, विरोध पनि गर्दैन । क्षमा दिन्छ, सहन्छ र स्वीकार्छ । यसरी तिमीले

पनि सम्मान र अपमानको अवस्थामा समान रुप हुन सकेमा बुद्धत्व प्राप्ति हुन्छ ।" छैटौं क्षान्तिपारमिमा दृढ संकल्पित हुनु । यही कारणलाई लिएर उल्लेख गरिएको छ–

**"न हेते एत्तकायेव, बुद्धधम्मा भविस्सरे ।**
**अञ्ञेपि विचिनिस्सामि, ये धम्मा बोधिपाचना ॥**
**"विचिनन्तो तदादक्खिं, छट्ठमं खन्तिपारमिं ।**
**पुब्बेकेहि महेसीहि,आसेवितंनिसेवितं ॥**
**"इमं त्वं छट्ठमं ताव, दल्हं कत्वा समादिय ।**
**तत्थ अद्वेज्भमानसो, सम्बोधिं पापुणिस्ससि ॥**
**"यथापि पथवि नाम, सुचिम्पि असुम्पि च ।**
**सब्बं सहति निक्खेपं, न करोति पटिघं तदा ॥**
**"तथेव त्वम्पि सब्बेसं, सम्मानावमानक्खमो ।**
**खन्तिपारमितं गन्त्वा, सम्बोधिं पापुणिस्ससी"ति ॥**

"होइन होला यतिमात्र, पुऱ्याउनु पर्ने धर्म बुद्धत्वलाई; ।
गर्नेछु विवेचन अरु पनि, हुन्छ जुन सहायक बुद्धत्व प्राप्ति ॥
"देखे तब विवेचन गरिंदा, छैटौं क्षान्तिपारमिलाई ।
पहिलेका महर्षिद्वारा, गरिएको परिपालन कार्य ॥
"तबसम्म तिमिले यस छैटौंलाई, दृढ रही गर्नु अंगिकार ।
असंदिग्घ चित्त भएमा, हुन्छ सम्बोधि प्राप्ति ॥
"पृथ्वीले जसरी, शुचिलाई पनि अशुचिलाई पनि ।
फालिएकोलाई सहन्छ सबै, गरिंदैन विरोध त्यसप्रति ॥
"त्यसरी तिमी पनि सबैप्रति, सम्मान-अपमानमा गर क्षमा ।
गर्न लाग क्षान्तिपारमिता, हुन्छ सम्बोधि प्राप्ति ।

अनित फेरि "केवल यति मात्र बुद्धकारक धर्म होइनहोला" अरु पनि हुनुपर्छ, भनी सातौ सत्यपारमिलाई देखेर यसरी चिन्तन गर्न लाग्यो– "सुमेध पण्डित ! अबदेखि तिमीले अर्को सत्यपारमिलाई पनि पूर्ण गर्नु ।



Downloaded from http://dhamma.digital/

शिरमा बिजली परे पनि, धनादिको आवश्यक परे पनि जानेर वा बुझेर झूटो नबोल्ने हुनुपर्छ । जस्तो कि शुक्रतारा (ओषधि तारा) कुनै पनि ऋतुमा आफ्नो गमन मार्गलाई छाडेर अन्य मार्गबाट नजाने हुन्छ, आफ्नै मार्गबाट जाने हुन्छ । यसरी तिमीले पनि सत्यलाई छाडेर झूटो वचन नबोल्ने हुँदा बुद्धत्व प्राप्ति हुन्छ ।" सातौं सत्यपारमिमा दृढ संकल्पित हुनु । यही कारणलाई लिएर उल्लेख गरिएको छ–

**"न हेते एत्तकायेव, बुद्धधम्मा भविस्सरे ।**
**अञ्ञेपि विचिनिस्सामि, ये धम्मा बोधिपाचना ॥**
**"विचिनन्तो तदादक्खिं, सत्तमं सच्चपारमिं ।**
**पुब्बेकेहि महेसीहि, आसेवितंनिसेवितं ॥**
**"इमं त्वं सत्तमं ताव, दव्हं कत्वा समादिय ।**
**तत्थ अद्वेज्झवचनो, सम्बोधिं पापुणिस्ससि ॥**
**"यथापि ओसधी नाम, तुलाभूता सदेवके ।**
**समये उतुवस्से वा, न वोक्कमति वीथितो ॥**
**"तथेव त्वम्पि सच्चेसु, मा वोक्कमसि वीथितो ।**
**सच्चपारमितं गन्त्वा, सम्बोधिं पापुणिस्ससी"ति ॥**

"होइन यतिमात्र, पुऱ्याउनु पर्ने धर्म बुद्धत्वलाई; ।
गर्नेछु विवेचन अरु पनि, हुन्छ जुन सहायक बुद्धत्व प्राप्ति ॥
" देखे तब विवेचन गरिंदा, सातौं सत्यपारमिलाई ।
पहिलेका महर्षिद्वारा, गरिएको परिपालन कार्य ॥
"तबसम्म तिमिले यस सातौंलाई, दृढ रही गर्नु अंगिकार ।
अद्वैत वचनको हुँदा, हुन्छ प्राप्ति सम्बोधि ॥
"औषधि नाउँको (तारा) जसरी, हुन्छ तराजु झैं स-देवहरुमा ।
वर्षा वा अन्यऋतुको समयमा,गर्दैन मार्गको अतिक्रमण ॥
"सत्यतामा तिमीले पनि त्यसरी नै, नगर्नु मार्गको अतिक्रमण ।
गर्न लाग सत्यपारमिता, हुन्छ प्राप्ति सम्बोधि ॥"

अनित फेरि "केवल यति मात्र बुद्धकारक धर्म होइनहोला" अरु पनि हुनुपर्छ, भनी आठौं अधिष्ठानपारमिलाई देखेर चिन्तन गर्न लाग्यो– "सुमेध पण्डित ! अबदेखि तिमीले अर्को अधिष्ठानपारमिलाई पनि पूर्ण गर्नु । जुन अधिष्ठान गर्छौ, त्यस अधिष्ठानमा निश्चल हुनु । जस्तो कि चारैतिरबाट आएको हावाले झक्का दिएता पनि पर्वत न कम्पायमान हुन्छ अनि न त चल्छ । आफ्नै स्थानमा अविचलित भई रहन्छ । यसरी नै तिमी पनि आफ्नो अधिष्ठानमा अविचलित हुँदा बुद्धत्व प्राप्ति हुन्छ ।" आठौं अधिष्ठान पारमिमा दृढ संकल्पित हुनु । यही कारणलाई लिएर उल्लेख गरिएको छ–

**"न हेते एत्तकायेव, बुद्धधम्मा भविस्सरे ।**
**अञ्ञेपि विचिनिस्सामि, ये धम्मा बोधिपाचना ॥**
**"विचिनन्तो तदादक्खिं, अधिट्ठान पारमिं ।**
**पुब्बकेहि महेसीहि, आसेवितनिसेवितं ॥**
**"इमं त्वं अट्ठमं ताव, दल्हं कत्वा समादिय ।**
**तत्थ त्वं अचलं हुत्वा, सम्बोधिं पापुणिस्ससि ॥**
**"यथापि पब्बतो सेलो, अचलो सुप्पतिट्ठितो ।**
**न कम्पति भुसवातेहि, सकट्ठानेव तिट्ठति ॥**
**"तथेव त्वम्पि अधिट्ठाने, सब्बदा अचलो भव ।**
**अधिट्ठानपारमितं गन्त्वा, सम्बोधिं पापुणिस्ससी"ति ॥**

"होइन यतिमात्र, पुऱ्याउनु पर्ने धर्म बुद्धत्वलाई ।
गर्नेछु विवेचन अरु पनि, हुन्छ जुन सहायक बुद्धत्व प्राप्ति ॥
"देखे तब विवेचन गरिंदा, आठौं अधिष्ठानपारमिलाई ।
पहिलेका महर्षिद्वारा, गरिएको परिपालन कार्य ॥
"तबसम्म तिमिले यस आठौंलाई, दृढ रही गर्नु अंगिकार ।
तिमी त्यसमा हुँदा अचल, हुन्छ सम्बोधि प्राप्ति ॥
"शैल पर्वत जसरी, अचल सुप्रतिष्ठित हुन्छ ।
कम्पित हुँदैन तेज वायुद्वारा, हुन्छ स्थिर आफ्नै ठाउँमा ॥



Downloaded from http://dhamma.digital/

"त्यसरी नै तिमी पनि अधिष्ठानमा, होऊ सदैव अचल ।
गर्न लाग अधिष्ठानपारमिता, हुन्छ सम्बोधि प्राप्ति ॥"

अनित फेरि "केवल यति मात्र बुद्धकारक धर्म होइन होला" अरु पनि हुनुपर्छ, भनी नवौं मैत्रीपारमिलाई देखेर यसरी चिन्तन गर्न लाग्यो– "सुमेध पण्डित ! अबदेखि तिमीले अर्को मैत्रीपारमिलाई पनि पूर्ण गर्नु । अहित गर्नेसंग पनि, हित गर्नेसंग पनि चित्तमा समभावको हुनुपर्छ । जस्तो कि पानीले पापीलाई पनि धर्मीलाई एकै प्रकारको शीतलता दिन्छ । त्यसरी नै तिमीले पनि समस्त सत्वप्रति एकसमान गरिकन मैत्री चित्त रहेमा बुद्धत्वको प्राप्ति हुन्छ । नवौं मैत्रीपारमिमा दृढ संकल्पित हुनु । यही कारणलाई लिएर उल्लेख गरिएको छ–

**"न हेते एत्तकायेव, बुद्धधम्मा भविस्सरे ।**
**अञ्ञेपि विचिनिस्सामि, ये धम्मा बोधिपाचना ॥**
**"विचिनन्तो तदादक्खिं, नवमं मेत्तापारमिं ।**
**पुब्बेकेहि महेसीहि,आसेवितंनिसेवितं ॥**
**"इमं त्वं नवमं ताव, दल्हं कत्वा समादिय ।**
**मेत्ताय असमो होहि, यदि बोधिं पत्तुमिच्छसि ॥**
**"यथापि उदकं नाम, कल्याणे पापके जने ।**
**समं फरति सीतेन, पवाहेति रजोमलं ॥**
**"तथेव त्वम्पि अहितहिते, समं मेत्ताय भावय ।**
**मेत्तापारमितं गन्त्वा, सम्बोधिं पापुणिस्ससी"ति ॥**

"होइन यतिमात्र, पुऱ्याउनु पर्ने धर्म बुद्धत्वलाई ।
गर्नेछु विवेचन अरु पनि, हुन्छ जुन सहायक बुद्धत्व प्राप्ति ॥
"देखे तब विवेचन गरिंदा, नवौं मैत्रीपारमिलाई ।
पहिलेका महर्षिद्वारा, गरिएको परिपालन कार्य ॥
"तबसम्म तिमिले यस नवौंलाई, दृढ रही गर्नु अंगिकार ।
हुनु बेजोड मैत्रीमा, यदि गर्नुछ प्राप्ति सम्बोधि ॥

"पानीले जसरी, पापी र धर्मी जनलाई ।
दिन्छ समरुपले शीतल, गर्छ प्रवाहित मैलोपन ॥
"त्यसरी तिमीले पनि अहित-हितमा, गर्नु सम भई मैत्री भावना ।
गर्न लाग मैत्री पारमिता, हुन्छ सम्बोधि प्राप्ति ॥"

अनित फेरि "केवल यति मात्र बुद्धकारक धर्म होइन होला" अरु पनि हुनुपर्छ, भनी दसौं उपेक्षापारमिलाई देखेर यसरी सोच्यो–"सुमेध पण्डित ! अबदेखि तिमीले अर्को उपेक्षापारमिलाई पनि पूर्ण गर्नु । सुखमा पनि दुःखमा पनि मध्यस्थ हुनुपर्छ । जस्तो कि पृथ्वीमा शुचि अनि अशुचि फालिंदा मध्यस्थ नै हुन्छ । यसरी नै तिमी पनि सुख र दुःखमा मध्यस्थ नै भइरहेमा बुद्धत्वको प्राप्ति हुन्छ । दसौं उपे पारमिमा दृढ संकल्पित हुनु । यही कारणलाई लिएर उल्लेख गरिएको छ–

**"न हेते एत्तकायेव, बुद्धधम्मा भविस्सरे ।**
**अञ्ञेपि विचिनिस्सामि, ये धम्मा बोधिपाचना ॥**
**"विचिनन्तो तदादक्खिं, दसमं उपेक्खापारमिं ।**
**पुब्बेकेहि महेसीहि, आसेवितंनिसेवितं ॥**
**"इमं त्वं दसमं ताव, दल्हं कत्वा समादिय ।**
**तुलाभूतो दल्हो हुत्वा, सम्बोधिं पापुणिस्ससि ॥**
**"यथापि पथवि नाम, निक्खित्तं असुचिं सुचिं ।**
**उपेक्खति उभोपेते, कोपानुनयवज्जिता ॥**
**"तथेव त्वम्पि सुखदुक्खे, तुलाभूतो सदा भव ।**
**उपेक्खापारमितं गन्त्वा, सम्बोधिं पापुणिस्ससी"ति ॥**

"होइन यतिमात्र, पुऱ्याउनु पर्ने धर्म बुद्धत्वलाई ।
गर्नेछु विवेचन अरु पनि, हुन्छ जुन सहायक बुद्धत्व प्राप्ति ॥
"देखे तब विवेचन गरिंदा, दसौं उपेक्षापारमिलाई ।
पहिलेका महर्षिद्वारा, गरिएको परिपालन कार्य ॥
"तबसम्म तिमिले यस दसौंलाई, दृढ रही गर्नु अंगिकार ।
हुँदा तुला भैं दृढ, हुन्छ सम्बोधि प्राप्ति ॥



Downloaded from http://dhamma.digital/

"पृथ्वीमा जसरी, शुचि अशुचि फालिदिंदा ।
हुन्छ दुवैमा नै उपेक्षित, कुपित-सन्तुष्टबाट वर्जित हुन्छ ॥
"त्यसरी तिमी पनि सुख-दुःखमा, हुनु सदैव तुला समान ।
गर्न लाग उपेक्षापारमिता, हुन्छ सम्बोधि प्राप्ति ॥"

यसपछि चिन्तन गरे– "यस लोकमा बोधिसत्वबात पूरा गर्नु पर्ने, परमबोधि परिपक्व गर्नु पर्ने, बुद्ध कारक धर्म यति नै हो । यी दसपारमिता बाहेक अरु छैन । यी दस पारमिताहरु माथि आकाशमा पनि छैन, तल पृथ्वीमा पनि छैन, पूर्वादि दिशामा पनि छैन । मेरो आफ्नै हृदय भित्र रहेको छ ।" यसप्रकारले वहाँको हृदयमा प्रतिष्ठित भएको देखेर ती सम्पूर्ण दृढता पूर्वक अधिष्ठान गरे । यसलाई पुनः पुनः विचार गर्दै सुरु देखि अन्त, अन्त देखि सुरु क्रमैसित विचार गरे । अन्त देखि सुरु गरेर आदि सम्म पुऱ्याउँथ्यो, आदि देखि सुरु गरेर अन्तसम्म पुऱ्याउँथ्यो, मध्य देखि लिएर दुवैतिरमा सिध्याउँथ्यो अनि दुवै शिर्ष देखि लिएर मध्यमा सिध्याउँथ्यो । बाहिरी वस्तुहरुको त्याग गर्नु दान पारमि भनिन्छ, अङ्ग परित्याग गर्नु दान उपपारमि भनिन्छ अनि जीवन परित्याग गर्नु दानपरमत्थ पारमि भनिन्छ । दस पारमिता, दस उपपारमिता अनि दस परमत्थ पारमिता (यी तीस पारमिताहरु) यन्त्रमा दुई थरिका तेललाई राखेर मिसाए झैं, महामेरुलाई मन्थन बनाई चक्रवालको महासमुद्रलाई फिट्ने झैं गरी विचार गर्न लाग्यो । ती दस पारमिलाई विचार गर्दै रहँदाको समयमा धर्म-तेजले गर्दा दुईलाख चालिस हजार भन्दा पनि अधिक घनिभूत यो महापृथ्वी हात्तीद्वारा आक्रान्त सखरखण्ड झैं, उखु पेलिंदा यन्त्रबाट आवाज निस्के झै गरी भयङ्कर शब्द निस्केर कम्पित-प्रकम्पित तथा कम्पायमान भयो । कुम्मालेको चक्का झैं तथा तेल यन्त्रको चक्का झैं घुमियो । यही कारणलाई लिएर उल्लेख गरिएको छ–

**"एत्तकायेव ते लोके, ये धम्मा बोधि पाचना ।**
**ततुद्धं नत्थि अञ्ञत्र, दल्हं तत्थ पतिट्ठह ॥**
**"इमे धम्मे सम्मसतो, सभावसरसलक्खणे ।**

**धम्मतेजेन वसुधा, दससहस्सी पकम्पथ ॥**
**"चलती रवती पठवी, उच्छुयन्तंव पीलितं ।**
**तेलयन्तो यथाचक्कं, एवं कम्पति मेदनी"ति ॥**

"यतिनै हो लोकमा, बोधि प्राप्तार्थ हुन्छ जुन सहायक ।
यो भन्दा अधिक छैन अन्य केही, प्रतिस्थित हुनु त्यसमा दृढ ॥
"लागे विचार्न यी धर्महरुमा, स्वभाव, रस र लक्षण सहित ।
धर्म तेजले बसुन्धरा, दससहस्रको पृथ्वीं काँप्न थाले ॥
"पृथ्वी नाद गर्दै चल्न थाल्यो, पेलिएको उखुको यन्त्र झैं ।
तेल यन्त्रको चक्का झैं, भयो यसरी कम्पायमान पृथ्वी ॥"

महापृथ्वी कम्पायमान हुँदा रम्म नगरवासी उभिरहन नसकि प्रलय वायुले प्रताडित महा शाल वृक्ष जस्तै मूर्छित समान भई मूर्छित हुँदै लडे । कुम्भकारले बनाउँदै गरेको हाँडी, गाग्रादि भाँडा कुडा एक आपसमा ठोकिंदै चूर्ण विचूर्ण हुनथाल्यो । भयभीत त्रसित मानिसहरु बुद्धकहाँ आएर सोध्न थाले– "भगवान ! के नागद्वारा आवर्तन गऱ्यो कि अथवा भूत यक्ष-देवताहरु एक अर्काप्रति आवर्तन (आन्दोलन) गऱ्यो ? यस्तो किन भएको ? हामीले जान्न सकेनौं । अथच सबै जनताहरु भयभीत छन् । यस लोकमा अनिष्ट हुने हो कि, कल्याण हुने हो, के हुने भयो ? के कारणले यस्तो भएको हामीलाई भन्नुहोस् । अनि त शास्ताले तिनीहरुको कुरा सुनेर "तिमीहरु भयभीत नहुनु, चिन्तित नहुनु, यसबाट केही भय आउने छैन । जुन आज मैले सुमेध पण्डितलाई 'अनागतमा गोतम नाउँको बुद्ध हुनेछ' भनी भविष्यत वाणी गरेको थिएं । उसले आज दस पारमिको बारेमा विचार गऱ्यो । उसबाट दस पारमि बारेमा विचार तथा मन्थन गरिंएको धर्म-तेजद्वारा समस्त दससहस्र लोकधातु एकै प्रहारले काँपेको हो, नाद भएको हो ।" भनी भन्नुभयो । यही कारणलाई लिएर उल्लेख गरिएको छ–

**"यावता परिसा आसि, बुद्धस्स परिवेसने ।**
**पवेधमाना सा तत्थ, मुच्छिता सेसि भूमियं ॥**


Downloaded from http://dhamma.digital/

"घटानेकसहस्सानि, कुम्भीनञ्च सता बहू ।
सञ्चुण्णमथिता तत्थ, अञ्ञमञ्ञं पघट्टिता ॥
"उब्बिग्गा तसिता भीता, भन्ता ब्यधितमानसा ।
महाजना समागम्म, दीपङ्करमुपागमुं ॥
'किं भविस्सति लोकस्स, कल्याणमथ पापकं ।
सब्बो उपद्दुतो लोको, तं विनोदेहि चक्खुम' ॥
"तेसं तदा सञ्ञापेसि, दीपङ्करो महामुनि ।
विस्सत्था होथ मा भाथ, इमस्मिं पथविकम्पने ॥
"यमहं अज्ज ब्याकासिं, बुद्धो लोके भविस्सति ।
एसो सम्मसति धम्मं, पुब्बकं जिनसेवितं ॥
"तस्स सम्मसतो धम्मं, बुद्धभूमिं असेसतो ।
तेनायं कम्पिता पथवी, दससहस्सी सदेवके"ति ॥

"थिए जति पनि परिषद, बुद्धको भोजन स्थानमा ।
डराउँदै तिनीहरु त्यहाँ, मूर्छित हुँदै भूमिमा लेट्न थाले ॥
"अनेक सहस्र घटहरु, सैकडौं माटाका भाँडाहरु ।
त्यहाँ चूर्ण विचुर्ण भयो, एकआपसमा ठोकिएर ॥
"उद्विग्न-त्रसित-भयभीत, भ्रान्त-उत्पीडित मानसिकका ।
एकत्र भई महाजन-समूह, पुगे दीपङ्कर कहाँ ॥
'लोकमा के हुने भयो, कल्याण कि विनाश ?
भइरहेछ उपद्रव समस्त लोकमा, भो चक्षुवान ! गरिपाउँ शान्त ॥
"तब तिनीहरुलाई भन्नुभयो, महामुनि दीपङ्करले ।
पर्दैन डराउन गर विश्वास, यस पृथ्वी कम्पनबाट ॥
"गरें जुन आज मैले भविष्य वाणी, हुनेछ बुद्ध भविष्यमा ।
त्यस धर्मको चिन्तनमा लागे, पूर्वका जिनद्वारा सेवित ॥
"त्यस धर्मको चिन्तन गर्दा, अवशेष रहेन बुद्ध विषयमा ।
त्यही कारणले भयो कम्पायमान, देवसहितका दससहस्रलोक ॥"

तथागतको वचन सुनेर महाजनसमूह सन्तुष्टका साथै हर्षित हुँदै माला-गन्ध-लेपन लिएर रम्म नगरबाट निस्किएर बोधिसत्वकहाँ पुगी मालादिद्वार पूजा गरी, वन्दना र प्रदक्षिणा पश्चात रम्म नगरमा नै फर्केर गए । बोधिसत्वले पनि दस पारमि विषयमा विचार गरी उत्साहका साथै दृढ संकल्पित भई बसिरहेको ठाउँबाट उठे । यही कारणलाई लिएर उल्लेख गरिएको छ–

**"बुद्धस्स वचनं सुत्वा, मनो निब्बायि तावदे ।**
**सब्बे मं उमसङ्कम्म, पुनापि अभिवन्दिसुं ॥**
**"समादियित्वा बुद्धगुणं, दल्हं कत्वान मानसं ।**
**दीपङ्करं नमस्सित्वा, आसना वुट्ठहिं तदा"ति ॥**

"सुनेर बुद्ध वचन, भयो मन शान्त तब ।
आई पुगे मकहाँ सबै, पुन वन्दना गर्न ।
"बुद्ध गुणलाई ध्यान गरी, दृढ गरें मनलाई ।
नमस्कार गरी दीपङ्करलाई, उठें तब आसनबाट ॥"

अनि समस्त दससहस्र चक्रवालका देवताहरु सन्निपात भई आसनबाट उठ्नु भएका बोधिसत्वलाई दिव्य माला-गन्धले पूजा र वन्दना गरी "आर्य सुमेध ! तपाईंले आज दसबलधारी दीपङ्करको पादमूलमा महान् प्रार्थना गर्नुभयो । तपाईंको त्यो निर्विघ्न पूर्वक पूर्ण होस् । तपाईंलाई भय र त्रास नहोस् । शरीरमा कुनै प्रकारका रोग नलागोस् । शीघ्र नै पारमितालाई पूर्ण गरी सम्यकसम्बोधिलाई प्राप्त गर्न सकोस् । जस्तो कि समय आउँदा वृक्षमा फल फल्ने हुन्छ ,फूल फुल्ने हुन्छ । त्यसरी नै समय अतिक्रमण नभई तपाईंले पनि चाँडै सम्यकसम्बुद्धत्व प्राप्त गर्न सकोस् ।" इत्यादि प्रकारले मङ्गलमय स्तुति गऱ्यो । यसरी नै स्तुति गर्दै आ-आफ्नो लोकमा गए । देवताहरुबाट प्रशंसित बोधिसत्वले पनि "मैले दस पारमिता पूर्ण गरी चार असंख्य एकलाख कल्प बितेपछि बुद्ध हुनेछु ।" ठूलो



Downloaded from http://dhamma.digital/

उत्साहकासाथ दृढ संकल्पित भई आकाश मार्गबाट हिमालयमा नै फर्केर गए ।। यही कारणलाई लिएर उल्लेख गरिएको छ–

**“दिब्बं मानुसकं पुप्फं, देवा मानुसका उभो ।**
**समोकिरन्ति पुप्फेहि, वुट्ठहन्तस्स आसना ॥**
**“वेदयन्ति च ते सोत्थिं, देवा मानुसका उभो ।**
**महन्तं पत्थितं तुम्हं, तं लभस्सु यथिच्छितं ॥**
**“सब्बीतियो विवज्जन्तु, सोको रोगो विन्स्सतु ।**
**माते भवन्त्वन्तराया ,फुस खिप्पं बोधिमुत्तमं ॥**
**“यथापि समये पत्ते, पुप्फन्ति पुप्फिनो दुमा ।**
**तथेव त्वं महावीर, बुद्धञाणेन पुप्फस्सु ॥**
**“यथा ये केचि सम्बुद्धा, पूरयुं दस पारमी ।**
**तथेव त्वं महावीर, पूरय दस पारमी ॥**
**“यथा ये केचि सम्बुद्धा, बोधिमण्डम्हि बुज्झरे ।**
**तथेव त्वं महावीर, बुज्झसु जिनबोधियं ॥**
**“यथा ये केचि सम्बुद्धा, धम्मचक्कं पवत्तयुं ।**
**तथेव त्वं महावीर , धम्मचक्कं पवत्तय ॥**
**“पुण्णमाये यथा चन्दो, परिसुद्धो विरोचति ।**
**तथेव त्वं पुण्णमनो, विरोच दससहस्सियं ॥**
**“राहुमुत्तो यथा सूरियो, तापेन अतिरोचति ।**
**तथेव लोका मुच्चित्वा, विरोच सिरिया तुवं ॥**
**“यथा या काचि नदियो, ओसरन्ति महोदधिं ।**
**एवं सदेवका लोका, ओसरन्तु तवन्तिके ॥**
**“तेहि थुतप्पसत्थो सो , दस धम्मे समादिय ।**
**ते धम्मे परिपूरेन्तो, पवनं पाविसी तदा”ति ॥**

“मानुषिकपुष्पतथा दिब्य, उभयपक्षका देव-मनुष्यले ।
 वर्षाइएको थियो पुष्प, उठिंदा आसनबाट ॥
“गरियो प्रकट स्वस्ति तिनीहरुले, उभयपक्षका देवमनुष्यले ।

गऱ्यौ प्रार्थना महान् तिमीले, चाहना गऱ्यौ जुन त्यो पूर्ण होस ॥
"समस्त भय रहित होस, विनाश होस शोक-रोग ।
नहोस् बिघ्न केही पनि, प्राप्त होस् शीघ्र उत्तम बोधि ॥
"जसरी समय आइपुग्दा, फुल्छ बोटमा फूल ।
महावीर ! फुलोस् तिमीमा, त्यसरी नै बुद्ध ज्ञान ॥
"जसरी जति पनि सम्बुद्ध भए, पूर्ण गरे दस पारमि ।
महावीर ! पूर्ण गर त्यसरी नै, तिमीले पनि दस पारमि ॥
"जसरी जति पनि सम्बुद्ध भए, बोधि-मण्डमा नै बुद्ध भए ।
महावीर ! त्यसरी नै तिमीले, सकोस् बुझ्न परम बुद्ध ज्ञानलाई ॥
"जसरी जति पनि सम्बुद्ध भए, गरे धर्मचक्र प्रवर्तन ।
महावीर ! त्यसरी नै तिमीले, गर प्रवर्तन धर्मचक्र ॥
"पूर्णिमाका दिन जसरी चन्द्रमा, निर्मलभई चम्किन्छ ।
त्यसरी नै पूर्ण-मन भई तिमी पनि, चम्कियोस दससहस्रमा ॥
"जसरी राहु-मुक्त सूर्य, चम्किन्छ अति तेजिलो भई ।
मुक्त भई त्यसरी नै लोकबाट, श्रीमा तिमी ज्योतिर्मय होस् ॥
"जसरी जति पनि नदीहरु, लाग्दछ समुद्र तिर ।
देव सहित समस्त लोकवासी, लाग्न सकोस तिमीकहाँ ॥
"यसरी तिनीहरुले वहाँको स्तुति र प्रशंसा गरे,
दस धर्मलाई ग्रहण गरी ।
परिपूर्ण गर्दै ती धर्महरुलाई, प्रविष्ट भए तब वनमा ।"

सुमेध कथा समाप्त ।

रम्म नगर निवासी पनि नगरमा प्रविष्ट भई बुद्ध प्रमुख भिक्षु संघलाई महादान दिए । शास्ताले तिनीहरुलाई धर्म देशना गर्नु भयो । महाजन समुदायलाई शरणादिमा प्रतिष्ठित गरिकन रम्म नगरबाट निस्किनु भयो । यसपछि आयु रहुन्जेल बुद्धहरुका सम्पूर्ण कर्तव्य पुऱ्याउनु



Downloaded from http://dhamma.digital/

हुँदै क्रमानुसार अनुपादिशेष निर्वाण[1] धातुमा परिनिर्वाण हुनुभयो । यस विषयमा अन्य सबै कुराहरु बुद्ध वंशमा बताए अनुसार बुझ्नुपर्छ । त्यस्मा भनिएको छ–

"तदा ते भोजयित्वान, ससङ्घं लोकनायकं ।
उपगच्छुं सरणं तस्स, दीपङ्करस्स सत्थुनो ॥
"सरणागमने कञ्चि, निवेसेति तथागतो ।
कञ्चि पञ्चसु सीलेसु, सीले दसविधे परं ॥
"कस्सचि देति सामँञ्ञं, चतुरो फलमुत्तमे ।
कस्सचि असमे धम्मे, देति सो पटिसम्भिदा ॥
"कस्सचि वरसमापत्तियो, अट्ठ देति नरासभो ।
तिस्सो कस्सचि विज्जायो, छलभिञ्ञा पवेच्छति ॥
"तेन योगेन जनकायं , ओवदति महामुनि ।
तेन वित्थारिकं आसि, लोकनाथस्स सासनं ॥
"महाहनुसभक्खन्धो, दीपङ्करसनामको ।
बहू जने तारयति, परिमोचेति दुग्गतिं ॥
"बोधनेय्यं जनं दिस्वा, सतसहस्सेपि योजने ।
खणेन उपगन्त्वान, बोधेति तं महामुनि ॥
पठमाभिसमये बुद्धो, कोटिसतमबोधयि ।
दुतियाभिसमये नाथो, नवुति कोटिमबोधयि ॥
"यदा च देवभवनम्हि, बुद्धो धम्ममदेसयि ।
नवुतिकोटिसहस्सानं, ततियाभिसमयो अहु ॥
"सन्निपाता तयो आसुं, दीपङ्करस्स सत्थुनो ।
कोटिसतसहस्सानं, पठमो आसि समागमो ॥
"पुन नारदकूटम्हि, पविवेकगते जिने ।
खीणासवा वीतमला, समिंसु सतकोटियो ॥

---

[1] परिनिर्वाण दुई प्रकारका छन्– (१) उपाधिशेष परिनिर्वाण= रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान यी पञ्चस्कन्ध रहंदा हुने निर्वाण, (२) अनुपादिशेष परिनिर्वाण= पंचस्कन्ध नरहंदाको परिनिर्वाण ।

"यम्हि काले महावीरो, सुदस्सनसिलुच्चये ।
नवुतिकोटिसहस्सेहि, पवारेसि महामुनि ॥
"अहं तेन समयेन, जटिलो उग्गतापनो ।
अन्तलिक्खम्हि चरणो, पञ्चाभिञ्ञासु पारगू ॥
"दसवीससहस्सानं, धम्माभिसमयो अहु ।
एकद्विन्नं अभिसमया, गणनातो असङ्खिया ॥
"वित्थारिकं बाहुजञ्ञं, इद्धं फीतं अहु तदा ।
दीपङ्करस्स भगवतो, सासनं सुविसोधितं ॥
"चत्तारि सतसहस्सानि, छळभिञ्ञा महिद्धिका ।
दीपङ्करं लाकविदुं, परिवारेन्ति सब्बदा ॥
"ये केचि तेन समयेन, जहन्ति मानुसं भवं ।
अपत्तमानसा सेक्खा, गरहिता भवन्ति ते ॥
"सुपुप्फितं पावचनं, अरहन्तेहि तादिहि ।
खीणासवेहि विमलेहि, उपसोभति सदेवके ॥
"नगरं रम्मवती नाम, सुदेवो नाम खत्तियो ।
सुमेधा नाम जनिका, दीपङ्करस्स सत्थुनो ॥
"सुमङ्गलो च तिस्सो च, अहेसुं अग्गसावका ।
सागतो नामुपट्ठाको , दीपङ्करस्सक सत्थुनो ॥
"नन्दा चेव सुनन्दा च, अहेसुं अग्गसाविका ।
बोधि तस्स भगवतो, पिप्फलीति पवुच्चति ॥
"असीतिहत्थमुब्बेधो, दीपङ्करो महामुनि ।
सोभति दीपरुक्खोव, सालराजाव फुल्लितो ॥
"सतसहस्सवस्सानि, आयु तस्स महेसिनो ।
तावता तिट्ठमानो सो, तारेसि जनतं बहुं ॥
"जोतयित्वान सद्धम्मं, सन्तारेत्वा महजनं ।
जलित्वा अग्गिखन्धोव, निब्बुतो सो ससावको ॥
"सा च इद्धि सो च यसो, तानि च पादेसु चक्करतनानि ।
सब्बं तमन्तरहितं, ननु रित्ता सब्बसङ्खारा"ति ॥



Downloaded from http://dhamma.digital/

"तब तिनीहरुले भोजन गराएपछि, ससंघ लोकनायकलाई ।
परे शरणमा वहाँ, दीपङ्कर शास्ताको ॥
"कसैलाई शरणागमन[1]मा, गर्नुभयो प्रतिष्ठित तथागतले ।
कसैलाई पञ्च शील[2]मा, अन्य कसैलाई दस शील[3]मा ॥
"दिनुभयो कसैलाई श्रमणत्व, उत्तम चार फल[4]लाई ।
कसैलाई असमान धर्म, दिनुभयो त्यो प्रतिसम्भिदा[5] ॥
"कसैलाई श्रेष्ठ समापत्ति, आठ दिनुभयो नराधिपतिले ।
कसैलाई तीन विद्या[6], दिनुभयो छ अभिञ्ञा ॥
"लिएर यही सम्बन्ध जनसमूहमा, दिनुभयो उपदेश ।
यही कारणले भएथ्यो विस्तारित, लोकनाथको शासन ॥
"महाहनु, ठूलो स्कन्ध भएको, दीपङ्कर नाउँकाले ।
तार्नुभयो बहु जनलाई, गर्नुभयो दुर्गतिबाट मुक्त ॥
"बोध हुने जनलाई देख्दा, भएमा सतसहस्र योजन ।
पुग्नुभई क्षणभरमा, गर्नुहुन्थ्यो महामुनिले तिनीहरुलाई बोध ॥
"पहिलो सम्मेलनमा बुद्धले, बोध गराए सत कोटि जनलाई ।
दोस्रो सम्मेलनमा नाथले, बोध गराए नब्बे कोटि जनलाई ॥
"जब कि देवभवनमा, गर्नु भयो देशना बुद्धले ।
नब्बे सतसहस्र कोटि, भएको थियो (बोध) तेस्रो सम्मेलनमा ॥
"भएको थियो तीन सम्मेलन, दीपङ्कर शास्ताबाट ।

---

[1] बुद्ध, धर्म र संघको शरणमा पर्ने ।

[2] हिंसा, चोरी, व्यभिचार, झूट र बेहोश तुल्याउने नशालु पदार्थको सेवन यी पाँच पाप कर्मबाट मुक्त हुने ।

[3] उक्त पंच शीलको तेस्रोमा रहेको व्यभिचारको ठाउँमा ब्रम्हचर्यलाई पालना गर्ने यसबाहेक अरु विकाल भोजन नगर्ने, नृत्य-गीत-वाद्य र अश्लील हेर्नलाई परित्याग गर्ने, माला-गन्धको विलेपन-धारण-मण्डन-विभुषनादिलाई परित्याग गर्ने, उच्चा शयन-महा शयनलाई परित्याग गर्ने अनि सुन-चाँदि रुपियादिलाई परित्याग गर्ने ।

[4] श्रोतापत्ति, सकृदागामी, अनागामी र अर्हत ।

[5] अर्थ, धर्म, निरुक्ति र प्रतिभान ।

[6] पूर्व जन्मको ज्ञान, दिव्य चक्षुको ज्ञान अनि आश्रवक्षयको ज्ञान ।

सतसहस्र कोटि जन,भएको थियो पहिलो सम्मेलनमा ॥
"पुन नारद पर्वतमा, जिन बस्नु भएको थियो एकान्तवास ।
मल रहित-क्षीणाश्रवी, भएका थिए सत कोटि ॥
"जुन समयमा महावीर, सुदस्सन भन्ने उच्चपर्वतमा बसे ।
नब्बे सहस्र कोटि, थियो महामुनिको सभा ॥
"त्यस समयमा म, थिएं उग्र तपस्वी जटाधारी ।
गर्थें विचरण अन्तरिक्षमा, थिएं पारङ्गत पञ्च अभिज्ञामा ॥
"दस-बीस-सहस्रले, गर्दथे धर्मको साक्षात्कार; ।
एक वा दुईले साक्षात्कार गर्नेको, संख्या असंख्य नै थियो ॥
"थियो विस्तारित धेरै जनप्रति, सम्पन्न-समृद्ध थियो त्योबेला ।
दीपङ्कर भगवानको, सुपरिशुद्ध शासन (उपदेश) थियो ॥
"चार सतसहस्र, छः अभिज्ञालाभी महाऋद्धि सम्पन्न ।
दीपङ्कर लोकविज्ञलाई, सर्वदा घेरिरहेको हुन्थ्यो ॥
"जति पनि थिए त्यस समयमा, मनुष्य लोक छाडने ।
अप्राप्त-मन, शैक्ष भई मनुष्य देह छाडे, हुन्थे निन्दाका भागी ॥
"सुपुष्पित थियो प्रवचन, अर्हन्तद्वारा त्यस्तै प्रकारले ।
निर्मल क्षिणाश्रवीद्वारा, थिए सुशोभित समस्त देवलोकमा ॥
"रम्मवती नाउँको थियो नगर, सुदेव नाउँका क्षत्रिय पिता ।
सुमेधा नाउँकि माता, दीपङ्कर शास्ताको ॥
"सुमङ्गल र तिस्स, थिए अग्रश्रावक वहाँको ।
सागत नाउँको थियो उपस्थापक, दीपङ्कर शास्ताको ॥
"नन्दा अनि सुनन्दा,थिइन अग्रश्राविका ।
वहाँ भगवानको बोधि-वृक्ष, पीपललको बोत थियो ॥
"अस्सी हातको उँचाई, थियो दीपङ्कर महामुनिको ।
थियो दीप-वृक्ष झैं शोभायमान, प्रस्फुतित शाल वृक्ष झैं ॥
"सत सहस्र वर्ष, थियो वहाँ महर्षिको आयु ।
त्यस समयसम्म वहाँ रहनु भई, पार लगाए धेरै जनलाई ॥
"सद्धर्मलाइ पारे ज्योतिर्मय, पार लगाए जनसमुदायलाई ।
अग्निस्कन्ध झैं प्रज्वलित भई, परिनिर्वाण भए सश्रावक ॥


Downloaded from http://dhamma.digital/

"त्यो ऋद्धि, त्यो यश, ती पाउका चक्र-रत्नहरु ।
भए सबै ती अन्तर्धान, साँचै हो ती समस्त संस्कार नै रित्तो ॥"

## (२) कोण्डञ्ञ बुद्ध

दीपङ्कर बुद्धको पछि एक असंख्य कल्प पश्चात कोण्डञ्ञ शास्ता (बुद्ध) लोकमा उत्पन्न भयो । वहाँको पनि तीन श्रावक सन्निपात भएको थियो । पहिलो सन्निपातमा कोटिसतसहस्र, दोस्रो सन्निपातमा कोटि सहस्र अनि तेस्रो सन्निपातमा नब्बे करोड भिक्षुहरु थिए । त्यस समयमा बोधिसत्व विजितावी नाउँको चक्रवर्ती हुनुभई बुद्ध प्रमुख कोटिसतसहस्र भिक्षुसंघलाई महादान दिनुभएको थियो । शास्ताले बोधिसत्वलाई "भविष्यमा बुद्ध हुनेछौ" भनी व्यक्त गर्नुका साथै धर्म देशना गर्नु भयो । वहाँले शास्ताबाट धर्म देशना सुन्नुभई राज्यलाई त्याग गरी प्रव्रजित हुनुभयो । वहाँले तीनै पिटकको सिक्षालाई ग्रहण गर्नुभई अष्ट-समापत्ति र पञ्च अभिज्ञालाई लाभ गर्नुभई ध्यानबाट च्यूट नभई ब्रह्मलोकमा उत्पन्न हुनुभयो । कोण्डञ्ञ बुद्धको नगर रम्मवती थियो, सुनन्द नाउँको क्षत्रिय पिता थिए, सुजाता नाउँको देवी माता थिइन । भद्द र सुभद्द नाउँका अग्रश्रावक थिए । अनुरुद्ध नाउँका उपस्थापक थिए । तिस्सा र उपतिस्सा नाउँको अग्रश्राविका थिइन् । शाल बोधि वृक्ष थियो । शरीरको उचाई अठासी हात थियो । एक लाख वर्षसम्मको आयु थियो ।

**"दीपङ्करस्स अपरेन, कोण्डञ्ञो नाम नायको ।
अनन्ततेजो अमितयसो, अप्पमेय्यो दुरासदो"ति ।**

"दीपङ्कर पछि अर्को, भए कोण्डञ्ञ नामका नायक ।
अनन्त तेजस्वी-असीम यशस्वी, अप्रमेय अनि अनाक्रमणीय ॥"

## (३) मङ्गल (४) सुमन (५) रेवत (६) सोभित


Downloaded from http://dhamma.digital/

## (३) मङ्गल बुद्ध

वहाँ पश्चात एक असंख्य कल्प बितेपछि एउटै कल्पमा मङ्गल, सुमन, रेवत र सोभित चार बुद्ध उत्पन्न भए। मङ्गल भगवानको समयमा तीन सम्मेलन भएको थियो। वहाँको प्रथम सम्मेलनमा कोटि सतसहस्र भिक्षहरु थिए। दोस्रोमा कोटिसहस्र थिए। तेस्रोमा नब्बे करोड थिए। वहाँकी कान्छी आमाको छोरा आनन्द कुमार नामका भाई नब्बे करोडको समूहका साथ धर्म श्रवणार्थ शास्ताको सम्मुखमा आउनु भएको थियो। शास्ताले तिनीहरुलाई क्रमानुसार धर्मोपदेश दिनु भएको थियो। वहाँ प्रमुख परिषदका सबै प्रटिसम्भिदा सहित अर्हत फल लाभी भए। शास्ताले ती कुलपुत्रहरुलाई पूर्व चरित्र र योगबलबाट पाउने ऋद्धिमय पात्र चीवरको उपनिश्रय देख्नु भइकन दाहिने हात फैलाउनु भई "एथ भिक्खवोति" अर्थात "आऊ भिक्षुहो" भनी भन्नुभयो। तत्क्षण ती सबै ऋद्धिमय पात्र चीवर धारी साठी वर्षका महास्थविर जस्तो चालधालका भई शास्तालाई वन्दना गरी चारै तिरबात घेरेर बसे। यो वहाँको तेस्रो शिष्य सम्मेलन भएको थियो।

जसरी अन्य बुद्धका शरीरबाट निस्किने ज्योति चारैतिर अस्सी अस्सी हात सम्मका थिए। तर वहाँ मङ्गल बुद्धका त्यस्तो थिएन। वहाँ भगवानको प्रकाश सदैव दस सहस्र लोक धातु सम्म व्याप्त थियो। वृक्ष-पृथ्वी-पर्वत-समुद्र मात्र होइन ओखलादिमा पनि स्वर्ण वस्त्रले आच्छादित जस्तो लाग्दथ्यो। वहाँको आयु नब्बे हजार वर्षसम्मको थियो। यस समयावधिसम्म चन्द्र र सूर्यको आलोकद्वारा प्रकाशमय भएन। सूर्योदय हुँदाको दिवामा झैं सत्वहरु नित्य बुद्धको ज्योतिद्वारा नै विचरण गर्दथ्यो। सन्ध्याकालमा फुल्ने फूल अनि प्रातःकालमा बोलिने पंक्षीहरुका आवाजादिबाट लोकवासीले रात र दिनको भेदलाई थाहा पाउँदथ्यो।

के अन्य बुद्धमा यस्तो आनुभाव थिएन त? थिएन, भन्नु मिल्दैन। वहाँहरुले आकंक्षा गर्नु भएमा दस सहस्र लोक धातु भन्दा पनि बढी


Downloaded from http://dhamma.digital/

ज्योतिद्वारा व्याप्त पार्न सक्नुहुन्थ्यो । वहाँ मङ्गल भगवानले पूर्व जन्ममा प्रार्थना गरी आएको हुनाले अरुका नित्यकाल हुने चार चार हातसम्म फैलिए झैं दस सहस्र लोक धातुसम्म व्याप्त भएको थियो । वहाँ बोधिसत्व कालमा वेस्सन्तर जस्तै भएको समयमा पुत्र-पुत्री र श्रीमती साथ वङ्क पर्वतमा बस्न भएको थियो । त्यस समयमा खरदाठिक नाउँको यक्षले महापुरुषको दान दिने आशयलाई सुनेको हुनाले ब्राह्मण भेषमा गएर महासत्वसंग दुवै बालकको याचना गरे । महासत्वले "दिनेछु दुवै बाल बालिकालाई" भनी हर्षित र सन्तुष्ट हुँदै सागर सम्म पृथ्वी प्रकम्पन हुने गरी दुवै बाल-बालिकालाई दान दिए । यक्षले चंक्रमण गर्ने स्थलको उपल्लो स्थानमा रहेको फल्याकमा अडेस लागेर महासत्वले देख्ने गरी दुवै बाल-बालिकालाई मुलालाई खाए जस्तै गरी खायो । यक्षले मुख खोल्दा अग्नि ज्वाला जस्तै मुखबाट रक्तधारा निस्केको देखेर पनि महासत्वको मनमा रत्तीभर पनि दुःख भएन । बरु "मेरो दान सुदान हो" भनी विचार गर्दै शरीरमा महान प्रीतिले भरिएको आनन्दानुभूति गरे । वहाँले "यसको फलस्वरुप यसैको प्रभावले रश्मि निकलोस् ।" भनी प्रार्थन गर्नु भएको थियो । वहाँको यस प्रार्थनाको कारणले बुद्ध हुनुहुँदा त्यतिका टाढासम्म शरीरबाट रश्मि फैलिएको हो ।

वहाँको अर्को पनि पूर्व चरित्र छ । वहाँ बोधिसत्व छँदा एकजना बुद्धको चैत्यलाई देखेर "वहाँ बुद्धको निम्ति मैले जीवन परित्याग गर्नुपर्छ ।" भनी दण्ड दीपकमा लपेट्ने जस्तै गरी सम्पूर्ण शरीरमा लपेटेर रत्न जडित सुनको थालमा घ्यू भराएर त्यसमा हजारौं बत्ती जलाएर त्यसलाई शीरमा लिएर सम्पूर्ण शरीरमा आगो लगाई चैत्यको प्रदक्षिणा गर्दै सारा रात बिताए । यसरी सूर्योदय सम्म प्रयत्न गर्दै रहँदा पनि वहाँको रोम छिद्र सम्म पनि तातिएन । पद्म गर्भमा प्रविष्ट भए जस्तै थियो । धर्मलाई पालन गरेमा आफूलाई पनि रक्षा हुन्छ । त्यसैले भगवानले भन्नु भएको हो–

> **"धम्मो हवे रक्खति धम्मचारिं, धम्मो सुचिण्णो सुखमावहाति ।**
> **एसानिसंसो धम्मे सुचिण्णे, नदुग्गतिं गच्छति धम्मचारी"ति ॥**



Downloaded from http://dhamma.digital/

(थेरगा० ३०३; जा० १. १०. १०२; १. १५.३८५) ।

"धर्मले धर्मचारिलाई रक्षा गर्छ, सुधर्माचारीलाई सुखानुभव हुन्छ ।
यही नै सुधर्माचरणको फल हो, धर्मचारी दुर्गतिमा जानु पर्दैन ॥"

यस कर्मद्वारा पनि वहाँ भगवानको शरीर-प्रभा दस सहस्र लोकधातुसम्म व्याप्त भएको थियो ।

त्यस समयमा हाम्रा बोधिसत्व सुरुचि नाउँको ब्राह्मण भई "शास्तालाई निमण्त्रण गर्नेछु ।" भनी त्यहाँ गएर मधुर धर्म कथा सुनी "भोलिको निम्ति मकहाँ भिक्षा ग्रहण गर्नुस भन्ते ।" भनी भन्नुभयो । ब्राह्मण ! तिमीलाई कतिजना भिक्षुहरु चाहिन्छ ? "भन्ते ! भिक्षुहरुको संख्या कति छ ?" भनी सोध्यो । त्यस समयमा पहिलो सन्निपात मात्र भएको थियो । त्यसैले "कोटि सतसहस्र छन् ।" भनी भन्नुभयो । भन्ते ! तपाईं सहित सबैले मेरो गृहमा भिक्षा ग्रहण गर्नुस् । शास्ताले स्वीकार्नु भयो । ब्राह्मणले भोलिको निम्ति निमन्त्रण गरी घरमा गएर चिन्तन गऱ्यो– "मैले यी समस्त भिक्षुहरुलाई यागु, भोजन वस्त्रादि दान दिन सक्छु । तर वहाँहरुको निम्ति बस्ने स्थान कस्तो हुनुपर्छ ?"

वहाँको त्यस चिन्ताले गर्दा चौरासी हजार योजन टाढा रहेको पण्डुकम्बलको शिलासन उष्ण भाव भयो । शक्रले " को हो जसले कि मलाई यस स्थानबाट च्यूत गर्न चाहेको ?"भनी दिव्य चक्षुले हेर्दा महापुरुषलाई देखेर "सुरुचि नाउँका ब्राह्मणले बुद्ध प्रमुख भिक्षुसंघलाई निमन्त्रण गरी बस्ने ठाउँलाई लिएर चिन्तित छ । म पनि त्यहाँ गएर पुण्यकार्यमा सहभागी हुनुपर्छ ।" भनी डकर्मीको भेष निर्मित गरी वसला-फर्सा र ज्याबल हातमा लिएर महापुरुषको सम्मुखमा प्रकट भयो । उसले "के कसैलाई कामदारको आवश्यक परेको छ ?" भनी सोध्यो । महापूषले उसलाई देखेर "कुन काम गर्न सक्छौ ?" "मैले नजानेको काम केही पनि छैन, घर वा मण्डप जुनकुनै काम गर्न दिएमा त्यो गर्न जान्दछु ।"


Downloaded from http://dhamma.digital/

"त्यसोभए मकहाँ काम छ ।" "आर्य ! के छ त ?" "भोलिको निम्ति मैले सत सहस्र कोति भिक्षुहरुलाई निमन्त्रण गरेको छु । तिनीहरुका निम्ति बस्नलाई मण्डप बनाउनु छ ।" "त्यो म गरिदिन्छु, यदि मलाई ज्याला दिन सक्छौ भने ।" "दिन सक्छु, तात ।" "साधु, गरिदिन्छु ।" भनी गएर एक ठाउँलाई हेऱ्यो, त्यहाँ बाह्र,तेह्र योजन भएको प्रदेश कसिण मण्डल[1] जस्तै समतल भूमि थियो । "उसले यतिको स्थानमा सप्तरत्नमय मण्डप प्रकट होस् ।" भनी संकल्प गरी हेऱ्यो । तत्क्षणै पृथ्वीलाई भेद गरेर मण्डप प्रकट भयो । त्यसमा सुवर्णमय खम्बामा चाँदिका घडा, चाँदिका खम्बामा स्वर्णमय, मणिको खम्बामा मुंगामय, सप्तरत्नमयमा सप्तरत्नमयको नै धडा थियो । अनि त "मण्डपको बीच बीचमा धण्टी भएको झालर झुण्डिएको होस । भनी संकल्प गरी हेर्दा हेर्दै बीच बीचमा घण्टी भएको झालर लट्किन थाल्यो । जसबाट मन्दवायु लागेर हल्लिंदा पाँचप्रकारका बाजाबाट निस्केको तूर्यको मधुर शब्द निस्किन्थ्यो । दिव्य सङ्गीत बजेको जस्तो हुन्थ्यो । "बीच बीचमा सुगन्धित मालाहरु फुलका मालाहरु लटकिएको होस ।" भनी विचार गर्दा मालाहरु लट्कियो । "कोटि सत सहस्र संख्या भएका भिक्षुहरु बस्नको निम्ति आसनहरु र सामुन्ने पात्र राख्न आसनहरु पृथ्वीलाई भेद गरी प्रकट होस ।"भनी विचार गर्दा तत्क्षणमै प्रकट भयो । "कुना कुनामा एक एकवटा पानीको भाँडा प्रकट होस ।" भनी विचार गर्दा पानीका भाँडाहरु प्रकट भयो ।

यति सम्म गरेपछि ब्राह्मणकहाँ गएर भन्यो– "आउनुहोस आर्य ! तपाईंको मण्डपलाई हेरेर मलाई ज्याला दिनुस ।" महापुरुषले मण्डप हेर्न गए । देख्नसाथ समस्त शरीरमा पाँच प्रकारका प्रीति[२] भरिएर आयो । अनित मण्डपलाई देख्दा यस्तो विचार गऱ्यो– " यो मण्डप मनुष्यद्वारा निर्मित होइन, निश्चय नै मेरो आशय र मेरो गुण त्यहाँ पुगेर शक्रको भवन उष्ण भएकोले देवराज शक्रद्वारा यो मण्डप निर्माण गरेको हुनुपर्छ ।"

---

[1] ध्यान बस्नको निम्ति माटो आदिले बनाएको समतल पांग्रा जस्तै भएको चक्का ।

[२] क्षुद्र प्रीति, क्षणिक प्रीति, उर्ध्वगामी प्रीति, तरंग जस्तै प्रीति अनि प्रसरणशील ।



Downloaded from http://dhamma.digital/

"यस प्रकारको मण्डपमा एक दिनमात्र दान दिनु भनेको यो मेरो निम्ति उपयुक्त होइन, एक सप्ताहसम्म दान दिनेछु ।" भनी सोच्यो । जे जति बाहिरी दान हो, त्यसबाट बोधिसत्वलाई सन्तोष हुँदैन । अलंकृत शीरलाई काटेर, अञ्जित आँखालाई निकालेर अथवा हृदय मंसलाई चिथोरेर दिंदाको समयमा मात्र बोधिसत्वलाई त्यागको सम्बन्धमा सन्तोष हुन्छ । हाम्रा बोधिसत्वले पनि सिवि जातक[३]मा प्रतिदिन नगरमा स्थित चारै द्वारको मध्यभागमा पाँच सत सहस्र कार्षापण दान दिंदा पनि त्यस दानको त्यागमा सन्तोष लिन सकेन । तर जब कि ब्राह्मण भेषमा आएर देवराज शक्रले आँखा माग्यो, तब त्यसलाई निकालेर दिंदा नै प्रसन्न भए । केशाग्रसम्म पनि वहाँको चित्तमा विकार आएन । त्यस प्रकारको दानबाट बोधिसत्व तृप्त नभएको हुन्छ । त्यसैले वहाँ महापुरुषले पनि "सप्ताहभर मैले कोटि सत सहस्र संख्याका भिक्षुहरुलाई दान दिनुपर्छ ।" भनी चिन्तन गरी त्यस मण्डपमा बुद्ध प्रमुख भिक्षुसंघलाई बस्न लगाई सप्ताहसम्म गवपान भन्ने दान दिए । ठूल्ठूला भाँडामा दूधलाई भरेर चुल्हामा बसालिकन दूध बाक्लो भएपछि त्यसमा अलिकति चामल, मह, सखर र ध्यू राखेर पकाएको भोजनलाई गवपान भनिन्छ । मनुष्यले मात्रै त्यसलाई पस्किन सक्दैनथ्यो । देवताहरु पनि एकत्रित भई पस्केको थियो । बाह्र, तेह्र योजनसम्मको स्थानमा पनि भिक्षुहरुलाई बसाइकन ख्वाउन अपुग थियो । तर वहाँहरु आआफ्नो योगबलको प्रभावद्वारा बस्नु भयो । अन्तिम दिनमा समस्त भिक्षुको पात्रलाई धोइदिएपछि भैषज्यको निम्ति ध्यु, नौनि, मह, गुँडादिले पात्रमा भरिपूर्ण गरिकन त्रि चीवर[४] सहित दान दिए । भरखर भरखरै भएका नयाँ भिक्षुहरुले दान पाएको चीवर वस्त्रको मूल्य सत सहस्रको थियो ।

शास्ताले अनुमोदन गर्नु हुँदै "यस पूरुषले यस्तो किसिमले महादान दियो, भविष्यमा यो के हुने हो ?"भनी विचार गर्दा "अनागतमा

---

[३] सिवि जातक ( १५. ३) ।

[४] संघाटी,उत्तरासंग र अन्तर्वास ।



Downloaded from http://dhamma.digital/

कल्प सतसहस्र र दुई असंख्य बितेपछि गोतम नाउँको बुद्ध हुनेछ ।" भनी थाहा पाउनु भई महापुरुषलाई बोलाई "तिमीले यतिको समय बिताएपछि गोतम नाउँको बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । महापुरुषले त्यस कुरालाई सुन्नुभई "म त बुद्ध पो हुनेछु, मलाई घरको के मतलब ? म प्रव्रजित हुनेछु भनी त्यस सम्पत्तिलाई थूकलाई जस्तै त्यागेर शास्ताकहाँ गइकन प्रव्रजित भई बुद्ध वचनलाई सिकेर अभिज्ञा र समापत्तिहरुलाई प्राप्त गरी, आयु सिद्धिएपछि ब्रह्मलोकमा जन्मिनु भयो ।

मङ्गल भगवानको उत्तर नाउँको नगर थियो । पिताको नाउँ पनि उत्तर क्षत्रिय थियो । माताको नाउँ पनि उत्तरा देवी थियो । सुदेव र धम्मसेन दुई अग्रश्रावक थिए । पालित नाउँको उपस्थापक थियो । सीवली र असोका दुई अग्रश्राविका थिइन् । बोधिवृक्षको नाउँ नाग थियो । शरीरको उचाई अठासी हातको थियो । नब्बे हजार वर्ष जीवित रहनु भई निर्वाण हुनुहुँदा खेरी एउटै प्रहारबाट (एक साथ) दस सहस्र चक्रवाल एकदमै अन्धकार भएको थियो । त्यस समयमा समस्त चक्रवालका मनुष्यहरु रोदन परिदेवन गरेका थिए ।

**"कोण्डञ्ञस्स अपरेन, मङ्गलो नायको ।**
**तमं लोके निहन्त्वान, धम्मोक्कमभिधारयी"ति ॥**

"कोण्डञ्ञ पछि, भए मङ्गल नायक ।
गरे नाश अन्धकार, धारण गरे धर्म रुपी मशाल ॥"

## (४) सुमन बुद्ध

यसरी दस सहस्र लोक धातुलाई अन्धकार गरी परिनिर्वाण हुनु हुँदा वहाँ भगवान पछि सुमन नाउँका शास्ता उत्पन्न भयो । वहाँको पनि तीन श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपात हुँदा सत सहस्रं कोटि भिक्षुहरु थिए । दोस्रो कञ्चन पर्वतमा नब्बे सहस्र कोटि अनि तेस्रो



Downloaded from http://dhamma.digital/

मा असी सहस्र कोटि थियो । त्यस समयमा महासत्व अतुल नाउँको महाऋद्धि र महा आनुभावका नागराजा भए । वहाँले "बुद्ध उत्पन्न भयो" भन्ने सुनेर आफ्नो जाति सम्बन्धि सहित नाग भवनबाट निस्केर सत सहस्र कोटि भिक्षु परिवारका साथ वहाँ भगवानलाई दिव्य तूर्य वाद्यद्वारा सत्कार गरी महादान चालू राखी प्रत्येकलाई दोशालाको जोडा दान दिई शरणमा प्रतिष्ठित भए । वहाँ शास्ताले पनि "अनागतमा बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको खेम नाउँको नगर थियो । पिता सुदत्त नामका राजा, सिरिमा नामका माता, सरण र भावितत्त दुई अग्रश्रावक, उदेन नामका उपस्थापक, सोण र उपसोण दुई अग्रश्राविका, बोधि वृक्षको नाउँ नाग, शरीरको उचाई नब्बे हात अनि नब्बे सहस्र वर्षको आयु थियो ।

**"मङ्गलस्स अपरेन, सुमनो नाम नायको ।**
**सब्ब धम्मेहि असमो, सब्बसत्तानमुत्तमो" ति ॥**

"मङ्गलको पछि, हुनु भयो सुमन नाउँका नायक ।
समस्त धर्ममा अतुलनीय, समस्त सत्वहरु भन्दा उत्तम ॥"

## (५) रेवत बुद्ध

वहाँ पछि रेवत नाउँको शास्ता उत्पन्न भयो । वहाँको पनि तीन श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपातमा त गणना नै थिएन, दोस्रो सन्निपातमा सत सहस्र कोटि भिक्षुहरु थिए भने तेस्रोमा पनि त्यति नै । त्यस समयमा बोधिसत्व अतिदेव ब्राह्मण भई शास्ताको धर्म देशना श्रवण गरी, शरणमा प्रतिष्ठित भई, दुई हात जोडेर शीरमा राखी वहाँ शास्तालाई क्लेश नष्ट विषयमा गुण गान गरी उत्तरासंग (शाल) वस्त्रद्वारा पूजा गऱ्यो । वहाँले पनि "बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको भने धञ्ञवती नाउँको नगर थियो । पिता विपुल नाउँका क्षत्रिय, माताको नाउँ पनि विपुलादेवी, वरुण र ब्रह्मदेव दुई अग्रश्रावक,



Downloaded from http://dhamma.digital/

सम्भव नाउँका उपस्थापक, भद्दा र सुभद्दा दुई अग्रश्राविका, बोधि वृक्षको नाउँ नाग, शरीरको उचाई असी हातको थियो । अनि साठी सहस्र वर्षको आयु थियो ।

**"सुमनस्स अपरेन, रेवतो नाम नायको ।**
**अनुपमो असदिसो, अतुलो उत्तमो जिनो" ति ॥**

"सुमनको पछि, हुनुभयो रेवत नाउँका नायक ।
अनुपम असदृश, अतुलनीय र उत्तम जिन ॥"

## (६) सोभित बुद्ध

वहाँको पछि सोभित नाउँका शास्ता उत्पन्न भयो । वहाँको पनि तीन श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपातमा सत कोटि, दोस्रोमा नब्बे कोटि अनि तेस्रोमा अस्सी कोटि भिक्षुहरु थिए । त्यस समयमा बोधिसत्व अजित नाउँको ब्राह्मण भई शास्ताको धर्म देशना श्रवण गरी शरणमा प्रतिष्ठित भई बुद्ध प्रमुख भिक्षुसंघलाई महादान दिए । वहाँले पनि "बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको भने सुधम्म नाउँको नगर थियो, पिताको नाउँ पनि सुधम्म राजा, माताको नाउँ पनि सुधम्मादेवी, असम र सुनेत्त दुई अग्रश्रावक, अनोम नाउँका उपस्थापक, नकुला र सुजाता दुई अग्रश्राविका, बोधि वृक्षको नाउँ नाग, शरीरको उचाई अन्ठाउन्न हातको अनि नब्बे सहस्र वर्षको आयु थियो ।

**"रेवतस्स अपरेन समयेन, सोभितो नाम नायको ।**
**समाहितो सन्तचित्तो, असमो अप्पटिपुग्गलो " ति ॥**

रेवतको पछि, हुनुभयो सोभित नाउँका नायक ।
समाहित-शान्त चित्त, असम र अद्वितीय हुन् ॥"

## (७) अनोमदस्सी बुद्ध

वहाँको पछि एक असंख्य व्यतित भएपछि एउटै कल्पमा अनोमदस्सी, पदुमो र नारद यी तीन बुद्धहरु उत्पन्न भए । अनोमदस्सी भगवानको तीन श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपातमा आठ सत सहस्र, दोस्रोमा सात सत सहस्र अनि तृतीयमा छ सत सहस्र भिक्षुहरु थिए । त्यस समयमा बोधिसत्व महाऋद्धिवान, महानुभाव, अनेकौं सत सहस्र यक्षहरुका अधिपति हुनुकासाथै एक यक्ष सेनापति थिए । वहाँले "बुद्ध उत्पन्न भयो" भन्ने सुनेर त्यहाँ गई बुद्ध प्रमुख भिक्षुसंघलाई महादान दिए । वहाँ शास्ताले पनि "अनागतमा बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । अनोमदस्सी भगवानको भने चन्दवती नाउँको नगर थियो । पिताको नाउँ यसवा, माताको नाउँ यसोधरा, निसभ र अनोम दुई अग्रश्रावक, वरुण नाउँको उपस्थापक, सुन्दरी र सुमना दुई अग्रश्राविका, बोधि वृक्षको नाउँ अज्जुन, शरीरको उचाई अन्ठाउन्न हात अनि आयु सतसहस्र वर्षको थियो ।

**"सोभितस्स अपरेन, सम्बुद्धो द्विपदुत्तमो ।**
**अनोमदस्सी अमितयसो, तेजस्सी दुरतिक्कमो"ति ॥**

"सोभितको पछि, हुनुभयो नर श्रेष्ठ सम्बुद्ध ।
अमितयश अनोमदस्सी, तेजस्वी र दुरतिक्रम हुन् ॥"

## (८) पदुम बुद्ध

वहाँको पछि पदुम नाउँका शास्ता उत्पन्न भयो । वहाँको पनि तीन श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपातमा सत सहस्र कोटि, दोस्रोमा तीन सत सहस्र अनि ग्रामीण क्षेत्रबात टाढा भएको सन्निपातमा महासण्डवासी दुई सत सहस्र भिक्षुहरु थिए । तथागत त्यस वण खण्डमा रहनु हुँदा बोधिसत्व त्यसबेला सिंहको रुपमा जन्मेका थिए । शास्ता निरोध



Downloaded from http://dhamma.digital/

समापत्ति (ध्यान)मा बस्नु भएको देखेर प्रसन्न चित्त लिई वन्दना गरिकन प्रीतिले युक्त सुमन स्थितिमा तीन पटका सिंहनाद गरी सप्ताहसम्म बुद्धारम्मणको प्रीति सुखबाट रहित नभई, शिकारमा नगईकन जीवन परित्याग गरी उपासनामा दृढ भई रहे । शास्ता सप्ताह बिते पछि निरोध समापत्तिबाट उठ्नु हुँदा सिंहलाई देख्नु भई "चित्तलाई प्रसन्न गरी भिक्षुसंघलाई पनि वन्दना गर्नेछ, भिक्षुसंघ आउनु पर्‍यो" भनी संकल्प गर्नु भयो । भिक्षुसंघ तत्क्षणमै आई पुग्नु भयो । सिंहको मनमा प्रसन्नताले छाइयो । शास्ताले उसको मनको अवस्थालाई बुझ्नु भई "अनागतमा बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । पदुम भगवानको भने चम्पक नाउँको नगर थियो । पिताको नाउँ असम, माताको नाउँ असमा, साल र उपसाल दुई अग्रश्रावक, वरुण नामको उपस्थापक, रामा र सुरामा दुई अग्रश्राविका, बोधि वृक्षको नाउँ सोण, शरीरको उचाई अन्ठाउन्न हातको अनि सत सहस्र वर्षको आयु थियो ।

**"अनोमदस्सिस्स अपरेन, सम्बुद्धो द्विपदुत्तमो ।**
**पदुमो नाम नामेन, असमो अप्पटिपुग्गलो"ति ॥**

"अनोमदस्सिको पछि, नरोत्तम सम्बुद्ध ।
पदुम नामले प्रसिद्ध, असम अप्रतिपुद्गल हुन् ॥"

## (९) नारद बुद्ध

वहाँको पछि नारद नाउँका शास्ता उत्पन्न भयो । वहाँको पनि तीन श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपातमा सत सहस्र कोटि, दोस्रोमा नब्बे सत सहस्र अनि तेस्रोमा असी कोटि सत सहस्र भिक्षुहरु थिए । त्यसबेला बोधिसत्व ऋषि अनुसार प्रव्रजित भइकन पञ्च अभिज्ञा र अष्ट समापत्ति लाभी भई बुद्ध प्रमुख भिक्षुसंघलाई महादान दिई लोहित चन्दनले पूजा गरे । वहाँले पनि "अनागतमा बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको धञ्ञवती नाउँको नगर थियो । पिता सुदेव नामका



Downloaded from http://dhamma.digital/

क्षत्रीय, माता अनोमा नाउँका, सद्दसाल र जितमित्त दुई अग्रश्रावक, वासेट्ठ नाउँको उपस्थापक, अमिता र असमा दुई अग्रश्राविका, बोधि वृक्षको नाउँ महासोण, शरीरको उचाई अठासी हातको अनि नब्बे सत सहस्र वर्षको आयु थियो ।

> "पदुमस्स अपरेन, सम्बुद्धो द्विपदुत्तमो ।
> नारदो नाम नामेन, असमो अप्पटिपुग्गलो"ति ॥

> "पदुमको पछि, नरोत्तम सम्बुद्ध ।
> नारद नामले प्रसिद्ध, असम अप्रतिपुद्गल हुन् ॥"

## (१०) पदुमुत्तर बुद्ध

नारद बुद्धको पछि एक असंख्य र एकलाख कल्प ब्यतित हुँदा एक कल्पमा पदुमुत्तर नाउँका वहाँ एकजना मात्र उत्पन्न भयो । वहाँको पनि तीन श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपातमा सत सहस्र कोटि, दोस्रो वेभार पर्वतमा नब्बे सत सहस्र कोटि अनि तेस्रोमा असी सत सहस्र कोटि भिक्षुहरु थिए । त्यसबेला बोधिसत्व जटिल नाउँको महाराष्ट्रिय भई बुद्ध प्रमुख भिक्षु संघलाई सचीवर (त्री चीवर) दान दिएका थिए । वहाँले पनि "अनागतमा बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । पदुमुत्तर बुद्धको समयमा तैर्थिकहरु (अन्य धर्मावलम्बि) थिएनन् । समस्त देव-मनुष्यहरु बुद्धको नै सरणमा परेका थिए । वहाँको हंसवती नाउँको नगर थियो । पिताको नाउँ आनन्द क्षत्रीय, माताको नाउँ सुजाता देवी, देवल र सुजात दुई अग्रश्रावक, सुमन नाउँको उपस्थापक, अमिता र असमा दुई अग्रश्राविका, बोधि वृक्षको नाउँ शाल, शरीरको उचाई अन्ठाउन्न हात र शरीरबाट निस्किने ज्योति बाह्र योजन व्याप्त हुन्थ्यो । सत सहस्र वर्षको आयु थियो ।

> "नारदस्स अपरेन, सम्बुद्धो द्विपदुत्तमो ।



Downloaded from http://dhamma.digital/

पदुमुत्तरो नाम जिनो, अक्खोभो सागरूपमो"ति ॥
"नारदको पछि, नरोत्तम सम्बुद्ध ।
पदुमुत्तर नाउँका जिन, सागर झैं अविचलित हुन् ॥"

## (११) सुमेध बुद्ध

वहाँको पछि सतहत्तर सहस्र कल्प व्यतित हुँदा एउटै कल्पमा सुमेध र सुजात दुई बुद्धउत्पन्न भए । सुमेधको पनि तीन श्रावक सन्निपात भएको थियो । सुदस्सन नगरमा प्रथम सन्निपात हुँदा कोटि सत सहस्र, दोस्रोमा नब्बे कोटि अनि तेस्रोमा असी कोटि क्षीणाश्रवी[१]हरु थिए । त्यसबेला बोधिसत्व उत्तर नाउँका माणव हुँदा पृथ्वीमा गाडेर राखेको असी कोटि धनलाई त्याग गरी बुद्ध प्रमुख भिक्षु संघलाई महादान दिई, धर्म श्रवण गरी, शरणमा प्रतिष्ठित भइकन घरबाट निस्केर प्रव्रजित भए । वहाँले पनि "भविष्यमा बुद्ध हुनेछौ"भनी व्यक्त गर्नु भयो । सुमेध भगवानको सुदस्सन नाउँको नगर, पिताको नाउँ सुदत्त राजा, माताको नाउँ पनि सुदत्ता, सरण र सब्बकाम दुई अग्रश्रावक, सागर नामका उपस्थापक, रामा र सुरामा दुई अग्रश्राविका, बोधिवृक्षको नाउँ महानीप (महा कदम्ब), शरीरको उचाई अठासी हात अनि नब्बे सहश्र वर्षको आयु थियो ।

**"पदुमुत्तरस्स अपरेन, सुमेधो नाम नायको ।**
**दुरासदो उग्गतेजो, सब्बलोकुत्तमो मुनी"ति ॥**

"पदुमुत्तरको पछि, सुमेध नाउँका नायक ।
दुराक्रमणीय उग्रतेज, समस्त लोकमा उत्तम मुनी हुन् ॥"

---

[१] आश्रवहरु विहीन भएका ।



Downloaded from http://dhamma.digital/

## (१२) सुजात बुद्ध

वहाँको पछि सुजात नाउँको बुद्ध उत्पन्न भयो । वहाँको पनि तीन श्रावक सन्निपाट भएको थियो । प्रथम सन्निपात हुँदा साठी हजार, दोस्रोमा पचास हजार, तेस्रोमा चालीस हजार भिक्षुहरु थिए । त्यसबेला बोधिसत्व चक्रवर्ती राजा हुँदा "बुद्ध उत्पन्न भयो" भन्ने सुनी त्यहाँ गएर धर्म श्रवण गरी बुद्ध प्रमुख भिक्षु संघलाई सप्तरत्न र चारै महाद्वीपको राज्य दान दिई शास्ताकहाँ प्रव्रजित भए । समस्त राष्ट्रवासीले राष्ट्रमा उब्जेकालाई लिएर विहारको काम सम्पन्न गर्दै बुद्ध सहित भिक्षुसंघलाई महादान दिन्थे । वहाँ शास्ताले पनि "अनागतमा बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको सुमङ्गल नाउँको नगर, पिता उग्गत नाउँका राजा, माता प्रभावती, सुदस्सन र सुदेव अग्रश्रावक, नारद नाउँको उपस्थापक, नागा र नागसमाला अग्रश्राविका, बोधिवृक्षको नाउँ महावेणु, थियो । घनी शाखामा छिद्र कम भएको महाशाखाबाट मयुरको पुच्छर समूह जस्तै गरी चम्किंदथ्यो । वहाँ भगवानको शरीर उचाई पचास हातको र नब्बेहजार वर्षको आयु थियो ।

"तत्थेव मण्डकप्पह्मि, सुजातो नाम नायको ।
सीहहनुसभक्खन्धो, अप्पमेय्यो दुरासदो"ति ॥

"तब त्यस मण्ड-कल्पमा, सुजात नाउँको नायक ।
सिंह हनु, वृषभ स्कन्ध समान, अप्रमेय र दुराक्रमणीय हुन् ।"

## (१३) पियदस्सी

वहाँको अठार सय कल्प पछि एउटै कल्पमा पियदस्सी, अत्थदस्सी र धम्मदस्सी तीन बुद्ध उत्पन्न भए । पियदस्सीको पनि तीन



Downloaded from http://dhamma.digital/

श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपातमा सत सहस्र कोटि, दोस्रोमा नब्बे कोटि, तेस्रोमा असी कोटि भिक्षुहरु थिए । त्यसबेला बोधिसत्व कस्सप नामको माणवक हुँदा तीनै वेदमा पारङ्गत भई शास्ताको धर्म देशना श्रवण गरी सत सहस्र कोटि धन परित्याग गरी संघाराम निर्माण गरिकन शरणमा परी शीलमा प्रतिष्ठित भए । तब शास्ताले "अठार सय कल्प पछि बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको अनोम नाउँको नगर, पिता सुदिन्न नाउँको राजा, माताको नाउँ चन्दादेवी, पालित र सब्बदस्सी दुई अग्रश्रावक, सोभित नाउँको उपस्थापक, सुजाता र धम्मदिन्ना दुई अग्रश्राविका, बोधिवृक्षको नाउँ ककुध, शरीरको उचाई असी हात अनि नब्बे हजार वर्षको आयु थियो ।

**"सुजातस्स अपरेन, सयम्भू लोकनायको ।**
**दुरासदो असमसमो, पियदस्सी महायसो"ति ॥**

"सुजातको पछि, स्वयम्भू लोकनायक ।
दुराक्रमणीय असदृश, महायशस्वी पियदस्सी हुन् ॥"

## (१४) अत्थदस्सी बुद्ध

वहाँ पछि अत्थदस्सी नाउँको बुद्ध उत्पन्न भयो । वहाँको पनि तीन श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपातमा अन्ठानब्बे सत सहस्र, दोस्रोमा अठासी सत सहस्र, तेस्रोमा पनि त्यति नै भिक्षुहरु थिए । त्यसबेला बोधिसत्व सुसीम नामको महाऋद्धिवान तपस्वी हुँदा देवलोकबाट मन्दार पुष्पको छत्र ल्याई पूजा गर्नू भएको थियो । वहाँले पनि "अनागतमा बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको सोभित नाउँको नगर, पिता सागर नाउँको राजा, माताको नाउँ सुदस्सना, सन्त र उपसन्त दुई अग्रश्रावक, अभय नाउँको उपस्थापक, धर्मा र सुधर्मा दुई अग्रश्राविका, बोधिवृक्षको नाउँ चम्पक, शरीरको उचाई असी हातको अनि सत सहस्र हजार वर्षको आयु थियो ।


Downloaded from http://dhamma.digital/

"तत्थेव मण्डकप्पह्मि, अत्थदस्सी नरासभो ।
महातमं निहन्त्वान, पत्तो सम्बोधिमुत्तम"न्ति ॥

"तब त्यस मण्डकल्पमा, नरोत्तम अत्थदस्सी ।
महा अन्धकार नाश गरी, प्राप्त गर्नु भयो उत्तम सम्बोधि ॥"

## (१५) धम्मदस्सी

वहाँको पछि धम्मदस्सी नाउँको शास्ता उत्पन्न भयो । वहाँको पनि तीन श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपातमा सत कोटि, दोस्रोमा सत्तरी कोटि, तेस्रोमा असी कोटि भिक्षुहरु थिए । त्यसबेला बोधिसत्व देवराज शक्र भई दिब्य गन्ध-पुष्पद्वारा अनि दिब्य तूर्यद्वारा पूजा गऱ्यो । वहाँले पनि "अनागतमा बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको सरण नाउँको नगर, पिता सरण नाउँको राजा, माताको नाउँ सुनन्दा, पदुम र फुस्सदेव दुई अग्रश्रावक, सुनेत्त नाउँका उपस्थापक, खेमा र सब्बनामा दुई अग्रश्राविका, बोधिवृक्षको नाउँ रत्तङ्कुर, "बिम्बिजाल" पनि भनिन्छ, शरीरको उचाई असी हातको अनि सत सहस्र वर्षको आयु थियो ।

"तत्थेव मण्डकप्पह्मि, धम्मदस्सी महायसो ।
तमन्धकारं विधमित्वा, अतिरोचति सदेवके"ति ॥

"तब त्यस मण्डकल्पमा, धम्मदस्सी महायशस्वी ।
तमन्धकारलाई विनाशक, स-देवहरुमा प्रकाशमान हुन् ॥"

## (१६) सिद्धत्थ बुद्ध

वहाँको पछि यस कल्पको चौरानब्बे कल्प पहिला सिद्धत्थ नाउँको एकैजना मात्र बुद्ध भए । वहाँको पनि तीन श्रावक सन्निपात भएको थियो ।



Downloaded from http://dhamma.digital/

प्रथम सन्निपातमा सत सहस्र कोटि, दोस्रोमा नब्बे कोटि, तेस्रोमा असी कोटि भिक्षुहरु थिए । त्यसबेला बोधिसत्व उग्रतेजस्वी अभिज्ञा प्राप्त मङ्गल नाउँको तपस्वी हुँदा महाजम्बुल ल्याएर तथागतलाई दान दिएका थिए । शास्ताले त्यो फललाई खानु भई "चौरानब्बे कल्प बिते पछि बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको वेभार नाउँको नगर, पिता जयसेन नाउँको राजा, माताको नाउँ सुफस्सा, सम्बल र सुमित्त दुई अग्रश्रावक, रेवत नाउँको उपस्थापक, सीवली र सुरामा दुई अग्रश्राविका, बोधिवृक्षको नाउँ कणिका, शरीरको उचाई साठी हात अनि सत सहस वर्षको आयु थियो ।

**"धम्मदस्सिस्स अपरेन, सिद्धत्थो नाम नायको ।**
**निहनित्वा तमं सब्बं, सूरियो अब्भुग्गतो यथा"ति ॥**

"धम्मदस्सिको पछि, सिद्धत्थ नाउँका नायक ।
समस्त अन्धकारलाई विनाश गरी, भयो उदय सूर्य जस्तै ॥"

## (१७) तिस्स बुद्ध

वहाँको पछि यस कल्पको बयानब्बे कल्प पहिला तिस्स र फुस्स दुई बुद्ध उत्पन्न भए । भगवान तिस्सको तीन श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपातमा सत कोटि, दोस्रोमा नब्बे कोटि अनि तेस्रोमा असी कोटि भिक्षुहरु थिए । त्यसबेला बोधिसत्व महाऐश्वर्यशाली, महा यशस्वी सुजात नाउँको क्षत्रिय जन्ममा ऋषि प्रव्रजितको भेषमा प्रव्रजित भइकन महाऋद्धिवान हुँदा " बुद्ध उत्पन्न भयो" भनी सुनेर दिव्य मन्दार-पदुम अनि परिछत्त पुष्प लिएर गई चार परिषद माझमा तथागतलाई पूजा गरे अनि आकाशमा फूलको चँदुवा लगाई दिए । वहाँ शास्ताले पनि "बयानब्बे कल्प पछि बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको खेम नाउँको नगर, पिता जनसन्ध नाउँको क्षत्रिय, माताको नाउँ पदुमा, ब्रह्मदेव र उदय दुई अग्रश्रावक, समङ्ग नाउँको उपस्थापक, फुस्सा र

सुदत्ता दुई अग्रश्राविका, बोधिवृक्षको नाउँ असन, शरीरको उचाई साठी हात अनि सत सहस्र वर्षको आयु थियो ।

**"सिद्धत्थस्स अपरेन, असमो अप्पटिपुग्गलो ।**
**अनन्तसीलो अमितयसो, तिस्सो लाकग्गनायको"ति ॥**

"सिद्धत्थको पछि, असदृश-अद्वितीय व्यक्ति ।
अनन्त शीलवान-अनन्त यशवान, तिस्स लोक नायक हुन् ।

## (१८) फुस्स बुद्ध

वहाँको पछि फुस्स नाउँको शास्ता उत्पन्न भयो । वहाँको पनि तीन श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपातमा साठी सत सहस्र, दोस्रोमा पचास, तेस्रोमा बत्तीस सत सहस्र भिक्षुहरु थिए । त्यसबेला बोधिसत्व विजितावी नाउँका क्षत्रिय हुँदा महान राज्यलाई त्यागी शास्ताको सम्मुखमा प्रव्रजित भइकन तीन पिटकलाई पढेर महाजन समूहलाई धर्म देशना गर्नु हुँदै शीलपारमिलाई पूर्ण गरे । वहाँले पनि "अनागतमा बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको कासी नाउँको नगर थियो । पिताको नाउँ जयसेन, माताको नाउँ सिरिमा, सुरक्खित र धम्मसेन दुई अग्रश्रावक, सभिय नाउँको उपस्थापक, चाला र उपचाला दुई अग्रश्राविका, बोधिवृक्षको नाउँ आमलक, शरीरको उचाई अन्ठाउन्न हात अनि नब्बे सत सहस्र वर्षको आयु थियो ।

**"तत्थेव मण्डकप्पम्हि, अहु सत्था अनुत्तरो ।**
**अनुपमो असमसमो, फुस्सी लोकग्गनायको"ति ॥**

"तब त्यस मण्डकल्पमा, अनुत्तर शास्ता थिए ।


Downloaded from http://dhamma.digital/

अनुपम-असदृश, लोकका नायक फुस्स हुन् ॥"

## (१९) विपस्सी बुद्ध

वहाँको पछि यस कल्प भन्दा एकानब्बे पूर्व भगवान विपस्सी उत्पन्न भए । वहाँको पनि तीन श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपातमा अठसट्ठी सत सहस्र, दोस्रोमा एक सत सहस्र अनि तेस्रोमा असी सत सहस्र भिक्षुहरु थिए । त्यसबेला बोधिसत्व महत्ऋद्धिवान र महाआनुभाव सम्पन्न अतुल नाउँको नाग राजा हुँदा सप्तरत्न जडित स्वर्ण सिंहासन भगवानलाई दान दिएका थिए । वहाँले पनि "अबको एकानब्बे कल्प पछि बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको बन्धुमती नाउँको नगर थियो । पिताको नाउँ बन्धुम राजा, माताको नाउँ बन्धुमती, खण्ड र तिस्स दुई अग्रश्रावक, असोक नाउँको उपस्थापक, चन्दा र चन्दमित्ता दुई अग्रश्राविका, बोधिवृक्षको नाउँ पाटलि, शरीरको उचाई असी हातको, शरीरबाट निस्किने ज्योति सदैव सात योजनसम्म व्याप्त थियो अनि सत सहस्र वर्षको आयु थियो ।

**"फुस्सस्स अपरेन, सम्बुद्धो द्विपदुत्तमो ।**
**विपस्सी नाम नामेन, लोके उप्पज्जि चक्खुमा"ति ॥**

"फुस्सको पछि, नरोत्तम सम्बुद्ध ।
विपस्सी नाउँको प्रसिद्ध, चक्षुवान लोकमा उत्पन्न भए ।"

## (२०) सिखी बुद्ध

वहाँको पछि यस कल्पको एकतीस कल्प पूर्व सिखी र वेस्सभू दुई बुद्ध उत्पन्न भए । सिखीको पनि तीन श्रावक सन्निपात भएको थियो । प्रथम सन्निपातमा सत सहस्र, दोस्रोमा असी सत सहस्र अनि तेस्रोमा सत्तरी सत सहस्र भिक्षुहरु, थिए । त्यसबेला बोधिसत्व अरिन्दम नाउँको राजा हुँदा बुद्ध


Downloaded from http://dhamma.digital/

प्रमुख भिक्षुसंघलाई त्रि चीवर सहित महादान दिई सप्तरत्नद्वारा हात्तीलाई सजाएर गजरत्नको बदला त्यसको मूल्य समान उपयुक्त बस्तुहरु दान दिए । वहाँले पनि "अबको एकतीस कल्प पछि बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको अरुणवती नाउँको नगर थियो । पिताको नाउँ अरुण, माताको नाउँ पभावती, अभिभू र सम्भव दुई अग्रश्रावक, खेमङ्कर नाउँको उपस्थापक, सखिला र पदुमा दुई अग्रश्राविका, बोधिवृक्षको नाउँ पुण्डरीक, शरीरको उचाई सैंतीस हात, शरीरको प्रभा तीन योजनसम्म व्याप्त थियो । सैंतीस सत सहस्र वर्षको आयु थियो ।

**"विपस्सीस्स अपरेन, सम्बुद्धो द्विपदुत्तमो ।**
**सिखिह्वयो नाम जिनो, असमो अप्पटिपुग्गलो"ति ॥**

"विपस्सीको पछि, नरोत्तम सम्बुद्ध ।
भए सीखि नाउँको जिन, असमान-अद्वितीय हुन् ।"

## (२१) वेस्सभू बुद्ध

वहाँको पछि वेस्सभू नाउँको बुद्ध भए । वहाँको पनि तीन श्रावक सम्मेलन भएको थियो । प्रथम सन्निपातमा असी सत सहस्र भिक्षुहरु, दोस्रोमा सत्तरी सत सहस्र अनि तेस्रोमा साठी सत सहस्र भिक्षुहरु थिए । त्यस बेला बोधिसत्व सुदस्सन नाउँको राजा हुँदा बुद्ध प्रमुख भिक्षुसंघलाई त्रि-चीवर सहित भोजनादि महादान दिई, वहाँकोमा नै प्रव्रजित भइकन आचार गुणले सम्पन्न भएर बुद्ध रत्नप्रति औधि नै श्रद्धावान भए । वहाँ भगवानले पनि "अबको एकतीस कल्प पछि बुद्ध हुनेछौ" भनी व्यक्त गर्नु भयो । वहाँ भगवानको भने अनोम नाउँको नगर थियो । पिताको नाउँ सुप्पतित, माताको नाउँ यसवती, सोण र उत्तर दुई अग्रश्रावक, उपसन्त नाउँको उपस्थापक, दामा र समाला दुई अग्रश्राविका, बोधिवृक्षको नाउँ साल, शरीरको उचाई साठी हात अनि साठी सत सहस्र वर्षको आयु थियो ।


Downloaded from http://dhamma.digital/

"तत्थेव मण्डकप्पम्हि, असमो अप्पटिपुग्गलो ।
वेस्सभू नाम नामेन, लोके उप्पज्जि सो जिनो"ति ॥

"तब त्यस मण्डकल्पमा, बेजोड-अद्वितीय ।
वेस्सभु नामका प्रसिद्ध, वहाँ जिन लोकमा उत्पन्न भए ।"

## (२२) ककुसन्ध बुद्ध

वहाँको पछि यस कल्पमा चार बुद्धहरु भए ककुसन्ध, कोणागमन, कस्सप र हाम्रो भगवान । भगवान ककुसन्धको एउटै मात्र श्रावक सन्निपात भयो जसमा चालीस हजार भिक्षुसंघ थिए । त्यसबेला बोधिसत्व खेम नाउँको राजा हुँदा बुद्ध प्रमुख भिक्षुसंघलाई पात्र-चीवर भोजन सहित अंजन आदि दवाईहरु दान दिई शास्ताबाट धर्म देशना श्रवण गरी प्रव्रजित भए । वहाँले पनि बुद्ध हुने कुरा व्यक्त गर्नु भयो । ककुसन्ध बुद्धको खेम नाउँको नगर थियो । पिता अग्गिदत्त नाउँको ब्राह्मण, माता विसाखा नाउँको ब्राह्मणी, विधुर र सञ्जीव दुई अग्र श्रावक, बुद्धिज नाउँको उपस्थापक, सामा र चम्पका दुई अग्र श्राविका, बोधिवृक्षको नाउँ महासिरिस, शरीरको उचाई चालीस हातको अनि चालीस हजार वर्षको आयु थियो ।

"वेस्सभुस्स अपरेन, सम्बुद्धो द्विदुत्तमो ।
ककुसन्धो नाम नामेन, अप्पमेय्यो दुरासदो"ति ।

"वेस्सभूको पछि, नरोत्तम सम्बुद्ध ।
ककुसन्ध नाउँको प्रसिद्ध, अप्रमेय र दुराक्रमणीय हुन् ।"



Downloaded from http://dhamma.digital/

## (२३) कोणागमन बुद्ध

वहाँको पछि कोणगमन नाउँको शास्ता उत्पन्न भए। वहाँको पनि एउटै मात्र श्रावक सन्निपात भयो। जसमा तीस हजार भिक्षुहरु थिए। त्यसबेला बोधिसत्व पब्बत नाउँको राजा हुँदा मन्त्रीहरु सहित शास्ताकहाँ गई धर्म देशना श्रवण गरी, बुद्ध प्रमुख भिक्षुसंघलाई निमन्त्रण गरिकन प्रतूर्ण (वस्त्र), चीनरेशम वस्त्र, कम्बल, लुगाफाटो र स्वर्ण पादुका दान दिई शास्ताकहाँ प्रव्रजित भए। वहाँले पनि त्यसरी नै व्यक्त गर्नु भयो। वहाँ भगवानको सोभवती नाउँको नगर थियो। पिताको नाउँ यञ्ञदत्त ब्राह्मण, माताको नाउँ उत्तरा ब्राह्मणी, भिय्यस र उत्तर दुई अग्र श्रावक, सोत्थिज नाउँको उपस्थापक, समुद्दा र उत्तरा दुई अग्र श्राविका, बोधिवृक्षको नाउँ उदुम्बर, शरीरको उचाई तीस हात अनि तीसहजार वर्षको आयु थियो।

"ककुसन्धस्स अपरेन सम्बुद्धो द्विपदुत्तमो।
कोणागमनो नाम जिनो, लोकजेट्ठो नरासभो"ति॥

"ककुसन्धको पछि, नरोत्तम सम्बुद्ध।
कोणागमन नाउँको जिन, लोक-ज्येष्ठ र नर-श्रेष्ठ हुन्।"

## (२४) कस्सप बुद्ध

वहाँ पछि कस्सप नाउँको शास्ता उत्पन्न भए। वहाँको पनि एउटै मात्र श्रावक सन्निपात भयो। जसमा बीस हजार भिक्षुहरु थिए। त्यसबेला बोधिसत्व जोतिपाल माणवक हुँदा भूमि आकाश सर्वत्र प्रसिद्ध घटिकार नाउँका कुम्भार वहाँको मित्र थियो। ऊ तिनीसंग शास्ताकहाँ गएर धर्म उपदेश श्रवण गरी, प्रव्रंजित भईकन प्रयत्नशील बनी तीनै



Downloaded from http://dhamma.digital/

पिटक[१]लाई सिकेर कर्तव्य-व्रत[२] पूर्ण पालन हुनाले बुद्ध शासन शोभायमान थियो । वहाँले पनि त्यसरी नै व्यक्त गर्नु भयो । वहाँ भगवानको जन्म नगर वाराणसी नाउँको थियो । पिताको नाउँ ब्रह्मदत्त ब्राह्मण, माताको नाउँ धनवती ब्राह्मणी, तिस्स र भारद्वाज दुई अग्र श्रावक, सब्बमित्त नाउँको उपस्थापक, अनुला र उरुवेला दुई अग्र श्राविका, बोधिवृक्षको नाउँ निग्रोध, शरीरको उचाई बीस हातको अनि बीस हजार वर्षको आयु थियो ।

**"कोणागमनस्स अपरेन, सम्बुद्धो द्विपदुत्तमो ।**
**कस्सपो नाम गोत्तेन, धम्मराजा पभङ्करो"ति ॥**

"कोणागमनको पछि, नरोत्तम सम्बुद्ध ।
कस्सप नाउँको गोत्र, धार्मिक राजा र प्रभाकर हुन् ॥"

जुन कल्पमा दसबल दीपङ्कर उत्पन्न भएको थियो, त्यस कल्पमा अन्य तीन बुद्धहरु पनि उत्पन्न भएका थिए । वहाँहरुबाट बोधिसत्वले बुद्ध हुने व्यक्त भएको छैन । त्यसैले यसमा वहाँहरु देखिएन । तर अट्ठकथामा त्यस कल्पको आरम्भ गरी सबै बुद्धहरु यसरी देखाएका छन्–

**"तण्हङ्करो मेधङ्करो, अथोपि सरणङ्करो ।**
**दीपङ्करो च सम्बुद्धो, कोण्डञ्ञो द्विपदुत्तमो ॥**
**"मङ्गलो च सुमनो च, रेवतो सोभितो मुनि ।**
**अनोमदस्सी पदुमो, नारदो पदुमुत्तरो ॥**
**"सुमेधो च सुजातो च, पियदस्सी महायसो ।**
**अत्थदस्सी धम्मदस्सी, सिद्धत्थो लोकनायको ॥**
**"तिस्सो फुस्सो च सम्बुद्धो, विपस्सी सिखि वेस्सभू ।**
**ककुसन्धो कोणागमनो, कस्सपो चाति नायको ॥**

---

[१] सूत्र पिटक, विनय पिटक र अभिधर्म पिटक ।
[२] विहारमा बढारकुँढार गरी सफा सुग्घरादि कार्य सम्पादन ।



Downloaded from http://dhamma.digital/

**"एते अहेसुं सम्बुद्धा, वीतरागा समाहिता ।
सतरंसीव उप्पन्ना, महातम विनोदना ,
जलित्वा अग्गिखन्धाव, निब्बुता ते ससावका"ति ॥**

"तण्हङ्कर, मेधङ्कर अनि सरणङ्कर ।
दीपङ्कर सम्बुद्ध, कोण्डञ्ञ नरोत्तम ॥
"मङ्गल, सुमन, रेवत र सोभित मुनि ।
अनोदस्सी, पदुम, नारद र पदुमुत्तर ॥
"सुमेध, सुजात, पियदस्सी महायशस्वी ।
अत्थदस्सी, धम्मदस्सी र सिद्धत्थ लोकका नायक ॥
"तिस्स, फुस्स, सम्बुद्ध, विपस्सी, सिखि र वेस्सभू ।
ककुसन्ध, कोणागमन, कस्सप नायक हुन् ।
"यहाँहरु हुनुहुन्छ सम्बुद्ध, वीतरागी र समाहित ।
सत रश्मि सरह उत्पन्न भई, महान्धकारलाई हटाए ।
अग्निस्कन्ध झैं जलेर, हुनु भयो श्रावक सहित निर्वाण ।"

त्यसबेला हाम्रा बोधिसत्वले दीपङ्करादि २४ जना बुद्धहरुका सामु अधिकारलाई प्राप्त गरी, चार असंख्य एक लाख कल्प सम्ममा आयो । भगवान कस्सपको पछि यहाँको अतिरिक्त अन्य कोही बुद्ध भएन । यसप्रकार दीपङ्करादि २४ जना बुद्धहरुले जसको बारेमा भविष्य वाणी गरे वहाँ बोधिसत्वको बारेमा जुन यसरी भनिएको छ–

**"मनुस्सत्तं लिङ्गसम्पत्ति, हेतु सत्थारदस्सनं ।
पब्बज्जा गुणसम्पत्ति, अधिकारो च छन्दता ।
अट्ठधम्मसमोधाना, अभिनीहारो समिज्झती"ति ॥** (बु० वं० २.५९)

"मनुष्यत्व, लिङ्ग (पुरुष) सम्पत्ति, हेतु र शास्ताको दर्शन ।
प्रव्रज्या, गुण सम्पत्ति, अधिकार र ईच्छा हुनु ।
यी आठ कुरामा मेल हुँदा, संकल्प सफल हुन्छ ॥"



Downloaded from http://dhamma.digital/

यी आठ विषयमा राम्रोसंग विचार पुऱ्याई दीपङ्करको पादमूलमा संकल्प गर्नु भयो– "ल त ! बुद्ध कारक विषयमा जहाँ कहीँबाट खोज्नेछु ।" उत्साहित भई खोज्दाखेरी प्रथम त दानपारमिलाई देखे । दानपारमितादि बुद्ध कारक विषयलाई देखे । त्यसलाई पूर्ण गर्दै जाँदा वेस्सन्तरको जन्म सम्म आए । अन्य वोधिसत्वहरुले गरिआएका जुन कि त्यो संकल्पको सफलतामा वर्णित यसप्रकार छन्–

**"एवं सब्बङ्गसम्पन्ना, बोधिया नियता नरा ।**
**संसरं दीघमद्धानं, कप्पकोटिसतेहिपि ॥**
**"अवीचिम्हि नुप्पज्जन्ति, तथा लोकन्तरेसु च ।**
**निज्झामतण्हा खुप्पिपासा, न होन्ति कालकञ्जका ॥**
**"न होन्ति खुद्दका पाणा, उप्पज्जन्तापि दुग्गतिं ।**
**जायमाना मनुस्सेसु, जच्चन्धा न भवन्ति ते ॥**
**"सोतवेकल्लता नत्थि, न भवन्ति मूगपक्खिका ।**
**इत्थिभावं न गच्छन्ति, उभतोब्यञ्जन पण्डका ॥**
**"नभवन्ति परियापन्ना, बोधिया नियता नरा ।**
**मुत्ता आनन्तरिकेहि, सब्बत्थ सुद्धगोचरा ॥**
**"मिच्छादिट्ठिं न सेवन्ति, कम्मकिरियदस्सना ।**
**वसमानापि सग्गेसु, असञ्ञं नूपपज्जरे ॥**
**"सुद्धावासेसु देवेसु, हेतुनाम नविज्जति ।**
**नेक्खम्मनिन्ना सप्पुरिसा, विसंयुत्ता भवाभवे ।**
**चरन्तिलोकत्थचरियायो, पूरेन्ति सब्बपारमी"ति ॥**

"यसरी सर्वाङ्ग सम्पन्न, बोधि प्राप्तमा निश्चित भएका नरहरु ।
दीर्घकाल आवागमनको , कोटि सत सहस्रमा पनि ॥
"भएन उत्पन्न अवीचि[1] नरकमा, त्यसरी नै लोकान्तर[2]मा पनि ।

---

[1] एक पल पनि सुख लिन नपाउने नर्क ।
[2] तीन चक्रवालको बीचमा रहेको अत्यन्तै शीत-नर्क ।



Downloaded from http://dhamma.digital/

भोक-प्यास लाग्नेनिज्झाम-तृष्णा[३]कालकञ्जका[४]मा पनि जन्मेन॥
"क्षुद्र जीवको रुपमा जन्मेन, दुर्गति[५]मा जन्मे पनि।
मनुष्य योनिमा जन्म लिंदा, जन्मान्ध भएन ऊ ॥
"बहिरा हुनु परेन, गुँगो पनि हुनु परेन।
परेन लिनु स्त्री रुप, न त दुवै लिङ्ग भएका न त नपुंसक ॥
"नजन्मिने हुन्छ उक्त योनिमा, बोधि निश्चित हुने नरहरु।
आनन्तरिक[६] कर्म नगर्ने हुन्छ, हुन्छ सर्वत्र शुद्ध गोचरका ॥
"मिथ्यादृष्टिमा नपर्ने हुन्छ, कर्म क्रिया[७] दर्शी हुन्छ।
स्वर्ग लोकमा उत्पन्न भएता पनि, हुँदैन उत्पन्न असंज्ञी[८]मा ॥
"शुद्धावास[९]को देवमा, उत्पन्न हुने कारण पनि छैन।
नैष्क्रम्यमा झुकाउ हुने सत्पुरुष, हुन्छ विसंयुक्त भवाभवमा।
विचरण गर्ने हुन्छ लोक हितार्थ, गर्छ पारमितालाई पूर्ण ॥"

## (१) दानपारमिता

यी शुभपरिणामलाई हासिल गर्दै नै आए। पारमितालाई पूर्ण गर्दै अकित्ति ब्राह्मण कालमा, सङ्ख ब्राह्मण कालमा, धनञ्चय राजाको कालमा, महासुदस्सन कालमा, महागोविन्द कालमा, निमि महाराज कालमा, चन्दकुमार कालमा, विसह्य श्रेष्ठि कालमा, सिवि राज कालमा अनि

---

[३] भोक र प्यासले सदाकाल छट्पटिनु पर्ने प्रेत लोक।

[४] भयभीत वा त्रसित भई सदाकाल बस्नु पर्ने असुर लोक।

[५] पशु-पंक्षीको ससाना योनि।

[६] मातृ हत्या, पितृ हत्या, अर्हत हत्या, बुद्धको शरीरबाट रगत बगाउने, संघमा भेद गर्ने। यी पाँच कर्मलाई आनन्तर कर्म भनिन्छ। यस कर्मको फल अवश्य नै भोग्नु पर्ने हुन्छ।

[७] कर्म र कर्म फललाई मान्ने।

[८] रुपलोक मध्यमा एक।

[९] अनागामी फल प्राप्त गर्ने व्यक्ति पुन यस लोकमा नआई शुद्धावास लोकमा उत्पन्न भई त्यहीं नै आवागमन बाट मुक्त हुन्छ।



Downloaded from http://dhamma.digital/

वेस्सन्तर कालमा दान पारमिता पूर्ण गर्नमा लागेको त चरम सीमा होइन। सस पण्डित जातकमा त पूर्ण रुपले नै गरियो–

"भिक्खाय उपगतं दिस्वा, सकत्तानं परिच्चजिं।
दानेन मे समो नत्थि, एसा मे दानपारमी"ति ॥ (चरिया० १. तस्सुद्दान)

"देखेंर भिक्षार्थ आएको आफूकहाँ, परित्याग गरें आफ्नै शरीर।
दान दिनमा छैन म समान, हो यही नै मेरो दान पारमिता ॥"

त्यसप्रकारले शरीर परित्याग गरिएको दान पारमिता नै परमत्थ पारमिता हो।

## (२) सीलपारमिता

त्यसप्रकारले नै चम्पेय्य नागराजा, भूरिदत्त नागराजा, छद्दन्त नागराज, जयद्दिस राज पुत्र र अलीनसत्तु कुमारको जन्ममा सील पारमिता पूर्ण गरेको त चरम सीमा होइन। सङ्खपाल जातकमा त पूर्ण रुपले नै गरियो–

"सूलेहि विज्झियन्तोपि, कोट्टियन्तोपि सत्तिहि।
भोजपुत्ते न कुप्पामि, एसा मे सीलपाररमी"ति ॥ (चरिया० २. ९१)

"शूलद्वारा घोचि दिएता पनि, बर्छिले प्रहार गरिएता पनि।
भोजपुत्रप्रति भइन कुपित, यही नै हो मेरो शील पारमिता ॥"

त्यसप्रकारले शरीर परित्याग गरिएको शील पारमिता नै परमत्थ पारमिता हो।



Downloaded from http://dhamma.digital/

## (३) नेक्खमपारमिता

त्यसप्रकारले नै सोमनस्स कुमार भएको बेला, हत्थिपाल कुमार भएको बेला, अयोधर पण्डित भएको बेला महा राज्यलाई परित्याग गरेको त चरम सीमा होइन । चूलसुतसोम जातकमा त पूर्ण रुपले नै गरियो–

**"महारज्जं हत्थगतं, खेलपिण्डंव छड्डयिं ।**
**चजतो न होति लग्गं, एसा मे नेक्खम्मपारमी"ति ॥**

"हातमा आएको महा राज्य, थूकलाई झैं त्यागें ।
आसक्त रहेन त्यागी दिंदा, यही नै हो मेरो नैष्कम्य पारमिता ॥"

"त्यसप्रकारले निर्लिप्त भई, राज्य त्याग गरी निस्किनु र कामना रहित हुनु, नैष्कम्य पारमिता नै परमत्थ पारमिता हो ।

## (४) पञ्ञापारमिता

त्यसप्रकारले नै विधुर पण्डित, महागोविन्द, कुद्दाल पण्डित, अरक पण्डित, बोधि परिब्राजक र महोसध पण्डितको जन्ममा पञ्ञा पारमिताको चरम सीमा होइन । सत्तुभस्तक जातकमा सेनक पण्डित जन्ममा त पूर्ण रुपले नै गरियो–

**"पञ्ञाय विचिनन्तोहं, ब्राह्मणं मोचयिं दुखा ।**
**पञ्ञाय मे समो नत्थि, एसा मे पञ्ञापारमी"ति ॥**

"प्रज्ञाद्वारा चिन्तन गर्दा मैले, दुःख मुक्त गरी दिएं ब्राह्मणलाई ।
छैन म समान प्रज्ञामा, यही नै हो मेरो प्रज्ञा पारमिता ॥"



Downloaded from http://dhamma.digital/

थैली भित्र रहेको साँप देखाई दिन सक्ने प्रज्ञा पारमिता नै परमत्थ पारमिता हो ।

## (५) वीरियपारमिता

त्यसप्रकारले नै वीर्य पारमितादि पनि पारमिताको परम सीमा होइन । महाजनक जातकमा त पूर्ण रुपले नै गरियो–

**"अतीरदस्सी जलमज्झे, हता सब्बेव मानुसा ।**
**चित्तस्स अञ्ञथा नत्थि, एसा मे वीरियपारमी"ति ॥**

"जल बीचमा पर्नाले किनारा नदेख्दा, मरे सबै मानिसहरु ।
भएन (मेरो) मनमा अन्यथा, यही नै हो मेरो वीर्यपारमिता ॥"

यसरी महा समुद्रलाई पार गरिएको वीर्य पारमिता नै परमत्थ पारमिता हो ।

## (६) खन्तिपारमिता

खन्तिवाद जातकमा–

**"अचेतनंव कोट्टेन्ते, तिण्हेन फरसुना ममं ।**
**कासिराजे न कुप्पामि, एसा मे खन्तिपारमि"ति ॥**

"काटि रहँदा अचेतनलाई जस्तै, धारिलो फर्साले मलाई ।
भइन कुपित काशी राजाप्रति, यही नै हो मेरो क्षान्ति पारमिता ॥"

त्यसप्रकारले अचेतन जस्तै भई महादुःखलाई सहन सक्नु क्षान्ति पारमिता नै परमत्थ पारमिता हो ।



Downloaded from http://dhamma.digital/

## (७) सच्चपारमिता

महासुतसोम जातकमा–

"सच्चवाचं अनुरक्खन्तो, चजित्वा मम जीवितं।
मोचेसिं एकसतं खत्तिये, एसा मे सच्चपारमी"ति ॥

"गर्दै रक्षा सत्यवाचालाई, गरें परित्याग मेरो जीवन।
मुक्त गरें एक सय क्षत्रियहरु, यही नै हो मेरो सत्य पारमिता ॥"

त्यसप्रकारले जीवनलाई परित्याग गरी सत्यलाई पालन गर्न सक्नु सत्य पारमिता नै परमत्थ पारमिता हो।

## (८) अधिट्ठानपारमिता

मूगपक्ख जातकमा–

"माता पिता न मे देस्सा, नपि मे देस्सं महायसं।
सब्बञ्ञुतं पियं मय्हं, तस्मा वतमधिट्ठहि"ति ॥ (चरिया० ३.६ थोकं विसदिसं)–

"न त छ मेरो माता पिताप्रति द्वेष, न त छ मेरो महायशप्रति द्वेष।
मलाई सर्वज्ञता नै प्रिय छ, यसैले गरें यो व्रतको अधिष्ठान ॥"

त्यसप्रकारले जीवनलाई परित्याग गरी व्रतलाई अधिष्ठान गर्न सक्नु अधिष्ठान पारमिता नै परमत्थ पारमिता हो।



Downloaded from http://dhamma.digital/

## (९) मेत्तापारमिता

एकराज जातकमा–

**"न मं कोचि उत्तसति, नपिहं भायामि कस्सचि ।**
**मेत्ताबलेनुपत्थद्धो, रमामि पवने तदा"ति ॥ (चरिया० ३.११३)**

"न त मलाई कसैले तर्साउँछ, न त म कसैसंग डराउँछु ।
हुन्छु म निर्भर मैत्री बलमा, तब म रमाउँदछु वनमा ॥"

त्यसप्रकारले जीवनलाई पनि परवाह नगरी मैत्री गर्न सक्नु मैत्री पारमिता नै परमत्थ पारमिता हो ।

## (१०) उपेक्खापारमिता

लोमहंस जातकमा–

**"सुसाने सेय्यं कप्पेमि, छवट्ठिकं उपधायहं ।**
**गामण्डला उपागन्त्वा, रूपं दस्सेन्तिनप्पक"न्ति ॥ (चरिया० ३.११९)**

"सुत्ने गर्छु मसानमा, शव-हड्डिको सिरानी लगाउँदछु मैले ।
ग्वालाहरु आएर, देखाउँदछन् अनेकौं रुप ॥"

त्यसप्रकारले गाउँका बच्चाहरुले थुक्नु आदि गर्दा पनि माला गन्ध आदिद्वारा सुख वा दुःख दिंदा पनि उपेक्षालाई उल्लंघन नगर्नु उपेक्षा पारमिता नै परमत्थ पारमिता हो । यो त भयो संक्षेपमा, विस्तृत रुपले चाहेमा चरिया पिटक हेर्नु पर्छ । यसरी पारमिहरुलाई पूर्ण गर्दै वेस्सन्तरको जन्ममा त–


Downloaded from http://dhamma.digital/

"अचेतनायं पथवी, अविञ्ञाय सुखं दुखं ।
सापि दानबला मय्हं, सत्तक्खत्तुं पकम्पथा"ति ॥ (चरिया० १.१२४)

"यो अचेतन पृथ्वी, सुख दुःखमा अविज्ञ ।
त्यो पनि मेरो दानबलद्वारा, भयो प्रकम्पित सात पटक ॥"

यसरी पृथ्वीलाई प्रकम्पित गर्दै महापुण्य गरी, आयुको समाप्ति पछि तुसित भवनमा जन्मिनु भयो । यरप्रकारले दीपङ्करको पादमूलमा परेको देखि लिएर यावत् जुन यो तुसितपुरमा जन्म लिएको हो, त्यहाँ सम्मको कथालाई दूरे निदान भनी जान्नु पर्छ ।

दुरे निदान कथा समाप्त ।



Downloaded from http://dhamma.digital/

## कल्प

कल्प चारप्रकारका छन्– १. आयु कल्प, २.अन्तर कल्प, ३.असंख्य कल्प, ४. महाकल्प।

१. त्यस त्यस भूमिहरुमा परिच्छिन्न आयु परिमाण त्यस त्यस भूमिकालाई 'आयु: कल्प' भनिन्छ।

२.असंख्य कल्पबाट बिस्तारै बिस्तारै कम हुँदै दस वर्षसम्मको आयु: प्रमाणसम्म आउने, पुन दस वर्ष देखि आयु: प्रमाण बिस्तारै बिस्तारै असंख्य कल्पसम्म पुग्नु। यसप्रकारले आयु एक अवरोह आरोहयुगललाई अन्तर कल्प भनिन्छ।

३. यसप्रकारको ६४ अन्तर कल्पको एक असंख्य कल्प हुन्छ।

४. चार असंख्य कल्पको एक महाकल्प हुन्छ।

असंख्य कल्प चारपप्रकारका छन्–१. संवट्ट, २.संवट्टट्ठायी, ३.विवट्ट र ४विवट्टट्ठायी। (विस्तृतको लागि हिन्दि अभिधम्मत्थसङ्गहको दोस्रो भागमा रहेको ४९६ पृष्ठमा हेरौं)।

## दस बल

१. **"ठानञ्च ठानतो अट्ठानञ्च अट्ठानतो यथाभूतं पजानाति"=** स्थानलाई स्थान, अस्थानलाई अस्थान (कारणलाई कारण, अकारणलाई अकारण) यथार्थ सहित जान्दछ।

२. **"अतीतानागत पच्चुप्पन्नानं कम्मसमादानानं ठानसो हेतुसो विपाकं यथाभूतं पजानाति"=** अतीत, अनागत र वर्तमानको कर्मको स्वरुपलाई, कारणलाई अनि प्रतिफललाई यथार्थ सहित जान्दछ।

३. **"सब्बत्थगामिनि पटिपद यथाभूतं पजानाति=** सर्वत्रगामी मार्गलाई यथार्थ सहित जान्दछ।

Downloaded from http://dhamma.digital/

४. **"अनेकधातुं नानाधातुं लोकं यथाभूतं पजानाति"**= अनेक धातु नाना धातुको लोकलाई यथार्थ सहित जान्दछ ।

५. **"सत्तानं नानाधिमुत्तिकतं यथाभूतं पजानाति**= प्राणीका प्रवृत्तिलाई यथार्थ सहित जान्दछ ।

६. **"परसत्तानं परपुग्गलानं इन्द्रियपरोपरियत्तं यथाभूतं पजानाति"**= अन्य प्राणीहरुका तथा अन्य व्यक्तिहरुका श्रद्धादि इन्द्रियहरु कमी र अधिक भएकोलाई यथार्थ सहित जान्दछ ।

७. **"झानविमोक्खसमाधिसमापत्तीनं संकिलेसं वोदानं वुत्थानं यथाभूतं पजानाति"**= ध्यान, विमोक्ष, समाधि र समापत्तिको क्लेश, परिशुद्ध र उठने आदिलाई यथार्थ सहित जान्दछ ।

८. **"अनेकविहितं पुब्बेनिवासं अनुस्सरति"**= अनेकौं पूर्व जन्मका कुरालाई अनुस्मरण गर्नसक्छ ।

९. **"दिब्बेन चक्खुमा विसुद्धोअतिक्कन्त मानुसकेन यथाकम्मूपगे सत्ते पजानाति"**= विशुद्ध, मनुष्यको भन्दा पनि उत्तम दिव्य चक्षुले यथा कर्मानुसारको गतिलाई जान्नसक्छ ।

१०. **"आसवानं खया अनासवं चेतोविमुत्ति, पञ्ञाविमुत्तं दिट्ठेव धम्मे सयं अभिञ्ञा सच्छिकत्वा उपसम्पज्ज विहरति"**= आश्रवलाई क्षय गरी अनाश्रवी भई चित्त विमुक्ति, प्रज्ञा विमुक्तिको दृष्टान्त धर्मलाइ स्वयंबाट अभिज्ञात, साक्षात्कार तथा लाभ गरेको हुन्छ । (विस्तृतको लागि अङ्गुत्तर निकायमा रहेको ३. वग्गको १. सीहनादसुत्तं हेरौं ) ।

## बत्तीस महापुरुष लक्षण

१. **"सुप्पतिट्ठित पादो होति"**="भगवान बुद्धको पाद सुप्रतिष्ठित छन् ।"

२ . **"हेट्ठा पादतलेसु चक्कानि जातानि होन्ति सहस्सारानि अनेकानि नाभिकानि सब्बाकार परिपूरानि होति"** = "पैतलामा सहस्र तेर्सो चिन्ह, भित्री, बाहिरी घेरा चिन्ह र नाभिसहित सर्वप्रकारले परिपूर्ण चिन्ह छन ।"

Downloaded from http://dhamma.digital/

३. **"आयातपाण्हि होति"**= "कुर्कुच्चा लामा छन् ।"
४. **"दीघङ्गुलि होति"**= "औंलाहरु लामा छन् ।"
५. **"मुदुलुनहत्यपादो"**="मृदु-तरुण-हस्त-पाद छन् ।"
६. **"जालहत्यपादो होति"**= "जाल हस्त-पाद -औंलाहरु बराबर) छन् ।"
७. **"उस्सङ्खपादो"**= "गोली गाँठा माथि छन् ।"
८. **"एणिजङ्घो होति"**="मृगको जस्तो कम्मर (एणिजङ्घ) छ ।"
९. **"ठितकोव अनोमन्तो उभोहि पाणितलेहि जण्णुकानि परिसति परिमज्जति"**= "न निहुरिकन उभिएर नै भगवान् ले दुवै घुँडा हातले छुन सक्छ ।"
१० **"कोसोहित्य गुह्यो होति"**= "पुरुषेन्द्रिय प्रतिच्छन्न छ ।"
११. **"सुवण्णवण्णो होति, कञ्चनसन्निभत्तचो"**="सुवर्ण वर्ण समान कञ्चन त्वचा छ ।"
१२. **"सुखुमच्छवि होति, सुखुमत्ताछविया रजोजल्ल काये न उपलिम्पति"**= "छवि सूष्म छ, छवि सूष्म भएको हुनाले शरीरमा धूलो तासिंदैन ।"
१३. **"एकेक लोमो होति, एकेकानि लोमानि लोमकूप्सु जातानि"**= "एउटा रोम कूपमा एउटै मात्र रौं छ ।
१४. **"उद्धग्ग लोमो होति, उद्धग्गानि लोमानि जातानि नीलानि अञ्जन वण्णानि कुण्डलवट्टानि"**= रोम उध्वार्ग्र छ । ती रोमहरु नीला छन्, दाहिनेबाट घुमिएर टुप्पा माथितिर फर्केका छन् ।
१५. **"ब्रह्मजुगत्तो होति"**= "ब्रह्म ऋजु अर्थात शरीर सीधा छ ।
१६ .**"सत्तुस्सदो होति"**="दुइ हात, दुइ खुट्टा, दुइ काँध रआँगसहित गर्धन यी सप्तस्थान पुष्ट छन् ।
१७. **"सीह पुब्बद्ध कायो होति"**="सिंह पूर्वार्ध काय अर्थात सिंहको जस्तै पूर्वार्ध काय चौडा छ ।
१८. **"चितन्तरंसो होति"**= अर्थात दुवै काँध परिपुष्ट छ ।

Downloaded from http://dhamma.digital/

१९. "**निग्रोधो परिमण्डलो होति, यथावतक्वस्स कायो तावतक्वस्स ब्यामो यावतक्वस्स ब्यामो तावतक्वस्स कायो होति**"="न्यग्रोध परिण्डल झैं जति आँङको उचाइ छ, त्यति नै चौडाइ छ।

२०. "**समवट्टक्खन्धो होति**"="समवर्ति स्कन्ध अर्थात राम्ररी गोल परेको गर्धन छ।

२१. "**रसग्गसग्गी होति**"="रसग्गसग्गी अर्थात तुरन्तै स्वाद हरण गर्न सक्ने जिभ्रो छ।

२२.**सीहहनु होति**"= "सिंहको जस्तो हनु छ।

२३.**चत्तालीसो दन्तो होति**"= "चालिसवटा दन्त छन्।

२४. **समोदन्तो**"= "सम दन्त छन्।

२५. "**अविरलदन्तो**"="दन्तहरुमा छिद्र नपरेका-टन्न मिलेका छन्।

२६. "**सुसुक्कदाठो**"=दन्त सेता छन्।

२७. "**पहूतविह्वो**"="जिभ्रो लामो छ।

२८. **ब्रह्मस्सरो होति,करवीकभाणी**"="ब्रह्मस्वर छ, कोकीलको जस्तै स्वर छ।

२९."**अभिनीलनेत्तो होति**"= "अभिनिल (आलस फूलको जस्ता) नेत्र छन्।

३०. "**गोपमुखो**"= "बाछाको जस्तो परेला छन्।

३१. "**उण्णाभमकन्तरे जाता होति**"="भमुकन्तरमा (न्हातिकामा) मसीनो, कपास जस्तो सेतो, नरम रोमराजी छ।

३२. "**ओदात मुदुतूलसन्निभा**"="उष्णीष शीर्ष अर्थात मुकुट जस्तो शीर छ।

"उक्त बत्तीस महापुरष लक्षणहरुले बुद्ध सुसम्पन्न हुनुहुन्छ।"

## असी अनुव्यञ्जन

१. **चित्तङ्गुलिता**= राम्रा औंलाहरु भएका।

२. **अनुपुब्बङ्गलिता**= क्रम मिलेका औंलाहरु भएका।

Downloaded from http://dhamma.digital/

३. **वट्टङ्गुलिता=** गोल परेका औंलाहरु भएका ।
४. **तम्ब नखता=** ताम्र वर्ण जस्तो नङ भएका ।
५. **तुङ्ग नखता=** पुष्ट नङ भएका ।
६. **सिनिद्ध नखता=** स्निग्ध नङ भएका ।
७. **निग्गुल्ह गोप्फरता=** स्पष्ट र पुष्ट गोली गाँठा भएका ।
८. **समपादा=** सम्म मिलेका पैतालाहरु भएका ।
९. **गजसमानक्कमता=** गज समान हिंडाई भएका ।
१०. **सीहसमानक्कमता=** सिंह समान हिंडाई भएका ।
११. **हंससमानक्कमता=** हंस समान हिडाई भएका ।
१२. **उसभसमानक्कमता=** ऋषभ समान हिंडाई भएका ।
१३. **दक्खिणवत्तगतित्ता=** दक्षिणावर्त गति भएका ।
१४. **समन्ततो चारु जानुमण्डलता=** सुन्दर गोलाकार घुँडाहरु भएका ।
१५. **परिपुण्ण पुरुष व्यञ्जनता=** परिपूर्ण पुरुष व्यञ्जन भएका ।
१६. **अच्छिद्द नाभिता=** छिद्र नभएको नाभिस्थान भएका ।
१७. **गम्भिर नाभिता=** गहिरो नाभिस्थान भएका ।
१८. **दक्खिणावत्तनाभिता=** दाहिनेतिरबाट भुमरी परेको नाभिस्थाभएका ।
१९. **द्विरजकरसदिस उरुगजता=** हात्तीको सूँढ जस्तै तिग्राहरु भएका ।
२०. **सुविभत्तगतत्ता=** सविभक्त शरीर भएका ।
२१. **अनुपुब्बगतत्ता=** क्रममिलेका शरीर भएका ।
२२. **मट्टगतत्ता=** चिल्लो र सफा शरीर भएका ।
२३. **अनुसन्नानुसन्नगतत्ता=** घटी बढी नभई परिपूर्ण शरीर भएका ।
२४. **अलीन गतत्ता=** न ढल्किएको शरीर भएका ।
२५. **तिलकादि रहितगतत्ता=** कुनै पनि कोठी वा दाग नभएको शरीर भएका ।
२६. **अनुपुब्बरुचिरगतत्ता=** क्रमानुसार मनोहर शरीर भएका ।
२७. **विसुद्धगतत्ता=** विशुद्ध शरीर भएका ।
२८. **कोटिसहस्स हत्थिबल धारणता=** सतसहश्र कोटि हात्तीका बल धारण गर्न सक्ने शरीर भएका ।

Downloaded from http://dhamma.digital/

२९. तुङ्गनासता= उन्नत नाक भएका ।
३०. सुरत्तद्विजम.सता= सुरक्त गिजा भएका ।
३१. सुद्धदन्तता= शुद्ध दाँतहरु भएका ।
३२. सिनिद्धदन्तता= स्निग्ध दाँतहरु भएका ।
३३. विसुद्धिन्द्रिया= विशुद्ध इन्द्रियहरु भएका ।
३४. वट्टदाठटा= गोलाकार दाँतहरु भएका ।
३५. रत्तोट्ठता= राता ओठ भएका ।
३६. आयतन वदता= लामो मुख भएका ।
३७. गम्भीरपाणिलेखनता= गम्भीर पाणी रेखा भएका ।
३८. आयत लेखता= लामा रेखा भएका ।
३९. उजुक लेखता= सीधा रेखा भएका ।
४०. सुरुचिर सण्ठान लेखता= मनोहर चिन्ह रेखा भएका ।
४१. परिमण्डलकायप्पभावन्तता= चारैतिरबाट काय प्रभामण्डल भएका ।
४२. परिपुण्ण कपोलता= पुष्ट गाला भएका ।
४३. आयत विसालनेत्तता= लामा र विशाल नेत्रहरु भएका ।
४४. पञ्चप्पसाद वन्तनेत्तता= पञ्चप्रसाद युक्त नेत्र (तेज युक्त) भएका ।
४५. आकुञ्चितग्गपखुमता= परेलाको अग्र भाग माथि तिर फर्केका ।
४६. मुदुतनुकरत्त जिह्वता= मृदु तथा पातलो जिभ्रोभएका ।
४७. आयत रुचिर कण्णता= लामा लामा मनोहर कानहरु भएका ।
४८. निगण्ठि सिरसमता= लट्टा नपरेको केश भएका ।
४९. निग्गुह्ल सिरसता= न जोल्टिएको केश भएका ।
५०. छत्तनिभचारुसीसता= छत्र जस्तै मनोहर शीर भएका ।
५१. आयत पुथुल ललाट सोभनता= लम्बाई र चौडाईले सुशोभित निदार भएका ।
५२. सुसण्ठान भमुकता= सुसंस्थित आँखिभौं भएका ।
५३. सण्ह भमुकता= नरम आँखिभौं भएका ।
५४. अनुलोम भमुकता= आँखिभौंका रौंहरु क्रम मिलेका ।

Downloaded from http://dhamma.digital/

५५. महन्त भमुकता= ठूला ठूला आँखिभौँहरु भएका ।
५६. आयत भमुकता= लामा लामा आँखिभौँहरु भएका ।
५७. सुखुमालगतत्ता= कोमल शरीर भएका ।
५८. अतिविय सोम्मगतत्ता= अत्यन्त सौम्य शरीर भएका ।
५९. अतिविय उज्जलित गतत्ता= अत्यन्त उज्वल शरीर भएका ।
६०. विमल गतत्ता= निर्मल शरीर भएका ।
६१. कोमल गतत्ता= कोमल शरीर भएका ।
६२. सिनिद्ध गतत्ता= स्निग्ध शरीर भएका ।
६३. सुगन्ध गतत्ता= सुगन्धित शरीर भएका ।
६४. सम लोमता= एकनासे रौंहरु भएका ।
६५. कोमल लोमता= कोमल रौंहरु भएका ।
६६. दक्खिणवट्ट लोमता= दाहिनेतिर घुम्रेका रौंहरु भएका ।
६७. भिन्नञ्जनसदिस नील लोमता= अञ्जनवर्ण समान छुट्टिएका रौहरु भएका ।
६८. सिनिद्ध लोमता= स्निग्ध रौंहरु भएका ।
६९. अतिसुखुम अस्सासपस्सासधारणता= अत्यन्त सुक्ष्म आश्वास-प्रश्वास भएका ।
७०. सुगन्ध मुखता= सुगन्धित मुख भएका ।
७१. सुगन्धमुद्धनता= सुगन्धित शीर भएका ।
७२. सुनील केसता= सुनील केश भएका ।
७३. दक्खिणवट्ट केसता= दाहिनेतिर धुमेका केश भएका ।
७४. सुसण्ठान केसता= राम्ररी बसेका केश भएका ।
७५. सिनिद्ध केसता= स्निग्ध केश भएका ।
७६. सण्ह केसता= नरम केश भएका ।
७७. अतुलित केसता= न गुटमुटिएका केश भएका ।
७८. सम केसता= बराबर मिलेका केश भएका ।
७९. कोमल केसता= कोमल केश भएका ।

Downloaded from http://dhamma.digital/


८०. केतुमाल रतन रञ्जितता= रत्न रञ्जित केतुमाल जस्तै शीरको टुप्पो भएका ।

Downloaded from http://dhamma.digital/

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# अनुवादकको संक्षिप्त परिचय



नाम : भिक्षु बोधिसेन महास्थविर

जन्म मिति : बि.सं. २००७ माघ २५ गते

जन्म स्थान : गाबहाल, पाटन

गृहस्थ नाम : बुद्धरत्न बज्राचार्य

पिताको नाम : महन्त बज्राचार्य

माताको नाम : केशरी बज्राचार्य

आफू ६ वर्षको हुँदा पिता महन्त बज्राचार्य सहित दुबै माता (जेठी आमा र कान्छी आमा) ले गृह त्याग गरेर कुशिनगरमा भिक्षु चन्द्रमणि महास्थविरका आचार्यत्वमा प्रव्रजित जीवन ग्रहण गर्नु भयो । उहाँहरुका नै अनुकरण गरी २०३२ साल बैशाख महिनामा भिक्षु अतुलसेन महास्थविरका आचार्यत्वमा बहुजन बौद्ध आनन्द विहार सोनादा, दार्जीलिङ्गमा श्रामणेर हुनुभयो ।

उपसम्पदा (पूर्ण भिक्षु) : २०२०/७/२१ का दिन मालनदी उदक सीमा

उपाध्याय : भिक्षु धर्मधर महास्थविर

आचार्य : भिक्षु अतुलसेन महास्थविर

## निर्माण कार्य

१. विहार निर्माण सदस्य : सोनादा, बहुजन बौद्ध आनन्द विहार (भारत)

२. विहार जिर्णोद्वार : माल, बौद्ध संघाश्रम (भारत)

३. विहार जिर्णोद्वार प्रमुख : बनेपा, सुदर्शन

४. विहार संस्थापक : बनेपा, बोधिचर्या

शिक्षा : कक्षा ९, दार्जीलिङ्ग

धार्मिक शिक्षा : सूत्र र विनय विशारद (बि.ए.)

भ्रमण : भारत, भुटान, बर्मा, थाइल्याण्ड, श्रीलंका

संस्था : अखिल नेपाल भिक्षु महासंघ अध्यक्ष, बुद्धजयन्ती समारोह समिति बनेपाका धर्मानुशासक, बोधिचर्या ज्ञानमाला भजन संघका धर्मानुशासक र बोधिचर्या परियत्तिको केन्द्राध्यक्ष ।

इच्छा : धर्म प्रचार, धर्म ग्रन्थहरु लेख्ने र मित्रता ।

Downloaded from http://dhamma.digital/